# बित्थडचिर गाउँपालिका आधारभूत तह (कक्षा १-८) को स्थानीय पाठ्यक्रम


बित्थडचिर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

देउलेख,बझाङ

सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रकाशकः बित्थडचिर गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

**शिक्षा, युवा तथा खेलकुद शाखा**

देउलेख, बझाङ।

©सर्वाधिकारःबित्थडचिर गाउँपालिका

बित्थडचिर गाउँपालिकाको लिखित स्वीकृतिविना यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन । पाठ्यक्रम सम्बन्धमा सुझाव भएमा गाउँपालिका शिक्षा शाखामा पठाइ दिनुहुन अनुरोध छ।

प्रथम संस्करण : २०७९

दोस्रो संस्करणः२०८०

**संरक्षकः**

गाउँपालिका अध्यक्ष, उपाध्यक्ष एवम् जनप्रतिनिधीहरु

## मस्यौदा लेखन समितिः

| | | |
|---|---|---|
| मदनबहादुर बम | इन्द्रबहादुर मल्ल | धनबहादुर बिष्ट |
| विष्णु सिंह बोहरा | राजेन्द्र प्रसाद भट्ट | रामबहादुर बोहरा |
| जयबहादुर बोहरा | सुमिना खत्री | सरस्वती अवस्थी |
| रेवती चन्द | लालबहादुर बोहरा | लक्ष्मीप्रसाद अवस्थी |
| विष्णुदत्त जोशी | शालिभान खड्का | प्रेमबहादुर स्याँडा |
| दान बहादुर विक | अम्बादत्त जोशी | हिक्मत स्याँडा |
| गणेश बहादुर बोहरा | प्रशान्त कुमार बोहरा | |

**संयोजनः**

रमेशबहादुर बिष्ट

नरबहादुर धामी

योगेन्द्र धामी

मुद्रणः ए.डी. प्रिन्टिङ्ग हाउस

धनगढी, कैलाली (मो.नं. ९७६९९२५०००)

# प्राक्कथन

समयको परिवर्तन सँगसँगै गतिशील समाजका आवश्यकताहरु पनि परिवर्तन हुने गर्दछन् ।बढ्दो विश्व व्यापीकरण तथा भूमण्डलीकरणको प्रभाव, सूचना प्रविधिको उच्च प्रयोगले आज विश्व एक छानाजस्तै भएको छ । संसारका हरेक कुनामा रहेका ऐतिहासिक, भाषिक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक सम्पदाबारे मान्छे जानकार हुन चाहन्छ । कुनै न कुनै माध्यमबाट आफ्नो स्थानीयतालाई विश्व बजारमा पुऱ्याइ आफ्नो मौलिक पहिचान गरी लाभ लिन चाहन्छ ।संवैधानिक रुपमै नेपाल २०७२ सालबाट संघीयतामा गइसकेको र हरेक क्षेत्रमा विकेन्द्रीकरणको सुरुवात भएको छ ।राज्यको शासकीय स्वरुप अब केन्द्रबाट प्रदेश र स्थानीय तहमा समेत हस्तान्तरित भएको अवस्थामा राज्यका तीन वटै तहले आ-आफ्नो क्षेत्रको विकास, प्रचार-प्रसार गर्नआपसि सहयोग, समन्वय र सहकार्यमा योजना निर्माण र कार्यान्वयन गर्ने व्यवस्था छ ।विगतबाट भएका विभिन्न प्रयास र कानुनी व्यवस्थाहरुलाई आधार मान्दै स्थानीय पाठ्यक्रम विकासको अवधारणा आएको हो ।

पाठ्यक्रम विकास र परिमार्जन निरन्तर चलिरहने प्रक्रिया हो । समाजको बदलिदो माग र सिकारुको आवश्यकता अनुसार पाठ्यक्रममा परिमार्जन भइ रहन्छ ।समाजका स्थानीय आवश्यकताहरुलाई समेटन स्थानीय विषयवस्तु समावेश गरी निर्माण गरिएको पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो ।केन्द्रबाट निर्मित पाठ्यक्रमले स्थानीयतालाई सम्बोधन गर्न नसक्ने भएको र पाठ्यक्रम निर्माणमा स्थानीयको सहभागिता नहुने हुँदा अपनत्वको भाव हुदैन जसले कार्यान्वयनमा जटिलता आएको देखिन्छ ।शैक्षिक विकेन्द्रीकरणको अवधारणा अनुरुप स्थानीय रुपबाट पाठ्यक्रमको विकास, स्थानीय जनशक्तिको व्यापक सहयोग र स्थानीय विषयका विविध क्षेत्रहरु समेटी पाठ्यक्रम विकास गर्न राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ को मूल्य, मान्यता तथा सिद्धान्तले पनि स्थानीय परिवेशलाई महत्व दिएको छ । राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेको महत्वपूर्ण स्थानीय परिवेशका विषयक्षेत्रले बालबालिकाहरुलाई जानकारी गराउने उद्देश्य अनुरुप कक्षा १ देखि ८ सम्मको स्थानीय परिवेश अनुसारको स्थानीय पाठ्यक्रम निर्माण गरी प्रत्येक स्थानीय तहले लागु गर्नु पर्ने व्यवस्था राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा रहेको छ । यस कुरालाई आधार मानी यस बित्थडचिर गाउँपालिकाको ऐतिहासिक, सामाजिक, आर्थिक, भौगोलिक तथा सांस्कृतिक विविधतालाई समेटेर स्थानीय आवश्यकतामा आधारित आधारभूत तह (कक्षा १–८)को स्थानीय पाठ्यक्रम तयार गरिएको छ ।

पाठ्यक्रमको विकास चुनौतिपूर्ण कार्य हो ।यो स्थानीय पाठ्यक्रम निर्माण गर्दैंगर्दा बित्थडचिर गाउँपालिका र यस क्षेत्रभित्र बसोबास गर्ने समुदाय तथा सामाजिक जनजीवनका समेट्नै पर्ने विविध पाटाहरु अझै छुटेका हुन सक्छन् ।छुटेका विषयवस्तुहरुलाई विज्ञहरुको सल्लाह र सुझावको आधारमा समय समयमा परिमार्जन गरी समेटिने कुरा सबैमा अनुरोध गर्न चाहन्छौं । पाठ्यक्रम विकासका लागि समय समयमा सकारात्मक सुझाव सहित घच्घच्याउनु हुने राष्ट्रिय पाठ्यक्रम विकास केन्द्र भक्तपुर, सुदूरपश्चिम प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, धनगढीप्रति हार्दिक आभार छ । साथै यो पाठ्यक्रम विकासमा आर्थिक, भौतिक र बौद्धिक सहयोग पुऱ्याइ महत्वपूर्ण भूमिका खेल्ने बित्थडचिर गाउँपालिका वर्तमान तथा निवर्तमान जनप्रतिनिधिज्यूहरु, स्थानीय पाठ्यक्रम मस्यौदा निर्माण समिति, गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु, बित्थडचिर गाउँपालिका शिक्षक महासंघ, सबै शिक्षक संघ-संगठनहरु, प्रअ, शिक्षक, विद्यार्थी, अभिभावक, एवम् सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुप्रति बित्थडचिर गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा हार्दिक कृतज्ञता व्यक्त गर्दछ । यो पाठ्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाई बालबालिकालाई गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने कार्यमा सबैबाट सक्रिय सहयोगको अपेक्षा गरिएको छ ।

**शिक्षा, युवा तथा खेलकुद शाखा**
**देउलेख, बझाङ**

# विषय सूची


| क्र.सं. | विषयक्षेत्र | पेज नं |
|---|---|---|
| | परिच्छेद- १<br>स्थानीय पाठ्यक्रम निर्माणः परिचय,औचित्य र प्रक्रिया | १-६ |
| १.१ | परिचय | १ |
| १.२ | स्थानीय पाठ्यक्रम निर्माणका नीतिगत आधारहरु | १ |
| १.३ | स्थानीय पाठ्यक्रम निर्माणको औचित्य | ३ |
| १.४ | स्थानीय पाठ्यक्रम निर्माण गर्दा अवलम्बन गरिएका सिद्धान्त र प्रक्रियाहरु | ३ |
| १.५ | पाठ्यक्रम विकास प्रक्रिया | ४ |
| १.६ | विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य | ४ |
| १.७ | विद्यालय शिक्षाको तहगत तथा पाठ्यक्रम संरचना | ५ |
| | परिच्छेद-२<br>स्थानीय पाठ्यक्रम सक्षमता र पाठ्यघण्टी | ७-८ |
| २.१ | तहगत सक्षमता | ७ |
| २.२ | थिमगत पाठ्यघण्टी | ७ |
| | परिच्छेद-३<br>कक्षातग सिकाइ उपलब्धी | ९-१८ |
| ३.१ | कक्षा १-५ सिकाइ उपलब्धीहरु | ९ |
| ३.२ | कक्षा६-८ सिकइ उपलब्धीहरु | १५ |
| | परिच्छेद-४<br>विषयवस्तुको विस्तृतीकरण | १९-११८ |
| ४.१ | विषयवस्तुको विस्तृतीकरण (कक्षा-१) | १९ |
| ४.२ | विषयवस्तुको विस्तृतीकरण (कक्षा-२) | ३२ |
| ४.३ | विषयवस्तुको विस्तृतीकरण (कक्षा-३) | ४५ |
| ४.४ | विषयवस्तुको विस्तृतीकरण (कक्षा-४) | ५८ |

| | | |
|---|---|---|
| ४.५ | विषयवस्तुको विस्तृतीकरण (कक्षा-५) | ७५ |
| ४.६ | विषयवस्तुको विस्तृतीकरण (कक्षा-६) | ८८ |
| ४.७ | विषयवस्तुको विस्तृतीकरण (कक्षा-७) | ९९ |
| ४.८ | विषयवस्तुको विस्तृतीकरण (कक्षा-८) | ११० |
| परिच्छेद-५<br>सिकाइसहजीकरण विधि तथा प्रक्रियाहरु | | ११९-१२३ |
| अनुसूची -१ | विद्यार्थी मूल्याङ्कनका साधनको प्रयोग, अभिलेखीकरण तथा प्रयोग सम्बन्धी मार्गदर्शन | १२४ |
| अनुसूची -२ | विद्यार्थीको व्यक्तिगत विवरण | १२५ |

# परिच्छेद : एक

# स्थानीय पाठ्यक्रम निर्माणः औचित्य र प्रक्रिया

## १.१ परिचय

केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेको स्थानीय आवश्यकता अनुसारको विषयवस्तुलाई समेटी पाठ्यक्रमलाई सामयिक, सान्दर्भिक, रुचिकर, लचिलो, खुला सन्तुलित, लोकतान्त्रिक र स्थानीय मूल्य मान्यता अनुरुप बनाउँन राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६ को परिधिभित्र रही स्थानीय विज्ञहरुद्वारा स्थानीय तहमा निर्माण गरिएको पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो ।विकेन्द्रीकरणको अवधारणा अनुसार शिक्षा क्षेत्र मार्फत स्थानीय स्तरका विविध पक्ष र सम्भावनाहरुलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न यसले सहयोग गर्दछ । यो शैक्षिक विकेन्द्रीकरणलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने एउटा महत्वपूर्ण साधन भएकाले निर्माण गरी प्रयोगमा ल्याउनु आवश्यक छ ।

नेपाल एक बहुभाषी, बहुजाति, बहुधार्मिक र बहुसांस्कृतिक मुलुक हो। हरेक ठाउँका आवश्यकता र चाहना फरक फरक हुन सक्छन्। त्यसैले स्थानीय आवश्यकताका विषयवस्तुलाई मनन गरी त्यहींका नागरिकको अपनत्व हुने गरी सम्बन्धित सरोकारवालाले स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी विकास गर्ने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो। यसमा केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय विषयवस्तुहरु हुन्छन्। स्थानीय ज्ञानको प्रस्फुटन गर्नुका साथै नवीनतम ज्ञान र सिपको मार्ग दर्शन पहिल्याउन सहयोग गर्दछ। स्थानीयस्तरमा रहेका आवश्यकता र चाहनालाई सम्बोधन गरी बालबालिकाहरुमा स्थानीय महत्त्वपूर्ण क्षेत्रको पहिचान गरी आफ्नोपनको महसुस गराउन स्थानीय पाठ्यक्रमले सहयोग गर्दछ । यसरी निर्माण गरिएको स्थानीय पाठ्यक्रमलाई केन्द्रीय पाठ्यक्रमको खुड्किलोका रुपमा पनि लिन सकिन्छ ।

प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ का अनुसार, "स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय आवश्यकता अनुसार विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो ।" त्यसैगरी प्राथमिक तहको पाठ्यक्रम निर्माण निर्देशिका अनुसार स्थानीय आवश्यकता, विषय क्षेत्र, विषयवस्तु, शैक्षणिक व्यवस्था र सामाग्रीको निर्माण गरी स्थानीय परिवेशको शिक्षा दिने कुरालाई स्थानीय पाठ्यक्रमको सैद्धान्तिक अवधारणाको रुपमा स्वीकारेको देखिन्छ ।

यसै सन्दर्भमा यस बित्थडचिर गाउँपालिकाको सम्पदा, सभ्यता, संस्कार, संस्कृति, ऐतिहासिकता, मौलिकता, परम्परागत प्रविधि, मूल्यमान्यता, फलफूल तथा कृषिजन्य वस्तुहरुसँग परिचित भई सोप्रति सकारात्मक रहँदै तिनको संरक्षण र सम्बर्धनप्रति अभिप्रेरित नागरिक तयार गर्ने अभिप्राय सहित आधारभूत तह कक्षा (१-८) सम्म बित्थडचिर गाउँपालिकाको पाठ्यक्रम तयार गरिएको हो ।

## १.२ स्थानीय पाठ्यक्रम निर्णणका नीतिगत आधारः

स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी हालसम्म प्राप्त विभिन्न कानुनी दस्तावेजहरुले देहाय बमोजिम व्याख्या गरेको पाइन्छः

### क. नेपालको संविधानः

नेपालको संविधान,२०७२ को भाग ३ मा मौलिक हक अन्तर्गत धारा ३२ मा भाषा तथा संस्कृतिको व्यवस्था गरिएको छ।यसको उपधारा (२) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको

सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ । उपधारा (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा,लिपि,संस्कृति,संस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुनेछ भन्ने प्रावधान रहेको छ। यसका लागि स्थानीय पाठ्यक्रमको विकास र प्रभावकारी कार्यान्वयन सशक्त माध्ययम हो।

**ख. स्थानीय सरकार सञ्चालन ऐन,२०७४**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११ उपदफा (ज)(४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन सम्बन्धी व्यवस्था गरी स्थानीय पाठ्यक्रमको कार्यान्वयन अवस्थालाई केन्द्रित गरेको छ। यस्तै उक्त दफा ११( ज)(१८)मा स्थानीय स्तरको शैक्षिक ज्ञान,सिप र प्रविधिको संरक्षण,प्रवर्धन र स्तरीकरण गर्ने व्यवस्था समावेश गरिएको छ। तसर्थ यो व्यवस्थाको लागि स्थानीय पाठ्यक्रम जरुरी हुन जान्छ।

**ग. राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६**

राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६ मा स्थानीय पाठ्यक्रमका लागि कक्षा १-३ मा साप्ताहिक पाठ्यभार ५ अर्थात वार्षिक १६० कार्यघण्टा र कक्षा ४-८ मा पाठ्यभार ४ अर्थात वार्षिक १२८ कार्यघण्टा छुट्याइएको छ। उक्त प्रारुपमा स्थानीय पाठ्यक्रम सम्बन्धमा निम्न लिखित व्यवस्था गरेको छः

अ. स्थानीय आवश्यकताको पहिचानमा स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिनेछ।

आ. स्थानीय पाठ्यक्रमको ढाँचाका आधारमा पाठ्यक्रमको स्थानीय तहमा अनुकूलन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिनेछ।

इ. स्थानीय पाठ्यक्रममा आवश्यकता अनुसार विषयवस्तुहरु परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट गरिनेछ।

ई. स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित, स्थानीय आवश्यकतामुखी हुने गरी लचकता प्रदान गरिनेछ।

उ. राष्ट्रिय पाठ्यक्रमको संरचनाभित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रुपमा स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाइनेछ।

ऊ. स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम,कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालयले निर्णय लिनेछ।

ऋ. स्थानीय पाठ्यक्रमको स्वीकृति प्रदेश वा स्थानीय तहमा रहने पाठ्यक्रम सम्बद्ध संरचनाबाट हुनेछ।

घ. नेपाल सरकार, शिक्षा विज्ञान तथ प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा २०७६ सालमा तयार पारिएको स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन सम्बन्धी मार्गदर्शन २०७६ समेतले राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६ लाई आधार मानेर स्थानीय विषयको पाठ्यक्रम निर्माण र लागू गर्ने सम्न्धी मार्ग दर्शन प्रदान गरेको छ।

उल्लिखित सन्दर्भ र कानुनी तथा नीतिगत आधार अनुसार नेपाल सरकारबाट एकीकृत पाठ्क्रम (कक्षा १-३)को ढाँचा २०७६ शैक्षिक वर्ष २०७७ र आधारभूत शिक्षा पाठ्यक्रम, २०७७ (कक्षा ६-८) स्वीकृत भई शैक्षिक सत्र २०७८ देखि क्रमशःलागु भइरहेको छ। उक्त संरचनामा भएका व्यवस्था अनुसार स्थानीय विषयको पाठ्यक्रम निर्माण स्थानीय तहबाटै गरिनु सान्दर्भिक देखिन्छ । त्यसै कुरालाई मध्यनजर राखी यो पाठ्यक्रम तयार पारिएको हो।

## १.३ स्थानीय पाठ्यक्रम निर्माणको औचित्यः

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ ले पाठ्यक्रममा स्थानीय पाठ्यक्रम १०० पूणाङ्कको समावेश गरी अध्यापन गराउनुपर्ने प्रावधान राखिएकाले त्यसलाई मध्यनजर गरी यो पाठ्यक्रम तयार गरिएको हो । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ ले सिकाइलाई जीवनोपयोगी र समयसापेक्ष बनाउन स्थानीय तहबाट नै आवश्यकता औंल्याएर पाठ्यक्रम निर्माण गर्नुपर्ने सन्दर्भमा आधारभूत तहअन्तर्गत कक्षा १-८ का लागि यो पाठ्यक्रम तयार गरिएको छ । केन्द्रीय पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने स्थानीय ज्ञान, सिप, आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरू पूरा गर्न नसक्ने भएकाले स्थानीय परिवेशअनुसारको ज्ञान र सिप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न आवश्यकता महसुस गरी संवैधानिक र नीतिगत रूपमा भएको व्यवस्थालाई कार्यान्वयन गर्नु स्थानीय तहको कर्तव्य भएको हुनाले बित्थडचिर गाउँपालिकाले यो स्थानीय पाठ्यक्रम तयार पारिएको हो । विद्यार्थीलाई तल्लो कक्षादेखि नै स्वागत सत्कारका विषयदेखि स्थानीय स्रोत, साधन उपयोग, सफा सुन्दर गाउँबस्ती आदि जस्ता कार्यको सिकाइ उपलब्धि हासिल गर्न अभ्यस्त बनाउनु निर्मित पाठ्यक्रमको उद्देश्य रहेको छ । तलका बुँदाहरूले यसको औचित्यलाई अझ स्पष्ट पार्नेछ।

१. स्थानीय तहको ज्ञान, सिप र प्रविधिलाई संरक्षण गरी उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गरी नेपाली कला,सौन्दर्य तथा सिपको प्रवर्धन गर्न ।
२. स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्धन गर्न ।
३. गाउँपालिका क्षेत्रको भौगोलिक,लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक विविधतालाई सम्बोधन गर्न ।
४. परम्परागत पेसा,व्यवसाय र प्रविधिलाई संरक्षण,संवर्धन र विकास गर्न सहयोग पुऱ्याउन ।
५. आदर,सत्कार,संस्कृति तथा पहिचानको तरिका अवलम्बन गर्न ।

## १.४ स्थानीय पाठ्यक्रम निर्माण गर्दा अवलम्बन गरेका सिद्धान्त र प्रक्रियाः

सर्वाङ्गीण बालविकासको अवधारणालाई विचार गरी बालकेन्द्रित सिकाइ सिद्धान्तमा आधारित भई विकास गरिएको यो पाठ्यक्रमले मूलतः राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा उल्लेख गरिएका सिद्धान्तहरूलाई नै पाठ्यक्रम विकासका सिद्धान्तका रूपमा लिएको छ । यो पाठ्यक्रम विकास गर्दा बित्थडचिर गाउँपालिकाको सामाजिक, सांस्कृतिक तथा भाषिकलगायतका विविधतालाई समावेश गरिनुका साथै स्थानीय आवश्यकतामा आधारित ढाँचा अवलम्बन गर्ने प्रयास गरिएको छ। यस पाठ्यक्रममा नेपाली मूल्य र मान्यता तथा पूर्वीय ज्ञानको प्रतिनिधित्वका साथै विद्यार्थीको सहभागिता,कार्य तथा खोजलाई जोड दिइएको छ ।

## १.५ स्थानीय पाठ्यक्रम विकास प्रक्रिया

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका आधार, मान्यता तथा सिद्धान्तअनुरूप विभिन्न भेला, बैठक, कार्यशाला तथा छलफलबाट प्राप्त सुझाव, ज्ञान, विज्ञान तथा प्रविधिमा भएका विकास तथा परिर्वतन र स्थानीय आवश्यकता रआधारभूत तह (१-८) स्थानीय विषयको पाठ्यक्रम (२०८१)अपेक्षाको विश्लेषणसमेतकाआधारमा पाठ्यक्रमको विकास गर्नकालागि निम्न प्रक्रिया अवलम्वन गरिएको थियो :

१. पाठ्यक्रम विकासका लागि यस गाउँपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखाले आफ्नो अध्ययन तथा अनुभवमा आधारित भई पाठ्यक्रमका विविध पक्ष तथा क्षेत्रहरू पहिचान स्थानीय बुद्धिजीवीहरू, प्रधानाध्यापकहरू, जनप्रतिनिधिहरुसित छलफल गरेको थियो।

२. गाउँ शिक्षा समितिबाट गठित मस्यौदा लेखन समिति, शिक्षक तथा विशेषज्ञहरूको संलग्नतामा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका विषय क्षेत्रमा विद्यार्थीले हासिल गर्नुपर्ने तहगत सक्षमता तथा विषयगत सिकाइका क्षेत्र र सिकाइ उपलब्धि तथा विषयवस्तुको प्रारम्भिक मस्यौदा तयार गरिएको थियो ।

## १.६ विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्यः

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुसार विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्यहरु निम्नानुसार छन् :

(क) प्रत्येक व्यक्तिमा अन्तरनिहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने ।

(ख) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा साँस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान, नैतिकवान एवं जिम्मेवार नागरिक तयार गर्ने

(ग) श्रमप्रति सम्मान एवं सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनशील, उद्यमशील र सीप युक्त नागरिक तयार गर्ने

(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, सम्वर्द्धन र सदुपयोग गर्दै दीगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने

(च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशीता र सामाजिक न्यायका मान्यता अनुरुपको आचरण विकास गरी समतामूलक, समावेशी, न्याय पूर्ण र समाजवाद उन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

(ज) वैज्ञानिक अवधारणा, तथ्य, सीपको पहिचान गरी संरक्षण कार्यमा सहभागी हुन् । प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ र खोज तथा अनुसन्धान मुखी जनशक्ति तयार गर्ने

(झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सीप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने

(ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्टयहरुको संरक्षण, सम्वर्द्धन र विस्तार तर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने ।

(ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवं मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने

(ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संशाधनको विकास गर्ने

## १.७ विद्यालय शिक्षाको तहगत संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुईतहमा बाँडेको छ । आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था हुने छ । विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन धारको हुने छ । माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास (Apprenticeship) समेटिने छ । सिकारुको उमेर, सिकाइ क्षमतास्तर तथा बालमनोविज्ञान समेतलाई आधार मानी विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना निम्नबमोजिम निर्धारण गरिएको छः

**तालिका १ः विद्यालय शिक्षाको तहगत र कक्षागत संरचनाः**

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा | ४ वर्ष | |
| आधारभूत | कक्षा १ -३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४-५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६-८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक | कक्षा ९-१० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११-१२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

### १.७.१ विद्यालय शिक्षाको पाठ्यक्रम संरचनाः

विद्यालय तहको पाठ्यक्रम निम्नानुसार रहेको छः

### १.७.२ प्रारम्भिक बालविकास तथा शिक्षा पाठ्यक्रम संरचना

**तालिका २ः प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचनाः**

| क्र.सं. | सिपका क्षेत्रहरु | सिपहरु | वार्षिक समय (घण्टामा) |
|---|---|---|---|
| १ | आधारभूत सिप सिकाइका क्षेत्र | (क) शारीरिक सिप<br>(ख) संवेगात्मक सिप<br>(ग) सामाजिक, सांस्कृतिक र नैतिक सिप<br>(घ) बौद्धिक तथा मानसिक सिप<br>(ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप सिर्जनात्मक सिप | ३८४ |
| २ | विषयगत सिप सिकाइका क्षेत्र | (क) भाषिक सिप<br>(ख) पूर्वगणितीय सिप | १९२ |

| | | | |
|---|---|---|---|
| | | (ग) दृश्यकला, कार्य तरिका र सिर्जनशीलता<br>(घ) वरपरको वातावरण सामाजिक सिप | |
| जम्मा | | | ५७६ |

(उपर्युक्त तालिकामा उल्लिखित क्रियाकलाप र समयबाहेक मनोरञ्जन क्रियाकलाप, बाह्य खेल र आराम गर्ने समय गरी कम्तीमा दैनिक १ घण्टाका दरले वर्षभरिमा २५६ घण्टासम्म वार्षिक समय थप हुनसक्ने छ ।)

**१.७.३ आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचनाः**

तालिका ३: आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचनाः

| क्र.सं. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | भाषिक सिप विकास सम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २ | भाषिक सिप विकास सम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३ | गणितीय सिप विकास सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कला सम्बन्धी क्रियाकलाप | ८ | २५६ |
| ५ | मातृभाषिक सिप / स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप | ५ | १६० |
| जम्मा | | २६ | ८३२ |

(पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (Credit hour) मानिएको छ ।)

१.७.३ आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना

**तालिका ४: आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचनाः**

| क्र.सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अङ्ग्रेजी | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७ | मातृभाषा / स्थानीय विषय | ४ | १२८ |
| जम्मा | | ३२ | १०२४ |

# परिच्छेद : दुई

# स्थानीय पाठ्यक्रमः सक्षमता, पाठ्यघण्टी

**२.१ तहगत सक्षमताहरुः**

क. आधारभूत तह (कक्षा १-५)को स्थानीय पाठ्यक्रमबाट विद्यार्थीहरुमा निम्न लिखित सक्षमताहरु हाँसिल हुने अपेक्षा गरिएको छ ।

(१) व्यक्ति, परिवार र समुदाय बीच समभाव राख्न सो अनुरुप आचरण देखाउन
(२) शारीरिक तन्दुरुस्ती, स्वस्थकर र जीवनोपयोगी सिपको विकास
(३) स्थानीय कला, सौन्दर्यप्रति अभिरुचि र सिर्जनात्मकताको विकास
(४) स्थानीय पेशा, व्यवसाय र प्रविधिसित परिचित भई श्रमको सम्मान गर्न
(५) दैनिक जीवनमा आइपर्ने समस्याको पहिचान, विश्लेषण र समाधान
(६) असल सामाजिक मूल्यमान्यता र आदर सत्कारका तौर तरिकाको अनुशरण र व्यवहारमा लागु गर्न
(७) स्थानीय जनसङ्ख्या परिचित भई स्थानीय भूगोल र वातावरणको उपयोग
(८) स्थानीय क्षेत्रभित्र रहेका स्रोत तथा सम्पदाप्रति गर्व गर्दै तिनको संरक्षण, सम्बर्धन र प्रचारप्रसार

ख. आधारभूत तह (कक्षा ६-८)को स्थानीय पाठ्यक्रमबाट विद्यार्थीहरुमा निम्न लिखित सक्षमताहरु हाँसिल हुने अपेक्षा गरिएको छः

१. गाउँपालिकाको अवस्था, भूगोल, जनसङ्ख्या ,काम, कर्तव्य र अधिकारप्रति सचेत
२. हाम्रा सम्पदा र प्रर्यटकीय स्थलहरुको संरक्षण र उपयोग
३. बित्थडचिरको संस्कृति र परम्पराको पहिचान,संरक्षण र अबलम्वन
४. मानव मूल्य शिक्षाको विकास तथा सामाजिक सुरक्षामा सजग
५. दैनिक जीवनमा आइपर्ने विपद्को पहिचान, रोकथाम र न्यूनीकरण
६. वातावरणसँग परिचित भई हरित विद्यालय र दीगो विकासको प्रवर्द्धन
७. स्थानीय पेशा,व्यवसाय र प्रविधिको सम्मान,संरक्षण तथा संवर्द्धन

**२.२ थिमगत पाठ्यघण्टा**

| कक्षा १-३ | | | कक्षा ४-५ | | कक्षा ६-८ | |
|---|---|---|---|---|---|---|
| क्रस | थिम | पाठ्य घण्टी | थिम | पाठ्य घण्टी | एकाइ | पाठ्यघण्टी |
| १ | म र मेरो परिवार | १९ | म र मेरो परिवार | १६ | हाम्रो पालिका | २० |
| २ | मेरो दैनिक जीवन | २० | मेरो दैनिक जीवन | १३ | हाम्रा सम्पदा र प्रर्यटकीय स्थल | १६ |
| ३ | हाम्रो समुदाय | १२ | हाम्रो समुदाय | १३ | हाम्रो संस्कृति र परम्परा | २२ |
| ४ | हाम्रो संस्कृति | १८ | हाम्रो संस्कृति | १४ | मानव मूल्य शिक्षा र सुरक्षा | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | हाम्रो पालिका | १४ | हाम्रो पालिका | १४ | विपद् व्यवस्थापन | १२ |
| ६ | मेरो सिर्जना | २० | मेरो सिर्जना | १२ | हरित विद्यालय, दिगो विकास र वातावरण | २५ |
| ७ | हाम्रा आर्थिक क्रियाकलापहरु | ११ | हाम्राआर्थिक क्रियाकलापहरु | १० | पेशा, व्यवसाय र प्रविधि | १८ |
| ८ | हाम्रो वातावरण | १३ | हाम्रो वातावरण | १३ | जम्मा | १२८ |
| ९ | स्थानीय प्रविधि र बजार | १९ | स्थानीय प्रविधि र बजार | ११ | | |
| १० | विपद् जोखिम न्युनीकरण | १४ | विपद् जोखिम न्युनीकरण | १२ | | |
| जम्मा | | १६० | जम्मा | १२८ | | |

# परिच्छेद : तीन

## ३.२ कक्षागत सिकाइ उपलब्धिहरू

कक्षा १-५

| थिम | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| १. म र मेरो परिवार | • स्थानीय भाषामा आफ्नो परिचय दिन ।<br>• आफ्नो परिवारका सदस्यहरूको नाम भन्न ।<br>• आफ्नो परिवारसँगको स्थानीय नाता बताउन ।<br>• परिवारमा नाता अनुसार अभिवादन तथा आशिर्वादको अभिनय गर्न ।<br>• आफ्नो सामानको पहिचान गर्न । | • परिवारका सदस्यहरूको स्थानीय नातागत शब्द प्रयोग गरी परिचय दिन र सम्बन्धका बारेमा बताउन ।<br>• आफ्नो परिवार र समुदायमा बोलिने उचित शब्दहरूको सूची बनाउन<br>• आफ्नो सामानको जतन गर्न | • स्थानीय नाताबोधक शब्दहरूको सूची तयार पार्न ।<br>• परिवारमा आदर अनुसार व्यवहार गर्न र घरमा आएका पाहुनालाई उचित तवरले स्वागत सत्कार गर्न।<br>• आफ्नो सामानको सामान्य सुरक्षा र प्रयोग गर्न। | • परिवारका सदस्यहरूको काम र पेसा बताउन ।<br>• परिवारमा आफ्नो भूमिका टिपोट र प्रदर्शन गर्न ।<br>• पाहुनाहरूसँग आदरार्थी शब्द प्रयोग गरी सभ्य व्यवहार गर्न । | • आफ्नो परिवारको विवरण तयार पार्न ।<br>• घरायसी सामानहरूको प्रयोग तथा सुरक्षा गर्न ।<br>• परिवारमा मिलेर गरिने कार्यहरू बताउन ।<br>• घरभित्र र बाहिरको सरसफाइ गर्न । |

| | | | | | |
|---|---|---|---|---|---|
| २.<br>मेरो दैनिक जीवन(योगा, स्वास्थ्य,सर सफाइ, सुरक्षा र खेलकुद) | • स्थानीय स्तरमा खेलिने खेलका नाम बताउन ।<br>• स्थानीय खेलहरूको सामान्य अभ्यास गर्न ।<br>• सामान्य योगाभ्यासका आधारभूत क्रिया गर्न ।<br>• सामान्य सरसफाइको बानी बसाल्न (हात-मुख धुने, ब्रस गर्ने)<br>• आफ्नो दैनिक प्रयोगमा आउने सामानको नाम बताउन | • स्थानीय स्तरमा खेलिने खेलका नाम भन्न र सामान्य नियम पालना गरी खेल्न।<br>• घर र विद्यालयमा खेलिने स्थानीय खेलहरू खेल्न ।<br>• सामान्य योगाभ्यास गर्न ।<br>• निर्देशन अनुसार नियमित कार्य गर्न । | • घर भित्र र घर बाहिर खेलिने खेलका नाम भन्न र लेख्न ।<br>• सामान्य आसन र योगाभ्यासहरू गर्न ।<br>• सामान्यतया आफ्नो व्यक्तिगत सरसफाइ र स्वास्थ्य सुरक्षा गर्न ।<br>• सामान्य घरायसी काममा सहयोग गर्न | • नियमको पालना गरी स्थानीय खेलहरू खेल्न ।<br>• व्यक्तिगत सरसफाइ गर्न<br>• घरायसी औजारहरूको प्रयोग अवस्था र प्रयोग गर्दा सामान्य सुरक्षाका उपायहरू अपनाउन<br>• योगाभ्यासको सामान्य परिचय र यसको महत्व बताउन । | • निर्देशन अनुसार स्थानीय खेल खेल्न र योगाभ्यास गर्न।<br>• स्थानीय खेलको परिचय र महत्व बताउन ।<br>• सुरक्षित साथ घरायसी औजारहरू प्रयोग गर्न ।<br>• व्यक्तिगत सरसफाइको महत्व लेख्न । |
| ३.<br>हाम्रो समुदाय | • आफ्नो गाउँ/टोलको नाम ठेगाना बताउन ।<br>• आफू र आफ्नो घरपरिवारको सामान्य पारिवारिक पृष्ठभूमि बताउन ।<br>• गाउँमा बस्ने जातजातिहरूको नाम बताउन । | • आफ्नो गाउँ/टोलको सामान्य परिचय दिन ।<br>• आफ्नो समुदायमा असल काम गरी नाम कमाएका व्यक्तिहरूको नाम बताउन ।<br>• आफ्नो कक्षाकोठामा पढ्ने साथीहरूको घरपरिवारको | • आफ्नो समुदायमा असल काम गरी नाम कमाएका व्यक्तिहरूको नाम र योगदान बताउन ।<br>• आफ्नो समुदायमा गरिने सामूहिक क्रियाकलापमा सामान्य रूपमा सहभागिता जनाउन।<br>• समुदायमा रहेका जातजातिहरूको विवरण तयार गर्न । | • आफ्नो समुदायको सामान्य परिचय र विशेषता बताउन ।<br>• आफ्नो गाउँ/टोलमा असल काम गरी नाम कमाएका व्यक्तिहरूको नाम तथा योगदान बताउन ।<br>• आफ्नो समुदायमा रहेका सामाजिक समस्याहरूको सूची बनाउन ।<br>• आफ्नो समुदायमा रहेका | • समुदायको सामान्य परिचय दिई यसको महत्व तथा फाइदा लेख्न।<br>• आफ्नो समुदाय तथा गाउँपालिकामा असल काम गरी नाम कमाएका व्यक्तिहरूको नाम तथा योगदान बताउन ।<br>• समुदायमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सामान्य पारिवारिक पृष्ठभूमि बताउन ।<br>• समुदायमा मिलेर गरिने सामान्य कामहरूको सूची तयार पार्न । | | सामाजिक संघ संस्थाहरूको नाम तथा सामान्य कार्यहरू बताउन । | सामाजिक समस्या उत्पन्न हुने कारणहरू र समाधानका सामान्य उपायहरू बताउन ।<br>• आफ्नो समुदायमा रहेका सामाजिक संघ संस्थाहरूले सामुदायिकविकासमा खेलेको भूमिका भन्न र लेख्न । |
| ४ हाम्रो संस्कृति | • स्थानीय खानाहरूको नाम बताउन।<br>• स्थानीय पोसाकहरूको (परम्परागत) पहिचान गर्न।<br>• स्थानीय बाजाहरू छुट्याउन।<br>• स्थानीय गीतहरू गाइने अवसर तथा चाडपर्वहरू बताउन। | • स्थानीय चाडपर्वहरूको सूची तयार पार्न।<br>• धार्मिक तथा सांस्कृतिक सम्पदाको सूची बनाउन।<br>• धार्मिक सम्पदा रहेको ठाउँसित परिचित हुन।<br>• चाडपर्वमा पकाइने परिकारहरूको सामान्य जानकारी दिन । | • महिला र पुरूषले लगाउने परम्परागत पोसाकको पहिचान गर्न ।<br>• परम्परागत रूपमा स्थानीय स्तरमा प्रयोगमा आएका गरगहनाहरूको पहिचान गर्न ।<br>• स्थानीय चाडपर्व मनाइने महिना र दिनको सामान्य जानकारी दिन।<br>• स्थानीय धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरू बताउन। | • स्थानीय धार्मिक, सांस्कृतिक पर्व तथा जात्रामा पूजागरिने देवी देवताहरूको नाम भन्न र क्रियाकलापमा सहभागी हुन ।<br>• धार्मिक, सांस्कृतिक पर्व तथा जात्रामा बजाइने बाजागाजाहरूको नाम बताउन ।<br>• स्थानीय चलनचल्तीका मौखिक कथाहरू भन्न।<br>• परम्परागत नाचहरू नाचिने अवसर बताई उक्त | • स्थानीय मन्दिर,मण्डप (माणौ)हरूकोधार्मिक तथा सांस्कृतिक महत्व उल्लेख गर्न।<br>• स्थानीय चाडपर्वमा गरिने क्रियाकलाप र तिनको महत्व बताउन ।<br>• स्थानीय भेषभूषाको महत्व र संरक्षणका फाइदा बताउन ।<br>• स्थानीय चाडपर्वमा खाइने खानेकुराको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • चाडपर्व अनुसार परिकारहरू बिचको भिन्नता लेख्न । | | नाचहरूको अभिनय गर्न । | महत्व बताउन<br>• स्थानीय चाडपर्वहरूमा पाइने भिन्नता बताउन । |
| ५. हाम्रो पालिका | • आफ्नो टोल,छिमेक र गाउँको नाम तथा पालिकाको नाम बताउन।<br>• आफ्नो टोल,गाउँमा रहेका सडक,गोरेटो,घोरेटो बाटो बताउन। | • आफनो घर रहेको वडा नम्बर,वडामा रहेका मानव निर्मित तथा प्राकृतिक सम्पदाको नाम बताउन।<br>• आफनो गाउँ पालिकाको नाम बताई जम्मा वडाहरूको सङ्ख्या बताउन | • आफ्नो गाउँपालिकाको क्षेत्रफल, सिमाना बताउन ।<br>• गाउँपालिकाको सामान्य धरातलीय स्वरूप बारे लेख्न।<br>• पालिकामा रहेका नदीनाला,जङ्गल,मुख्य सडकहरू पहिचान गर्न। | • आफ्नो पालिकाको सामान्य संगठन संरचनाबारेमा बताउन ।<br>• वडागत जनसङ्ख्या र पालिकाको जम्मा जनसङ्ख्या बताउन।<br>• पालिकामा रहेका पर्यटकीय स्थलहरूको सूची तयार पारी सामान्य परिचय दिन ।<br>• वनपैदावारहरूको परिचय र महत्व भन्न र लेख्न । | • बित्थडचिर गाउँपालिकाको संगठन संरचना बारेमा बताउन।<br>• पर्यटनको महत्व लेख्न ।<br>• विभिन्न पर्यटकीय स्थानको वर्णन गर्न ।<br>• वनपैदावारको महत्व र प्रकार भन्न । |
| ६ मेरो सिर्जना | • सुनेका स्थानीय गीतहरू गाउन<br>• स्थानीय गीतहरूमा एकल नृत्य गर्न ।<br>• स्थानीय बाजाहरूको नाम भन्न ।<br>• स्थानीय स्तरमा पाइने वस्तुहरूको चित्र छाप्न । | • स्थानीय गीतहरू सुनेर सामान्य सुर, ताल र लय मिलाई गाउन ।<br>• स्थानीय गीतमा एकल र सामूहिक नृत्य गर्न ।<br>• माटोका विभिन्न | • स्थानीय गीतहरू सुनी, सुर, ताल र लयमा सामान्य रूपमा स्थानीय गीत गाउन र नाच्न ।<br>• निर्देशन अनुसार माटो वा कागज काटेर विभिन्न आकृति बनाइ रङ भर्न | • सामान्य गति, यति र लय मिलाई स्थानीय गीतहरू गाउन ।<br>• आफ्नो स्थानीय तहको सामान्य नक्सा कोर्न ।<br>• चित्र तथा मूर्तिकलाको सामान्य परिचय दिई आफूलाई मन पर्ने मूर्ति | • गायन र नृत्यकलाको परिचय दिन ।<br>• चित्रकलाको परिचय दिई यसको महत्व बताउन ।<br>• मूर्तिकलाको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आकृतिहरू बनाइ उपयुक्त रङ मिलाउन<br>• स्थानीय क्षेत्रमा पाइने आफूलाई मन पर्ने वस्तुहरूको चित्र कोर्न । | | तथा चित्र बनाउन ।<br>• हस्तकलाको सामान्य परिचय दिई आफूलाई मन पर्ने वस्तुहरू बनाउन । | परिचय दिई आफूलाई मन पर्ने मूर्ति बनाउन, यसको महत्व बताउन ।<br>• हस्तकलाको परिचय दिई यसको महत्व बताउन । |
| ७. हाम्रा आर्थिक क्रियाकलापहरू | • आफूले गर्ने कार्य र घरका सदस्यहरूले गर्ने दैनिक कार्यहरू भन्न<br>• दैनिक कार्यहरू गर्दा हुने फाइदा भन्न | • परिवारका सदस्यहरूले गर्ने कार्यहरू भन्न र लेख्न।<br>• घरका सदस्यहरूले मिलेर काम गर्दा हुने फाइदाहरू भन्न र सूची बनाउन। | • परिवारका सदस्यहरू मिलेर घरको काम गर्दा हुने फाइदा र नगर्दा हुने बेफाईदाहरू भन्न र लेख्न ।<br>• सबै पेसा व्यवसाय तथा श्रमको महत्व भन्न।<br>• पैसा वा सामानको प्रयोग गर्दा मितव्ययिता अपनाउन र अपनाउने उपाय भन्न। | • स्थानीय स्तरमा अपनाइएका पेसा, व्यवसायको नाम भन्न ।<br>• घर तथा समुदायमा हुने काममा सामान्य सहयोग र कामको सम्मान गर्न ।<br>• आफ्नो क्षेत्रमा उत्पादित वा निर्मित वस्तुको उपयोग गर्न र यसका फाइदा भन्न ।<br>• सामानको प्रयोग गर्दा मितव्ययिता अपनाउन । | • आफ्नो गाउँपालिकामा अपनाइएका पेसा व्यवसाय तथा आर्थिक क्रियाकलापको अवलोकन गर्न,सम्मान गर्न र सहभागी हुन ।<br>• सबै प्रकारका पेसा, व्यवसायको महत्त्वको सूची निर्माण गर्न<br>• स्थानीय उत्पादित वस्तुको उपयोग गर्न । |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. हाम्रो वातावरण | • वरपरको प्राकृतिक र मानव निर्मित वस्तुहरूको पहिचान गर्न ।<br>• घर र विद्यालय वरिपरिको जमिनको स्वरूप बताउन ।<br>• आफ्नो कक्षाकोठामा रहेको फोहोर उचित ठाउँमा व्यवस्थापन गरी सरसफाइ गर्ने बानी बसाल्न । | • आफ्नो टोल वरिपरिको जमिनको स्वरूप बताउन ।<br>• आफ्नो घर तथा विद्यालयको सरसफाइ गर्ने कार्यमा सहभागी हुन ।<br>• आफ्नो गाउँ टोलमा रहेका प्राकृतिक श्रोतहरूको सूची बनाउन । | • आफ्नो घर, विद्यालय, टोल र समुदायको सरसफाइमा सहभागी हुन ।<br>• आफ्नो वडामा रहेका प्राकृतिक श्रोतहरूको पहिचान गर्न ।<br>• आफ्नो घर तथा विद्यालय कक्षाकोठामा फोहोर हुने कारणहरू बताउन ।<br>• वातावरण प्रदूषणका सामान्य कारणहरू लेख्न । | • सफा वातावरणको महत्व बताउन ।<br>• स्थानीय वातावरण प्रदूषणको कारण पहिचान गरी समाधानका उपायहरू भन्न ।<br>• आफ्नो गाउँपालिकामा रहेका प्राकृतिक स्रोतहरूको पहिचान गर्न<br>• शुद्ध खानेपानीको प्रयोग गर्न । | • वातावरणको परिचय बताउन ।<br>• वातारणीय सरसफाइप्रति सचेत रहन ।<br>• वातावरणीय प्रदूषणका कारणहरू पहिचान गरी समाधानका उपायहरू अपनाउन ।<br>• आफ्नो गाउँपालिकाको धरातलीय स्वरूप र हावापानीको अवस्था बताउन । |
| ९. स्थानीय प्रविधि र बजार | • स्थानीय स्तरमा प्रयोग भईरहेका सामान्य सिपहरूको पहिचान गर्न ।<br>• स्थानीय सिपहरू/प्रविधि प्रयोगमा चाहिने सामान्य सामग्रीहरूको नाम भन्न ।<br>• परिवारका सदस्यहरूले बजारमा किनबेच गर्ने वस्तुहरूको नाम भन्न । | • स्थानीय स्तरमा प्रयोग भईरहेका सामान्य सिपहरू तथा प्रविधिको पहिचान गरी नाम भन्न र लेख्न ।<br>• स्थानीय प्रविधिमा प्रयोग हुने साधानहरू पाइने ठाउँ पहिचान गर्न ।<br>• बजारको महत्व | • स्थानीय प्रविधिको सामान्य परिचय र महत्व भन्न ।<br>• स्थानीय प्रविधि प्रयोगमा सचेत रहन ।<br>• स्थानीय प्रविधिबाट उत्पादित वस्तुको बजारबारे सामान्य जानकार हुन ।<br>• स्थानीय प्रविधिका प्रयोग हुने साधनहरूको सामान्य | • स्थानीय प्रविधिको परिचय, र फाइदा लेख्न ।<br>• स्थानीय प्रविधिको सामान्य प्रयोग गर्न ।<br>• स्थानीय प्रविधिका लागि आवश्यक पर्ने स्रोत साधनहरूको सङ्कलन गर्न<br>• स्थानीय बजारको महत्व लेख्न | • स्थानीय प्रविधिको परिचय र उपयोगिता बताउन ।<br>• स्थानीय प्रविधि विकासले समाजिक जीवनमा पार्ने प्रभावहरू भन्न ।<br>• स्थानीय प्रविधिका लागि आवश्यक पर्ने स्रोत साधनहरूको |

|  |  |  |  |  |  |
|---|---|---|---|---|---|
|  |  | बताउन | सङ्कलन गर्न । |  | संरक्षण गर्न । |
| १०. विपद् जोखिम न्यूनीकरण | • विभिन्न विपद्को नाम बताउन ।<br>• आगलागीबाट बच्ने सामान्य उपाय भन्न । | • स्थानीय स्तरमा घटेका वा घट्न सक्ने विपद्को पहिचान गर्न<br>• विपद् बाट बच्ने सामान्य उपाय अपनाउन ।<br>• बाढी, पहिरो, आगलागीका बेफाइदाहरू लेख्न । | • आगलागी हुनुका कारण भन्न ।<br>• सवारी दुर्घटनाको परिचय दिन ।<br>• आगलागी रोकथामका सामान्य उपाय भन्न र लेख्न। | • विपद्का प्रकारहरू भन्न ।<br>• दुर्घटनाबाट बच्ने उपायहरू लेख्न ।<br>• विपद्का असरहरू बताउन । | • विपद्को परिचय लेख्न र भन्न ।<br>• सवारी दुर्घटनाबाटबच्ने उपायहरू बताउन ।<br>• विपद् आउन सक्ने कारणहरू लेख्न । |

## ३.२ कक्षागत सिकाइ उपलब्धि

(कक्षा६-८)

| क्रस | क्षेत्र/इकाइ/थिम | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| १ | हाम्रो पालिका | • बित्थडचिर गाउँपालिकाको परिचयदिन।<br>• पालिकाको नक्सा बनाई महत्वपूर्ण स्थानहरू सङ्केत गर्न।<br>• वडा समितिको गठन प्रक्रिया बताउन।<br>• वडाबाट प्राप्त हुने सेवाहरूबारे बताउन ।<br>• बित्थडचिर गाउँपालिका भित्र | • पालिकाको भौगोलिक धरातल र हावापानीको पहिचान गरी वर्णन गर्न ।<br>• पालिकामा बसोबास गर्ने उमेरगत,जातिगत लैङ्गिक जनसङ्ख्याको विश्लेषण गर्न।<br>• गाउँ कार्यपालिकाको गठन प्रक्रिया बताउन ।<br>• गाउँपालिकाबाट प्रवाह हुनेसेवा | • बित्थडचिर गाउँपालिकाको संक्षिप्त इतिहास बताउन।<br>• स्थानीय कार्यपालिकाको काम, कर्तव्य र अधिकार बताउन ।<br>• न्यायिक समितिको गठन प्रक्रिया र कार्यहरू बताउन ।<br>• गाउँपालिकाभित्र रहेका सामाजिक संघ-संस्थाहरू र तिनीहरूको भूमिका बताउन । |

| | | | | |
|---|---|---|---|---|
| | | बसोबास गर्नेजातजातिहरूको जनसङ्ख्याको बनोट र वितरणबताउन।<br>• बित्थडचिर गाउँपालिकाका शैक्षिक संस्थाहरूको सूची तयार पार्न। | सुविधाहरूको बारेमा बताउन।<br>• गाउँ सभाको परिचय र गठन प्रक्रिया बताउन।<br>• शैक्षिक संस्थाको महत्व र आवश्यकता बताउन । | |
| २ | हाम्रा सम्पदा र पर्यटकीय स्थल | • गाउँपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक एवम् प्राकृतिक सम्पदाहरूको परिचय र महत्व बताउन।<br>• स्थानीय नदी, खोला, वन जङ्गलको परिचय र महत्वबताउन।<br>• पर्यटनका दृष्टिले महत्वपूर्ण स्थानको सूची तयार पारी परिचय दिन । | • गाउँपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक, प्राकृतिक तथा धार्मिक सम्पदाहरू संरक्षणमा स्थानीय नागरिकको भूमिका बताउन ।<br>• स्थानीय खोला, नालार वनजङ्गलको उपयोगिता भन्न र लेख्न ।<br>• स्थानीय पर्यटकीय स्थलको विशेषता र महत्व लेख्न । | • गाउँपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक, प्राकृतिक तथा धार्मिक सम्पदा संरक्षणमा सहभागी हुन ।<br>• स्थानीय प्राकृतिक सम्पदा विनासका कारण पहिचान र संरक्षणका उपायहरू अपनाउन।<br>• स्थानीय पर्यटनको महत्व बताउन।<br>• पर्यटन विकासको लागि पालिकाको भूमिका बताउन । |
| ३ | हाम्रो संस्कृति हाम्रो परम्परा | • स्थानीय खानाका परिकारहरूको सूची तयार पार्न।<br>• स्थानीय भेषभूषाको पहिचान गर्न ।<br>• परम्परागत मौलिक संरचना निर्माणका शैलीको वर्णन गर्न।<br>• स्थानीय चाडपर्व, धार्मिक मेला जात्राको परिचय बताउन।<br>• स्थानीय लोकगीत,लोकबाजा, लोककथा र लोक नृत्यको पहिचान गर्न। | • स्थानीय रहनसहन, खानपिन तथा भेषभूषाको विविधताको महत्व उल्लेख गर्न।<br>• परम्परागत र आधुनिक संरचना निर्माण शैलीको तुलना गर्न ।<br>• परम्परागत संरचना निर्माण शैलीको महत्व भन्न ।<br>• स्थानीय चाडपर्व, धार्मिक मेला/जात्राको महत्व बताउन।<br>• स्थानीय लोकगीत, लोककथा, लोकबाजाको महत्व बताउन ।<br>• स्थानीय स्तरमा प्रचलित लोकबाजा | • स्थानीय रहनसहन, खानपिन तथा भेषभूषा लोप हुनुका कारणको पहिचान र संरक्षणका उपायहरू उल्लेख गर्न।<br>• परम्परागत मौलिक संरचना निर्माण शैली लोप हुनाका कारण र संरक्षणका उपायहरू बताउन।<br>• स्थानीय चाडपर्व, धार्मिक मेला/जात्रामा गरिने क्रियाकलापहरूमा सहभागी हुन, त्यसका विकृतिहरू पहिचान गर्न र निराकरणका उपायहरू अपनाउन।<br>• स्थानीय लोकगीत,लोकबाजा, लोककथा र लोकनृत्यको महत्व तथा संरक्षणका |

| | | | | |
|---|---|---|---|---|
| | | | एवं लोक नृत्यमा सहभागी हुन । | उपायहरू उल्लेख गर्न। |
| ४ | मानव मूल्य, शिक्षा र सुरक्षा | • स्थानीय मूल्य, मान्यताको परिचय दिन।<br>• आफ्नो सामुदायिक कार्यमा सक्रियता पूर्वक सहभागी हुन।<br>• सामाजिक मूल्य र मान्यताको पालना गर्न ।<br>• सामाजिक कुरीतिहरूको पहिचान गर्न।<br>• यौन दुर्व्यवहारको पहिचान गरी सुरक्षाका उपाय अपनाउन। | • परिवेश अनुसार उचित मानवीय व्यवहार गर्न।<br>• सामुदायिक कार्यको महत्व बताउन।<br>• सामाजिक समस्या(विकृति कुरीति अन्धविश्वास) को पहिचान र रोकथामका उपायहरू भन्न।<br>• यौन दुर्व्यवहार तथा घरेलु हिंसाको कारण पहिचान गर्न। | • मानव मूल्य शिक्षाको महत्व लेख्न ।<br>• जेष्ठ नागरिकहरूप्रति सम्मानपूर्ण व्यवहार गर्न।<br>• परिवार,विद्यालयर समुदायमा विश्वासिलो तथा सम्मानजनक व्यवहार प्रदर्शन गर्न।<br>• सामाजिक समस्याहरू नियन्त्रणका उपायहरू भन्न।<br>• यौन दुर्व्यवहार न्यूनीकरणका उपाय बताउन । |
| ५ | विपद् व्यवस्थापन | • स्थानीय स्तरमा हुने विपद् पहिचान गर्न।<br>• विपद्का प्रकारहरू सूचीकृत गर्न ।<br>• बित्थडचिर गाउँपालिकामा हुन सक्ने विपद्का कारण र जोखिम न्यूनीकरणका उपायहरू बताउन । | • विपद् व्यवस्थापनमा आफ्नो भूमिका बताउन ।<br>• विपद् व्यवस्थापनको पूर्व तयारीका उपायहरू बताउन र अपनाउन ।<br>• विपद्का कारण, असर र व्यवस्थापन बारे बताउन। | • विपद् न्यूनीकरणका लागि सामूहिक रूपमा सहभागी हुन।<br>• स्थानीयस्तरमा भएका विपद् न्यूनीकरणमा संघ संस्था, गाउँपालिकाले गरेका प्रयासहरू बताउन । |
| ६ | वातावरण, हरित विद्यालय र दिगो विकास | • हरित विद्यालयको परिचय र महत्व बताउन।<br>• हरियाली प्रवर्धनमा सहभागिता जनाउन।<br>• विद्यालयमा करेसा बारीको निर्माण गर्न ।<br>• गाउँपालिका क्षेत्रमा खानेपानीको | • पालिका भित्र रहेका सामुदायिक वनको परिचय र महत्व बताउन।<br>• स्थानीय वनस्पति तथा वन्यजन्तु संरक्षणका उपायहरू बताउन ।<br>• घरायसी उपयोग भईसकेको पानीको व्यवस्थापन अन्तरगत सोकपिट निर्माण र करेसाबारीमा उपयोग | • गाउँपालिका क्षेत्रका वनहरूमा पाइने वनस्पति तथा वन्यजन्तु संरक्षण गर्न।<br>• दिगो विकासका लक्ष्यहरू प्रासिका लागि स्थानीय सरकारले गर्दै आएका कार्यहरू पहिचान गर्न।<br>• हरित विद्यालय निर्माणमा बालक्लबको भूमिका उल्लेख गर्न। |

| | | | | |
|---|---|---|---|---|
| | | स्रोत, वितरण र पानी शुद्धीकरणका स्थानीय उपायहरू पहिचान र अभ्यास गर्न।<br>• गाउँपालिकाबाट पुरा गर्न सकिने दिगो विकासका लक्ष्यहरू पहिचान गर्न।<br>• बित्थडचिर गाउँपालिका क्षेत्रमा दिगो विकास र वातावरण संरक्षणका तरिकाहरू उल्लेख गर्न। | गर्न।<br>• घरायसी ठोस फोहोरको व्यवस्थापन अन्तरगत गड्यौंले मलको महत्व बताउन र उपयोग गर्न।<br>• दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध बताउन।<br>• दिगो विकास र वातावरण संरक्षणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका बताउन। | • हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक आधारभूत पक्षहरू पहिचान गर्न। |
| ७ | स्थानीय पेसा, व्यवसाय र प्रविधि | • स्थानीय परम्परागत पेसा र व्यवसायको परिचय भन्न ।<br>• बित्थडचिरको अन्नबाली र नगदेवाली बिच फरक छुट्याउन ।<br>• व्यावसायिक तरकारी खेती (आलु,काउली,गोलभेडा,घिरौंला....) को उपयोगिता बताउन ।<br>• बाखा तथा कुखुरा पालनको महत्व भन्न ।<br>• स्थानीय परम्परागत हस्तकलाको परिचय दिन र सामग्रीहरू पहिचान गर्न।<br>• स्थानीय प्रविधिको उदाहरणसहित परिचय दिन। | • पशुपंक्षीको हेरचाह(गाई/भैंसी वा अन्य पशुपालन) गर्न ।<br>• पशुबिमाको परिचय तथा यसका फाइदाहरू बताउन।<br>• स्थानीय स्तरमा उत्पादन हुने फलफूल खेतीका लागि स्थानको छनोट र खेतीमा सहभागी हुन।<br>• स्थानीय स्तरमा प्रयोग भई आएका परम्परागत प्रविधिको पहिचान गर्न । | • स्थानीय पेसाको प्रवर्धनमा पालिकाको भूमिका बताउन ।<br>• पालिकामा व्यावसायिक रूपमा गरिने टनेल खेतीको परिचय र महत्व बताउन ।<br>• दैनिक जीवनमा प्रयोग हुने स्थानीय प्रविधिको संरक्षण र महत्व बताउन ।<br>• स्थानीय उत्पादनमा जैविक मलको महत्व बताउन। |

# परिच्छेद : चार

## ४.१ विषयवस्तुको विस्तृतीकरणः

### कक्षा १

| थिम | सिकाइ उपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ कार्यकलाप | शिक्षण सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| १. म र मेरो परिवार | • स्थानीय भाषामा आफ्नो परिचय दिन । | मेरो परिचय | • कक्षामा परिचय सहित चित्र प्रदर्शन गरी छलफल गर्ने ।<br>• शिक्षकले उपयुक्त अभिवादन सहित आफ्नो परिचय (नाम, ठेगाना) दिने ।<br>• विद्यार्थीलाई पालैपालो परिचय दिन अभ्यास गराउने । | चित्र | • तपाईंको नाम के हो ?<br>• तपाईंको गाउँ टोलको नाम के हो ? |
| | • आफ्नो परिवारका सदस्यहरूको नाम भन्न । | परिवारका सदस्यहरूको नाम | • प्रत्येक विद्यार्थीहरूलाई साथीहरूबिच नमस्कार गर्न लगाई आफनो परिचय दिँदै आ-आफ्नो घरमा भएका सदस्यहरू को -को छन् भनी नाता भन्न लगाउने ।<br>• सबै विद्यार्थीलाई पालैपालोआमाबुबा लगायत परिवारका सदस्यहरूकोनाम भन्न लगाउने । | नाता सम्वन्धी भूमिका अभिनय गरेको भिडियोहरू | • तपाईंको घरमा को को हनुहुन्छ ?<br>• आफ्नोघरपरिवारका सदस्यको नाम सोध्ने । |
| | • आफ्नो परिवारसँगको स्थानीय नाता बताउन । | स्थानीय नाता सम्वन्धी शब्दहरूको प्रयोग । | • परिवारका सदस्यको नाता जनाउने चित्र देखाई छलफल गर्ने (आमा, बुवा,बाजे ,बज्यै,काका, काकी, दाजु, भाउजु, आदि र स्थानीय नाताका शब्दहरू) | • परिवारको सदस्यहरू भएका तस्विर, नाता जनाउने शब्द पत्ती र | • आफ्नो परिवारसँगको स्थानीय नाता जनाउने शब्दहरू भन्न लगाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | वाक्यपत्तीहरू | |
| | • परिवारमा नाता अनुसार अभिवादन तथाआशीर्वादको अभिनय गर्न । | अभिवादन तथा आशिर्वाद दिने तरिका । | • विद्यार्थीहरूलाई समूहमा विभाजन गरी अभिवादन तथा आशिर्वादको अभिनय गर्न लगाउने। | • अभिवादन तथा आशिर्वाद जनाउनेशब्दपत्ती र वाक्यपत्तीहरू<br>• नमस्कार /ढोगका अभिनय गरेका भिडियोहरू | • तपाईंहरू आमा बुवालाई कसरी अभिवादन<br>• गर्नुहुन्छ ?<br>• तपाईंहरू भाई बहिनीलाई कसरी आशिर्वाद<br>• दिनुहुन्छ ?<br>• ढोग/नमस्कार अभिनय गर्ने तरिकाको अवलोकन गर्ने। |
| | • आफ्नो सामानको पहिचान गर्न । | • मेरा सामानहरू | • विद्यार्थीलाई उनीहरूसँग के के सामाग्री छन् भनी सोध्ने ।(झोला, कोठा र घरमा भएका सामग्री)<br>• व्यक्तिगत सामग्रीका चित्र देखाई आफूले प्रयोग गर्ने सामानको पहिचान गर्न लगाउने । | • बालबालिकाहरूले प्रयोग गर्ने विभिन्न सामग्रीहरूका चित्रहरू(जस्तै: कापी, कलम, किताब, झोला, जुत्ता आदि ) | • तपाईको प्रयोग गर्ने कुनै ४ वटा सामानको नाम भन्नुहोस् । |
| २.<br>मेरो दैनिक जीवन (योगा, स्वास्थ्य, सरसफाइ, सुरक्षा र | • स्थानीय स्तरमा खेलिने खेलका नाम बताउन । | स्थानीय खेलहरू<br>कुस्ती, रूमाल चोर, डण्डीबियो,लुकामारी आदि । | • तपाईंहरूले घर अथवा विद्यालयमा कुन कुन खेलहरू खेल्नु हुन्छ ? भनी प्रश्नोत्तर गर्ने र शिक्षकले टिपोट गर्दै जाने ।<br>• शैक्षणिक सामग्रीको सहायताले शिक्षकले कक्षामा थप स्थानीय खेलहरूको नाम लिखित चार्ट कक्षामा देखाउने (जस्तै: रूमाल चोर,भित्र बाहिर,लुकामारी आदि)<br>• बालबालिकालाई टिपोट गरिएका | स्थानीय खेलहरूको चार्ट | • स्थानीय स्तरमा खेलिनेकुनै ५ खेलका नाम बताउनुहोस । |

| | | | | | |
|---|---|---|---|---|---|
| खेलकुद) | | | स्थानीय खेलका नाम पढ्न लगाउने । | | |
| | • स्थानीय खेलहरूको सामान्य अभ्यास गर्न । | • स्थानीय खेलहरूको अभ्यास | • तपाईंहरूलाई सबै भन्दा मन पर्ने स्थानीय खेल कुन हो भनेर सोध्ने र विद्यार्थीहरूलाई उक्त खेल खेलाउने ।<br>• विद्यार्थीले खेल खेल्दा शिक्षकले सघाउने र राम्रो गर्ने विद्यार्थीको लागि समूहमा ताली बजाउन लगाउने ।<br>• शिक्षकले खेलकै माध्यमबाट विभिन्न खेलहरूका नाम र खेल्ने तरिका विद्यार्थीसँगै अभिनय गरी सिकाउने। | खेलसँग सम्बन्धित सामग्रीहरू | विद्यार्थीहरूले खेलेका खेलहरूको अवलोकन गरी मूल्याङ्कन गर्ने। |
| | • सामान्य योगाभ्यासका आधारभूत क्रिया गर्न । | योगाभ्यास | • शिक्षकले सामान्य योगाभ्यास नाम सहित परिचय दिने ।<br>• योगाभ्यास सम्बन्धीको भिडियो कक्षाकोठामा प्रदर्शन गर्ने र सोही अनुसार शिक्षकले विद्यार्थीलाई सामान्य योगाभ्यास गर्न सघाउने ।<br>• शिक्षकले सामान्य योगाभ्यासको विद्यार्थीको अगाडि अभिनय गर्ने र विद्यार्थीहरूलाई सामान्य योगाभ्यास गर्न लगाउने ।(जस्तै : ढाड सिधा गर्ने, आँखा चिम्लेर ध्यान गर्ने, पेटथिचेर स्वास प्रश्वास आदि) | • कार्पेट<br>सामान्य योगाभ्यास सम्बन्धी भिडियो तथा पोष्टरहरू | विद्यार्थीहरूले गरेका सामान्ययोगाभ्यासको अवलोकन गरी मूल्याङ्कन गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | • सामान्य सरसफाइको बानी बसाल्न(हात-मुख धुने, ब्रस गर्ने) | सरसफाइ | • विद्यार्थीहरूलाई सफा बालबालिकाको भिडियो वा चित्रहरू कक्षामा देखाई छलफल गर्ने ।<br>• हामीले पनि चित्रमा जस्तै सफा बस्नु पर्छ भनी सम्झाउने<br>• सरसफाइका लागि सधैं साबुन पानीले हात मुख, धुने ब्रस गर्ने बानीको विकास गराउने ।<br>• कक्षामा सफा विद्यार्थीलाई नमूनाको रूपमा उपस्थित गराउने । | भिडियो वा चित्रहरू | • सफा हुन के के गर्नु पर्छ? सोध्ने ।<br>• हात मुख धुने काम मुख्य गरी कुनकुन समयमा गर्नु हुन्छ सोध्ने ।<br>• ब्रस गर्दा हुने फाइदा भन्न लगाउने । |
| | • आफ्नो दैनिक प्रयोगमा आउने सामानको नाम बताउन | प्रयोगमा आउने सामान | • कक्षाकोठामा घरमा दैनिक प्रयोग हुने सामानहरूको चित्र समेटिएको चार्ट प्रदर्शन गर्ने ।<br>• बालबालिकाहरूलाई घरमा भएका यस्तै सामानहरूको नाम भन्न लगाउने । | सामानहरूको चित्र | बालबालिकाहरूलाई घरमा भएका सामानको नाम भन्न लगाउने । |
| ३। हाम्रो समुदाय | • आफ्नो गाउँ/टोलको नाम ठेगाना बताउन । | • मेरो गाउँ टोल | • शिक्षकले कक्षाकोठामा कक्षा प्रारम्भका लागि उपयुक्त वातावरणको सिर्जना पश्चात सबैले देख्ने र सुन्ने गरी आकर्षक रूपमा आफ्नो गाउँ तथा टोलको नाम सहित आफ्नो परिचय दिने ।<br>• विद्यार्थीहरूलाई पनि पालैपालो | • बित्थडचिर गाउँपालिकाको नक्सा | • गाउँ / टोलको नाम भन्न लगाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | आफ्नो गाउँ, टोलको नाम भन्न लगाउने र शिक्षकले आवश्यक रूपमा सहजीकरण गर्ने ।<br>• कक्षा कोठामा गाउँ तथा टोलको परिचय खुल्ने कुनै शैक्षिक सामग्री भए थप स्पष्ट पार्नका लागि प्रदर्शन गर्ने । | | |
| | • आफू र आफ्नो घरपरिवारको सामान्य पारिवारिक पृष्ठभूमि बताउन । | • पारिवारिक पृष्ठभूमि | • विद्यार्थीहरूलाई पालैपालो उनीहरू जन्मिएको ठाउँ र जन्मिएको साल, महिना, गते, बार भन्न लगाउने ।<br>• प्रश्नोत्तर विधिद्वारा उनीहरूको विगतका बारेमा बताउन लगाउने ।<br>• आफ्नो मामा घर, बुबाको मामा घर बारे कक्षामा पालैपालो प्रश्न गर्ने । | • भित्तेपात्रो तथा क्यालेण्डर | • आफू जन्मिएको साल भन्न लगाउने ।<br>• विद्यार्थीहरूलाई आफ्नो मामा बारेमा:भन्न लगाउने ।<br>• परिवारका सबै सदस्यहरूको विवरण लेख्न लगाउने । |
| | • गाउँमा बस्ने जातजातिहरूको नाम बताउन । | स्थानीय जातजातिहरू | • बालबालिकाहरूलाई आफ्नो गाउँमा बस्ने जातजातिहरूको नाम भन्न लगाउने र शिक्षकले सेतोपाटीमा विद्यार्थीले भनेका जातजातिहरूका नाम टिपोट गर्ने ।<br>• शिक्षकले चार्टमा टिपोट गरिएका स्थानीय जातजातिको नाम लिखित शैक्षिक सामग्री कक्षामा देखाउने र विद्यार्थीहरूलाई हाम्रो समुदायमा उल्लेखित जातजातीका मानिसहरू हाम्रो समुदायमा बसोबास गर्छन् भनी स्पष्ट पारिदिने । | चार्टहरू | • तपाईंको गाउँमा कुनकुन जातजातीका मानिसहरू बस्छन् सोध्ने ।<br>• आफ्नो जात वा थरको नाम कापीमा लेखि भन्न लगाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • चार्टमा उल्लेखित जातजातिका नाम कापिमा टिपोट गर्न लगाई सस्वरवाचन गर्न लगाउने | | |
| ४.<br>**हाम्रो संस्कृति** | • स्थानीय खानाहरूको नाम बताउन। | आफ्नो घरमा दैनिक तथा चाडपर्वमा पकाइने खानाका स्थानीय परिकार: माणा,बटुक, सेल, पुरी, रोटी, चुकानी........ | • शिक्षकले छलफल विधिद्वारा तपाईंहरूले क-कसले दैनिकरूपमा घरमा के के खानेकुरा खाने गर्नु भएको छ सोध्ने ।<br>• खानाका स्थानीय परिकार: माणा,बटुक, सेल, पुरी, रोटी, चुकानी........समेटिएको चित्र तथा पोष्टर प्रदर्शन गरी स्थानीय परिकारबारे जानकारी दिने ।<br>• स्थानीय पर्व तथा विशेष अवसरहरूमा पकाइने परिकारबारे जानकारी दिने । | खानाका स्थानीय परिकार: माणा,बटुक, सेल, पुरी, रोटी, चुकानी........समेटिए को चित्र तथा पोष्टर | • दैनिक रूपमा घरमा खाइने खानाहरूको नाम, मौखिक प्रश्नगरेर भन्न लगाउने।<br>• विभिन्न चाडपर्वमा पकाइने खानाहरूको चित्र देखाई कुन चाडपर्वमा के खाना खाइन्छ भन्न लगाउने। |
| | • स्थानीयपोसाकहरूको (परम्परागत) पहिचान गर्न। | बालबालिका,महिला र पुरूषहरूले लगाउने परम्परागत पोसाक जस्तैःझक्लो,गुन्रे, धोति,दाउचो, गादो,भोटो,पटुकी, | • चित्र तथा फोटो प्रदर्शन गरी विद्यार्थीहरूलाई पालैपालो स्थानीयरूपमा लगाईने परम्परागत पोसाकहरू बारे छलफल गर्ने ।<br>• स्थानीय स्तरमा लगाईने परम्परागत मौलिक पोसाकहरू भन्न लगाउने ।<br>• शिक्षकले चित्र तथा पोसाकको लिखित चार्टबाट थप जानकारी दिने । | स्थानीय पोसाकहरूको नाम लिखित चार्ट<br>चित्र तथा फोटो | • परम्परागत रूपमा लगाईने महिला र पुरूषका पोसाक के के हुन चित्रमा पहिचान गर्न लगाउने।<br>• महिला र पुरूषले लगाउने पोसाकको नाम लेखि भन्न लगाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | चोली, आदि। | | | |
| | • स्थानीय बाजाहरू पहिचान गर्न। | स्थानीय लोकबाजा तथा गीत (जात्रा, मेला, देवीदेवताको पूजा, बिहे, नाच आदिमा बजाइने परम्परागत बाजाहरू,जस्तैःभोकर,दाइनो, दमाउ,शंख,घाट, ढाको, आदि।) | • विभिन्न लोकबाजाहरूको फोटो वा चित्र भएको चार्ट देखाई त्यसमा भएका बाजागाजा मध्ये आफूले चिनेका स्थानीय बाजाहरूको नाम भन्न प्रेरित गर्ने।<br>• स्थानीय रूपमा बजाइने बाजाहरूबारे थप जानकारी दिने। | • चार्ट<br>• विभिन्न लोकबाजाहरूको फोटो वा चित्र | • विभिन्न स्थानीय बाजाहरूको फोटो वा चित्र देखाई बाजाहरूको नाम बताउन लगाउने। |
| | • स्थानीय गीत गाइने अवसर बताउन। | स्थानीय गीत गाइने अवसर जस्तैः बिहे फाग,सगुन,पूजा आरती,जात्रा भस्सो भलाउलो ढुस्को आदि। | • कक्षामा स्थानीय रूपमा मनाइने पर्व तथा विशेष अवसरहरू भन्न लगाउने ।<br>• बिहे फाग,सगुन,पूजा आरती,जात्रा भस्सो भलाउलो ढुस्को जस्ता अवसर तथा पर्व विशेष समेटिएको चार्ट देखाउने ।<br>• पर्व तथा अवसर विशेषमा गाउँने गीत तथा लोक संस्कृतिबारे जानकारी दिने । | चार्ट | • फाग,सगुन,भस्सो,आरती आदिको अडियो सुनाएर तिनीहरू कुन अवसरमा गाइन्छन् भनेर छलफल गराईबताई दिने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ हाम्रो पालिका | • आफनो टोल,छिमेक र गाउँको नाम तथा पालिकाको नाम बताउन। | • आफनो टोल,गाउँ,छिमेकी गाउँको सामन्य परिचय । <br>• पालिकाको समान्य परिचय । | विद्यार्थीहरूलाई आ-आफनो टोल,गाउँ,छिमेकी टोल,गाउँको नाम भन्न लगाउने। <br>• आफू बसोबास गर्ने ठाउँ वरपरका,आफ्नो गाउँमा रहेका सडक,गोरेटो बाटो के के छन् छलफल गराई,चित्र,नक्सा प्रयोग गरी तिनीहरूको जानकारी गराउने। <br>• साथीको गाउँ चिन्ने,आफ्नो गाउँमा रहेका सडक,बाटो,गोरेटो चिन्ने खेल खेलाउने। <br>• पालिकाको नाम बताईदिने र विद्यार्थीहरूलाई भन्न लगाउने । | चित्र <br>नक्सा | • विद्यार्थीहरूलाई आ-आफनो टोल,गाउँ,छिमेकी टोल,गाउँको नाम भन्न लगाउने। <br>• आफ्नो गाउँपालिकाको नाम भन्न लगाउने । |
| | आफ्नो टोल,गाउँमा रहेका सडक,गोरेटो,घोरेटो बाटो बताउन। | आफ्नो टोल,गाउँमा रहेका सडक,गोरेटो,घोरेटोको पहिचान। | • कक्षामा स्थानीय तहको नक्सा तथा स्थानीय गाउँ टोलको फोटो तथा भिडियो देखाई छलफल गर्ने । <br>• फोटोको माध्यमबाट बाटो,गाउँ,टोल पहिचान गर्न लगाउने । <br>• स्थानीय रूपमा रहेका आफ्नो गाउँ टोलमा रहेका गोरेटो घोरेटो बाटो भन्न लगाउने । | फोटो तथा भिडियो <br>नक्सा | गाउँ टोलमा रहेका बाटोको नाम भन्न लगाउने । |
| ६ मेरो सिर्जना | • सुनेका स्थानीय गीतहरू गाउन | स्थानीय गीतहरू <br>देउडा गीत, <br>बालगीत, <br>आदि । | • कक्षामा बालबालिकाहरूलाई मन पर्ने गीत गाउन लगाउने । <br>• एउटै प्रकारको गीत गाउँनेहरूको एउटा समूह बनाउने । <br>• शिक्षकले गाएर वा रेकर्ड सुन्न | रेकर्डर वा मोवाइल | • बालबालिकाहरूलाई रेकर्डर वा मोबाइलबाट गीत सुन्न लगाएर पालैपालो कुन गीत हो ? छुट्याउन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | लगाएर कुन गीत हो ? छुट्याउन लगाउने ।<br>• विद्यार्थीहरूले गाएको गीत मध्ये कुनै एक/दुई उत्कृष्ट गीतलाई शिक्षक समेतको सहभागितामा समूहमा गायन गर्न लगाउने । | | लगाउने ।<br>• बालबालिकाहरूलाई पालैपालो मनपर्ने गीत गाउन लगाई मूल्याङ्कन गर्ने । |
| | • स्थानीय गीतमा एकल नृत्य गर्न । | • एकल नृत्य | • सर्वप्रथम शिक्षकले गीत गाएर वा रेकर्ड सुनाएर आफू नाच्ने र विद्यार्थीहरूलाई पालैपालो नृत्य गर्न लगाउने ।<br>• शिक्षकले बालबालिकाहरूसँग गीत गाउँदै बालबालिकाहरूलाई स्वतन्त्र रूपमा नृत्य गर्न लगाउने । | • मोबाइल वा रेकर्डर | • बालबालिकाहरूलाई पालैपालो नृत्य गर्न लगाई शिक्षकले अवलोकन गरी मूल्याङ्कन गर्ने । |
| | • स्थानीय बाजाहरूको नाम भन्न । | स्थानीय बाजाहरू | • बालबालिकाहरूलाई आफ्नो स्थानीय क्षेत्रमा बजाइने बाजाहरूको नाम पालैपालो भन्न लगाई शिक्षकले सेतो पाटीमा नाम टिप्दै जाने । जस्तैः दाइनो, दमाउ, नरसिंहा, झ्याली, ढोल, हुड्को मादल आदि ।<br>• शिक्षकले आफूले तयार पारेको स्थानीय बाजाहरूको सूची बालबालिकाहरूलाई देखाई छलफल गर्ने । | • स्थानीय बाजाहरूको सूची<br>• स्थानीय बाजाहरूको चित्र वा स्थानीय बाजाहरू | • स्थानीय क्षेत्रमा बजाइने कुनै चार ओटा बाजाहरूको नाम भन्न लगाउने । |
| | • स्थानीय स्तरमा पाइने | • स्थानीय | • आफ्नो स्थानीय स्तरमा पाइने विभिन्न | • विभिन्न वस्तुका | • बालबालिकाहरूलाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | वस्तुहरूको चित्र छाप्न । | वस्तुहरूको चित्र | वस्तुहरूको चित्रहरूको प्रदर्शन वा अवलोकन गरी ती चित्रहरू बालबालिकाहरूलाई कोर्न लगाउने । जस्तै: पात, पुतलीको चित्र, हातको पञ्जा आदि ।<br>• बालबालिकाहरूलाई स्थानीय स्तरमा पाइने विभिन्न वस्तुहरूको चित्र छाप्न र रङ लगाउन अभ्यास गराउने । | चित्रहरू | स्थानीय क्षेत्रमा पाइने कुनै चार ओटा वस्तुका चित्रहरू दिई छाप्न र रङ लगाउन दिई मूल्याङ्कन गर्ने । |
| ७ हाम्रा आर्थिक क्रियाकलापहरू | • आफूले गर्ने कार्य र घरका सदस्यहरूले गर्ने दैनिक कार्यहरू भन्न । | घरमा आफू र परिवारका सदस्यहरूले गर्ने कार्यहरू | • परिवारले घरका कार्य गरिरहेको चित्र प्रदर्शन गरी कस कसले के के कार्य गरिरहेका छन प्रश्न उत्तर गर्ने<br>• पालै पालो विद्यार्थीहरूले घरमा गर्ने कार्यहरू भन्न लगाउने र ती कामहरूले गर्दा परिवारका अन्य सदस्यहरूलाई के कस्तो सजिलो भएको बारे छलफल गराउने<br>• घरमा अशक्त वा वृद्धवृद्धालाई गरिने सहयोगको अभिनय गर्न लगाउने<br>• आफ्ना सामग्री जस्तै कापी कलमको संरक्षण गर्ने उपाय बारे प्रश्नउत्तर र छलफल गर्दै ती उपायहरू अबलम्बन गर्न लगाउने | • परिवारमा एक अर्कालाई सहयोग गरिएको चित्र पत्ति तथा भिडियो | • घरमा आफूले गर्ने काम भन्न लगाउने ।<br>• के के कामका लागि अन्य सदस्यहरूसँग सहयोग माग्दछौं बताउन लगाउने ।<br>• कापी किताबको जतन कसरी गर्दछौ? सोध्ने । |
| | • काम गर्दा हुने फाइदा भन्न | कामका | • शिक्षकले आफूले र घरका सदस्यले गर्ने कामको बारेमा | | काम गर्दा हुने फाइदाहरू |

| | | | | | |
|---|---|---|---|---|---|
| | | फाइदाहरू | कक्षामा सुनाउने ।<br>• विद्यार्थीहरूलाई घरमा तपाईं र परिवारका सदस्यले केके काम गर्छन् भन्न लगाउने ।<br>• सबैले काम गर्दा हुने फाइदाहरूबारे स्पष्ट जानकारी दिने । | | भन्न लगाउने । |
| ८ हाम्रो वातावरण | • वरपरको प्राकृतिक र मानव निर्मित वस्तुहरूको पहिचान गर्न । | • प्राकृतिक र मानव निर्मित वस्तुहरू | • विद्यार्थीहरूलाई आफ्नो घर वरपर र विद्यालय वरपर रहेका वस्तुहरूको नाम पालैपालो भन्न लगाउने ।<br>• विभिन्न वस्तुहरूको आकृति रहेको पोष्टर देखाई पहिचान गर्न लगाउने ।<br>• प्राकृतिक वा मानव निर्मित वस्तु कुन हुन् ? छुट्याउन लगाउने र छलफल गर्ने । | • प्राकृतिक वस्तुहरूको फोटो तथा पोष्टर<br>• मानव निर्मित वस्तुहरूको सूची | • कुनै ४ वटा प्राकृतिक वस्तुहरूको नाम भन्नुहोस ।<br>• कुनै ४ वटा मानव निर्मित वस्तुहरूको नाम भन्नुहोस । |
| | • घर र विद्यालय वरिपरिको जमिनको स्वरूप बताउन । | • जमिनको स्वरूप | • विद्यालयको परिसरबाट चारैतिरको भू वनावटको अवलोकन गराउने ।<br>• जमिनको स्वरूप(उकालो, ओरालो, समथर, भिरालो) वर्णन गर्न लगाउने ।<br>• उकालो, ओरालो, समथर, भिरालो वन जङ्गल नदीनाला भएको जमिन नै यहाँको स्वरूप भएको जानकारी गराउने । | | • विद्यालयको पूर्वपट्टी रहेको जमिनको स्वरूप कस्तो रहेको छ वर्णन गर्न लागउने ?<br>• आफू बस्ने गाउँको स्वरूप भन्न लगाउने । |
| | • आफ्नो कक्षाकोठामा रहेको | • सरसफाइ | • विद्यार्थीहरूलाई आफ्नो कक्षाकोठामा | • फोहोर वस्तुहरू, | • तपाईं घरको कोठा कसले |

| | | | | | |
|---|---|---|---|---|---|
| | फोहोर उचित ठाउँमा व्यवस्थापन गरी सरसफाइ गर्ने बानी बसाल्न । | | रहेका कागजका टुक्राहरू कक्षाकोठामै रहेको डस्टविनमा राख्न लगाउने ।<br>• विद्यार्थीहरूलाई कक्षाकोठामा रहेको फोहोरलाई खाल्डोमा फाल्न लगाई व्यवस्थापन गर्न लगाउने | डस्टविन | सफा गर्दछ ?<br>• तपाईं कक्षाकोठामा रहेको फोहोर वस्तु के मा फाल्नुहुन्छ ?<br>• विद्यार्थीहरूले फोहोर व्यवस्थापन गरेको अवलोकन गरी मूल्याङ्कन गर्ने । |
| ९। स्थानीय प्रविधि र बजार | • स्थानीय स्तरमा प्रयोग भईरहेका सामान्य सिपहरूको पहिचान गर्न । | स्थानीय सिपहरू जस्तै:डोको, डालो, घट्ट,माटोको भाँडा वर्तन,जाँतो अवलोकन तथा निर्माण आदि । | • कक्षामा विद्यार्थीहरूलाई स्थानीय स्तरमा प्रयोग हुने डोको बुन्ने, भाँडा वर्तन निर्माण, पानी घट्ट लगाएतका तस्विर देखाई पहिचान गर्न लगाउने ।<br>• चित्रका अलवा आफ्नो टोल समुदायमा निर्माण गरिने कामहरू भए भन्न लगाई ती निर्माण विशेष प्रकारको सिप भएको जानकारी दिने । | • स्थानीय सिप अंकित विभिन्न तस्विर तथा पोष्टरहरू | • तपाईंको घर तथा टोलमा प्रयोग हुने कुनै २ वटा सिपको नाम भन्नु होस् । |
| | • स्थानीय सिपहरू/प्रविधि प्रयोगमा चाहिने सामान्य सामग्रीहरूको नाम भन्न । | स्थानीय प्रविधिको विकासमा प्रयोग हुने सामग्रीहरू | • विद्यार्थीहरूलाई कक्षामा डोको डालो,स्थानीय रूपमा निर्माण गरिएका भाँडाकुडाका सामान देखाई पहिचान गराउने ।<br>• डोको वा अन्य साधन बनाउँदा कुन कुन सामग्रीहरू प्रयोग हुन्छन् विद्यार्थीलाई थाहा भए जति भन्न लगाई स्थानीय रूपमा सामान बनाउँदा प्रयोग गरिने साधनहरूको नाम शिक्षकले स्पष्ट हुने गरी बताईदिने । | | • डोको डालो निर्माण गर्दा के को प्रयोग हुन्छ ?<br>• घट्ट चलाउन के के चाहिन्छ ? |
| | • परिवारका सदस्यहरूले | परिवारका | • विद्यार्थीहरूलाई कक्षामा बजार देखु | | • बजारबाट के के किन्न |

| | | | | | |
|---|---|---|---|---|---|
| | बजारमा किनबेच गर्ने सामग्रीहरू भन्न । | सदस्यहरूले बजारमा किनबेच गर्ने सामग्रीहरू | भएको छ ? बजारमा के के पाइन्छ, सोध्ने ।<br>• बजारमा केके गरिन्छ विद्यार्थीहरूलाई पालैपालो भन्न लगाउने ।<br>• शिक्षकले पनि बजारमा स्थानीय स्तरमा निर्माण हुने सामानहरू जस्तै तरकारीलगाएत सामान विक्री गर्न र स्थानीय स्तरमा उत्पादन नहुने वस्तुहरू कनेर ल्याउन सकिने स्पष्ट पारिदिने । | | सकिन्छ ।<br>• तपाईं समुदायमा निर्माण गरी बजारमा विक्री गर्न सकिने कुनै तीन उत्पादनको नाम भन्नुहोस् । |
| १०<br>विपद् जोखिम न्यूनीकरण | • विभिन्नविपद्हरूको नाम बताउन । | विपद्का रूपहरू बाढी, पहिरो, आगलागी, भूकम्प, महामारी आदि । | • विभिन्न विपद्जन्य चित्र देखाई कक्षामा छलफल गर्ने ।<br>• चित्रमा देखिएका विपद्को नाम भन्न लगाउने ।<br>• शिक्षकले स्पष्ट पहिचान हुने गरी जानकारी दिने | विपद्का चित्रहरू | स्थानीय स्तरमा देखेका विपद्का नाम भन्न लगाउने । |
| | विपद्का कारणहरू बताउन. | विपद्का कारणहरू ८ | • विपद्का कारणहरू सम्बन्धी पोष्टर तथा चार्ट प्रदर्शन र छलफल<br>• भिडियो पर्दशन गरी विपद्का कारणहरू भन्न लगाउने।<br>• विभिन्न विपद्हरू बारे बेग्ला बेग्लै छलफल गराई विद्यार्थीहरूलाई क्रमशः भन्न लगाउने साथै आवश्यक भए सहजीकरण गर्ने । | पोष्टर भिडियो तथा चार्ट तथा चित्रहरू | विपद्का कारणहरू भन्न लगाउने । |

## ४.२ विषयवस्तुको विस्तृतीकरण:

**कक्षा: २**

| थिम/ क्षेत्र | सिकाइ उपलब्धी | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामग्री | मुल्याङ्कन |
|---|---|---|---|---|---|
| म र मेरो परिवार | • परिवारका सदस्यहरूको स्थानीय नातागत शब्द प्रयोग गरी परिचय दिनका साथै सम्बन्धका बारेमा बताउन । | • म र मेरो परिवार | • परिवारका सबै सदस्यहरू भएको चार्ट वा पोस्टर प्रदर्शन गरी उनीहरूसँगको नातागत मातृभाषाका शब्दहरू भन्न लगाउने ।<br>• घरमा कुन कुन सदस्य बिच कस्तो सम्बन्ध छ भनीपालैपालो प्रश्न गर्ने र मिलेर बस्नु पर्छ भनी सम्झाउने । | • परिवारकोसदस्यहरू झल्काउने पोस्टरहरू | • तपाईंकोघरपरिवारमा को-को हुनुहुन्छ भनी केही विद्यार्थीहरूलाई पालैपालो सोध्ने ।<br>• तपाईंलाई घरपरिवारमा सबै भन्दा बढी माया कसले गर्छ ?सोध्ने ।<br>• तपाईंको घरमा सबैभन्दा असल व्यक्ति को हुनुहुन्छ ? उत्तर भन्न लगाउने । |
| | • आफ्नो परिवार र समुदायमा बोलिने उचित शब्दहरूको सूची बनाउन | • परिवार तथा समुदायमा बोलिने उचित शब्दहरूको सूची | • विद्यार्थीहरूलाई कक्षाकोठामा परिवार तथा समुदायका आदरणीय व्यक्तिहरूसित कसरी बोल्नुहुन्छ भनी कक्षाकोठामा अभिनय गर्न लगाउने र शिक्षकले आवश्यक सहयोग गर्ने ।<br>• कक्षाकोठामा स्थानीय आदरार्थी शब्दहरूको सूची भित्तामा टाँसी पढ्न लगाउने । | शब्द सूची | • परिवार तथा समुदायमा बोलिने उचित शब्दहरूको सूची बनाउन लगाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • सबै विद्यार्थीहरूलाई परिवार तथा समुदायमा बोलिने उचित आदरयोग्य शब्दहरू कापीमा शुद्धसँग लेख्न लगाउने । | | |
| | • आफ्नो सामानको जतन गर्न | • सामानहरूको जतन तथा सुरक्षा | • कक्षामा बालकालिकाहरूलाई दैनिक प्रयोग गरिने निजी सामानहरूको चित्र देखाउँदै छलफल गर्ने ।<br>• विद्यार्थीहरूलाई आआफ्नो सामानको नाम भन्न लगाउने ।<br>• सामानको सुरक्षाको बारेमा स्पष्ट जानकारी दिने । | सामानहरूको चित्र | सामानको जतन गर्ने तरिका भन्न र लेख्न लगाउने । |
| २. मेरो दैनिक जीवन | • स्थानीय स्तरमा खेलिने खेलका नाम भन्न तथा सामान्य नियम पालना गरी खेल्न। | • स्थानीय खेलहरूको नाम तथा सामान्य नियमहरू | • तपाईं आफ्नो घरमा कुन कुन खेल खेल्नु हुन्छ भनी सोध्ने र विद्यार्थीहरूले भनेका खेलका नामहरू बोर्डमा टिपोट गर्ने। जस्तैःगट्टा, टिपु, घुसूरी, साथी चिन्ने, मुसो बिरालो रूमाल चोर आदि<br>• स्थानीय खेल खेल्दा अवलम्बन गर्नु पर्ने नियमहरू बताउन लगाई सोही अनुसार खेल्न लगाउने । | • स्थानीय खेलहरूको सूची तथा सामान्य नियमहरूको चार्ट | • तपाईं घर तथा विद्यालयमा खेलिने कुनै ४ ओटा स्थानीय खेलहरूको नाम भन्नुहोस ।<br>• टिपु खेलका सामान्य नियमहरू भन्नुहोस र यस्तै अन्य प्रश्नहरू गर्ने । |
| | • घर र विद्यालयमा खेलिने स्थानीय खेलहरू खेल्न । | • स्थानीय खेलहरू | • आज हामी कुन खेल खेल्ने भनेर समूहमा सोध्ने र बहुमतले छनोट गरेको स्थानीय खेल खेलाउने । जस्तैः गट्टा, म्युजिकल चियर आदि ।<br>• खेल खेलिसकेपछि हामी खेल किन खेल्छौं ? भनी प्रश्न गर्ने । | • खेलसँग सम्बन्धित सामग्रीहरू | • विद्यार्थीहरूले खेल खेलेको अवलोकन गरी मूल्याङ्कन गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | • सामान्य योगाभ्यास गर्न । | • योगाभ्यास | • तपाईंले ज्ञानमुद्रा योगाभ्यास गर्नु भएको छ भनी प्रश्न गर्ने र शिक्षकले ज्ञानमुद्राको भिडियो देखाउँदै सोही बमोजिम योगाभ्यास गराउने<br>• तपाईंले अनुलोमविलोम, भस्त्रिका, उद्गीत योगाभ्यास गर्नु भएको छ भनी प्रश्न गर्ने र शिक्षकले अनुलोमविलोम र भस्त्रिका प्रणायामको भिडियो प्रदर्शन गरी सोही बमोजिम योगाभ्यास गराउने ।<br>• शिक्षकले विद्यार्थीको अगाडि ज्ञानमुद्रा, अनुलोम विलोम, भस्त्रिका, उद्गीतप्रणायाम अभिनय गरेर देखाउने र गर्न लगाउने । | • कार्पेट योगाभ्यास सम्बन्धी भिडियो | • समूहमा गरिएको योगाभ्यासको अवलोकन गरी मूल्याङ्कन गर्ने । |
| | • निर्देशन अनुसार नियमित कार्यहरू गर्न । | • हात मुख धुने तथा व्यक्तिगत सरसफाइ<br>• गृहकार्य गर्ने पढ्ने पढाउने<br>• घरपरिवारलाई सघाउने आदि | • कक्षामा शिक्षकले दैनिक जीवनसँग सम्बन्धित क्रियाकलाप लेखिएको चार्ट प्रदर्शन गरी समूह वा कक्षामा छलफल गर्न लगाउने ।<br>• विद्यार्थीलाई तपाईंहरू दैनिक के के काम गर्नु हुन्छ भिन्न प्रतिक्रिया लिने।<br>• दैनिक गर्नु पर्ने काम बारे स्पष्ट पारिदिने । | • चार्ट | • दैनिक घरमा गरिने कामहरू भन्न लगाउने । |
| ३.<br>हाम्रो समुदाय | • आफ्नो गाउँ/टोलको सामान्य परिचय दिन । | • गाउँ टोलको परिचय | • शिक्षकले आफ्नो गाउँ र टोलको परिचय दिने<br>• विद्यार्थीहरूलाई पालैपालो आ-आफ्नो गाउँ र टोलको परिचय दिन लगाउने ।<br>• विद्यार्थीहरूलाई आफ्नो साथीको गाउँ र | • चित्र पोष्टर | • आफ्नो गाउँ टोलको नाम भन्न लगाउने ।<br>• साथीको नाम र गाउँको नाम भन्न र लेख्न लगाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | टोलको नाम भन्न लगाउने । | | |
| | • आफ्नो समुदायमा असल काम गरी नाम कमाएका व्यक्तिहरूको नाम बताउन । | • स्थानीय समाजसेवी | • विद्यार्थीहरूलाई उनीहरूको गाउँटोलमा विभिन्न क्षेत्रमा सहयोग गर्ने व्यक्तिहरूको नाम सोध्ने र छलफल गर्ने । जस्तै: विद्यालय, मठमन्दिरमा चन्दा दिने, बाटोघाटो, चौतारो निर्माण गर्ने, माग्नेलाई सहयोग गर्ने आदि ।<br>• आफ्नो गाउँ/टोलमा असल काम गरी नाम कमाएका व्यक्तिहरूको सूची बनाई प्रस्तुत गर्ने र छलफल गर्न लगाउने । | • स्थानीय समाजसेवीहरूको सूची<br>• तस्विर | • आफ्नो वडामा असल काम गरी नाम कमाएका व्यक्तिहरूको नाम बताउन लगाउने । |
| | • आफ्नो कक्षाकोठामा पढ्ने साथीहरूको घरपरिवारको सामान्य पारिवारिक पृष्ठभूमि बताउन । | • साथीहरूको पारिवारिक पृष्ठभूमि | • विद्यार्थीहरूलाई पालैपालो आफू र आफ्नो नजिक बसेको साथीको उमेर, जन्मस्थान सोधखोज गर्न लगाउने ।<br>• प्रश्नोत्तर विधिद्वारा आफ्नो र आफ्नो साथीको पृष्ठभूमि बारेमा बताउन लगाउने । मामा घर, बुवाको मामा घर बारे कक्षामा पालैपालो प्रश्न गर्ने<br>• एक विद्यार्थीलाई अर्को विद्यार्थीसँग उसको आमा, बुबा, हजुरबुबा, हजुरआमाको नाम भन्न लगाउने ।<br>• शिक्षकले कुनै व्यक्तिको विगतलाई कथाको रूपमा प्रस्तुत गरी दिने । | | • आफ्नो साथी जन्मिएको ठाउँ र जन्म मिति सोधेर लेख्न लगाउने ।<br>• तपाईंको साथीको मामा घर कहाँ हो? सोध्ने ।<br>• तपाईंको नजिकमा बस्ने साथीको हजुरबुवा र हजुरआमाको नाम सोधेर भन्नुहोस्। |

| | | | | | |
|---|---|---|---|---|---|
| | • समुदायमा मिलेर गरिने सामान्य कामहरूको सूची तयार पार्न । | • सामाजिक कामहरू | • बालबालिकाहरूलाई समूहमा विभाजन गरी गाउँटोलमा मिलेर गरिने कार्यहरू जस्तैः भोजभतेर, सरसफाइ, जन्ती, खेडी आदि बारे छलफल गराउने<br>• गाउँघरमा सामूहिक रूपमा मिलेर काम गरिरहेका चित्र तथा भिडियो देखाई मिलेर कार्य गर्दा हुने फाइदा बारे छलफल गराउने । | • सार्वजनिक स्थल सरसफाई गरिरहेका चित्र तथा भिडियोहरू<br>• गाउँघरमा सामूहिक रूपमा मिलेर काम गरिरहेका चित्र | • तपाई समूहमा मिलेर के के काम गर्न सक्नु हुन्छ ?<br>• तपाईको गाउँघरमा मिलेर गरिने कामहरू के के हुन् ?<br>• गाउँघरमा मिलेर काम गर्दा के के फाइदा हुन्छ ? |
| ४. हाम्रो संस्कृति र सभ्यता | • स्थानीय चाडपर्व तथा पर्वहरूको सूची तयार पार्न । | • स्थानीय चाँडपर्वहरू | • सेतोपाटीमा स्थानीय चाडपर्वहरूको नाम समेटिएको चार्ट देखाई पालैपालो पढ्न लगाउने।<br>• स्थानीय स्तरमा मनाइने चाडपर्वहरूको नाम कापिमा लेख्न लगाउने । | स्थानीय चाडपर्वहरूको नाम समेटिएको चार्ट | स्थानीय स्तरमा मनाइने चाडबाडहरूको सूची तयार पार्न लगाउने । |
| | • धार्मिक तथा सांस्कृतिक सम्पदाको सूची बनाउन। | • स्थानीय धार्मिक तथा सांस्कृतिक सम्पदाहरू | • कक्षामा विभिन्न धार्मिक सम्पदाहरूको चित्र देखाउने ।<br>• विद्यार्थीहरूलाई स्थानीय स्तरमा भएका धार्मिक ताथा सांस्कृतिक क्षेत्रहरूको नाम भन्न र लेख्न लगाउने ।<br>• खोजविधि प्रयोग गरी अभिभावकहरूको सहायताले बालबालिकाहरूलाई आफ्नो स्कुल र गाउँघर नजिक रहेका शिवालय, मण्डप, मन्दिर, थान, पूजाघर आदि खोजी तिनीहरूको सूची बनाउन लगाउने। | धार्मिक सम्पदाहरूको चित्र | • स्थानीयधार्मिक तथा सांस्कृतिक क्षेत्रहरूको नाम लेख्न लगाउने । |
| | • धार्मिक सम्पदा रहेको ठाउँसँग परिचित हुन। | • आफ्नो छरछिमेक,टोल तथा | • स्थानीय रूपमा रहेका विभिन्न धार्मिक स्थल रहेको स्थानहरू भन्न लगाउने । | | • नक्साको प्रयोग गरी स्थानीय धार्मिक तथा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गाउँमा रहेका विभिन्न धार्मिक तथा सांस्कृतिक सम्पदा जस्तैःशिवालय, मण्डप, मन्दिर, थान, पूजाघर आदि रहेको गाउँ, स्थान, बाटो र आफू बसेको ठाउँबाट त्यहा पुग्न लाग्ने अनुमानित समय। | • त्यस क्षेत्रको बाटो सुविधा, बसाइ तथा भौगोलिक अवस्थाको जानकारी लिने र दिने ।<br>• स्थानीय धार्मिक स्थानको बारेमा विद्यार्थीहरूलाई समग्र जानकारी दिने । | | सांस्कृतिक सम्पदा कहाँ छ सोध्ने।<br>• कसरी तिनीहरू रहेको स्थल सम्म पुग्ने बताउन लगाउने। |
| | • चाडपर्वमा पकाइने परिकारहरूको सामान्य जानकारी दिन। | • आफ्नो घरपरिवारमा विभिन्न चाडपरवमा पकाइने परिकारहरू जस्तै;खिर, माडा, बाबर, लाउन, लेटे, बट्को, चुकानी आदिको सामान्य जानकारी। | • विभिन्न परिकारहरूको चित्र प्रदर्शन गर्ने ।<br>• चाडबाडमा पकाइने विभिन्न परिकारहरूको तालिका अवलोकन गराउने ।<br>• कुन परिकार कुन चाडपर्वमा खाइन्छ भनेर पालैपालो भन्न लगाई त्यस्ता परिकार पकाइने चाडबाड बारे जानकारी दिने। | चित्र | • स्थानीय विभिन्न परिकारहरूको नाम भन्नु होस् । |
| | • चाडपर्व अनुसार परिकारहरू बिचको भिन्नता देखाउन। | • विभिन्न चाडपर्वहरूमा पकाइने खानाका परिकारहरू | • कुनै स्थानीय चाडपर्व झल्काउने चित्र देखाई हामीले कुन चाडपर्वमा के के कृयाकलापहरू गर्छौं ? समूह छलफल गर्ने ।<br>• समूह अनुसार कक्षामा प्रस्तुतीकरण गर्न लगाउने ।<br>• पर्व अनुसार परिकार बिचको भिन्नताबारे स्पष्ट पारिदिने । | चित्र | • ओल्के पर्वमा,गौरा पर्व मा पकाइने परिकारको नाम भन्न लगाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| ५.<br>हाम्रो पालिका | • आफनो घर रहेको वडा नम्बर,वडामा रहेका मानव निर्मित तथा प्राकृतिक सम्पदाको नाम बताउन। | • हाम्रो वडा<br>• मानव निर्मित तथा प्राकृतिक सम्पदाहरू (नदी, बाटो, घाटो मन्दिर,वन जङ्गल आदि ।) | • विद्यार्थीहरूलाई उनीहरू बस्ने घर, गाउँ कति नम्बर वडामा पर्छ भनेर सोध्ने।<br>• गाउँपालिकाको नक्सा देखाउँदै आफ्नो गाउँ भएको वडा चिन्न लगाउने।<br>• आफ्नो वडा भित्र रहेका सडक, गोरेटो, घोरेटो, बाटो, खोला, नदी के के र कहाँ छन् पालैपालो भन्न लगाउने। | वडा तथा पालिकाको नक्सा चित्र | विद्यार्थीहरूलाई उनीहरू बस्ने घर, गाउँ कति नम्बर वडामा पर्छ भनेर सोध्ने।<br>गाउँपालिकाको नक्सा देखाउँदै आफ्नो गाउँ भएको वडा चिन्न लगाउने।<br>आफ्नो वडामा पर्ने कुनै २ प्राकृतिक र मानव निर्मित सम्पदाको नाम भन्न लगाउने । |
| | • आफनो गाउँ पालिकाको नाम बताई जम्मा वडाहरूको सङ्ख्या बताउन | • आफनो गाउँ पालिकाका, वडाहरू | • कक्षामा विद्यार्थीहरूलाई आफ्नो गाउँ पालिकाको नाम भन्न र लेख्न लगाउने ।<br>• प्रशासनिक नक्सा प्रयोग गरी बित्थडचिर गाउँपालिकाबारे सामान्य जानकारी दिने ।<br>• सामूहिक तथा व्यक्तिगत रूपमा आफू बस्ने वडा भन्न लगाउने ।<br>• नक्सा देखाई आफ्नो गाउँपालिका वडाहरूको सङ्ख्या बारे जानकारी दिई विद्यार्थीहरूलाई स्पष्ट पारि दिने । | नक्सा | हाम्रो गाउँपालिकामा जम्मा कति वडा रहेका छन् भन्न लगाउने।<br>नक्सा हेरी आफ्नो गाउँपालिकाको नाम पढ्न र लेख्न लगाउने।<br>नक्सामाको अवलोकन गराई आफनो गाउँपालिका वरिपरि रहेका गाउँपालिका वा नगरपालिका पहिचान गर्न |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | लगाउने। |
| ६. मेरो सिर्जना | • स्थानीय गीतहरू सुनेर सामान्य सुर ताल लय मिलाई गाउन । | • स्थानीय स्तरमा गाइने लोक देउडा गीत | • कक्षा कोठामा बालबालिकाहरूलाई स्थानीय स्तरमा गाइने मन पर्ने गीतहरू लय मिलाएर गाउन लगाउने ।<br>• शिक्षक समेतको सहभागितामा गीत गाउँदै वा रेकर्ड बजाएर सोसँग मिल्ने गरी समूह गायन गर्न लगाउने ।<br>• कक्षामा एकल देउडा गीत गाउन प्रोत्साहित गर्ने । | अडियो,भिडियो गीतहरू | • गाउँ टोलमा गाईने कुनै लोक देउडा गीत लय मिलाएर सुनाउन लगाउने ।<br>• समूहमा गीत गाउन लगाउने । |
| | स्थानीय गीतमा एकल र सामूहिक नृत्य गर्न । | • स्थानीय स्तरमा गाइने लोक देउडा गीत | • शिक्षकले गीत गाएर वा रेकर्ड सुनाएर विद्यार्थीहरूलाई पालैपालो एकल नृत्य गर्न लगाउने<br>• शिक्षकले गीत गाएर वा रेकर्ड सुनाएर विद्यार्थीहरूलाई समूहमा विभाजन गरी पालैपालो सामूहिक नृत्य गर्न लगाउने ।<br>• शिक्षकले बालबालिकाहरूसँग गीत गाउँदै प्रत्येक बालबालिकाहरूलाई एकल नृत्य र सामूहिक नृत्य गर्न लगाउने । | गीतको अडियो, बाद्यवादनका साधनहरू | • बालबालिकाहरूलाई पालैपालो एकल नृत्य गर्न लगाई शिक्षकले अवलोकन गरी मूल्याङ्कन गर्ने ।<br>• बालबालिकाहरूलाई समूहमा विभाजन गरी सामूहिक नृत्य गर्न लगाई शिक्षकले अवलोकन गरी मूल्याङ्कन गर्ने । |
| | • माटोका विभिन्न आकृतिहरू बनाइ उपयुक्त रङ मिलाउन | • विभिन्न आकृतिहरू | • बालबालिकाहरूलाई २/३ जनाको समूहमा विभाजन गरी माटोको प्रयोग गरी गोलो, बाटुलो, लाम्चो, चेप्टो आदि विभिन्न आकारहरू बनाउन लगाई शिक्षकले आवश्यताअनुसार रङ भर्न सहजीकरण गर्ने । | चित्र पोष्टर | माटोबाट सुगाको चित्र बनाइ कक्षाकोठामा प्रदर्शन गराउने। |

| | | | | | |
|---|---|---|---|---|---|
| | • स्थानीय क्षेत्रमा पाइने आफूलाई मन पर्ने वस्तुहरूको चित्र कोर्न । | • वस्तुहरूको चित्र | • आफ्नो स्थानीय स्तरमा पाइने विभिन्न वस्तुहरूको चित्रहरूको प्रदर्शन गरी ती चित्रहरू बालबालिकाहरूलाई बनाउन लगाउने र उपयुक्त रङ भर्न लगाउने ।<br>• विद्यार्थीलाई कोलाज बनाउन लगाउने । | • विभिन्न वस्तुका चित्रहरू<br>• रङ | • बालबालिकाहरूलाई स्थानीय क्षेत्रमा पाइने कुनै चार ओटा वस्तुका चित्रहरू बनाउन र रङ लगाउन दिई मूल्याङ्कन गर्ने । |
| ७.<br><br>हाम्रा आर्थिक क्रियाकलापहरू | • आफ्ना परिवारका सदस्यहरूले गर्ने कार्यहरू भन्न र लेख्न। | • आमा बुबाको पेसा , व्यवसाय वा कार्यहरूको विवरण | • परिवारका सदस्यहरूले मिलेर घरको कार्य गरी रहेको चित्र वा भिडियो प्रर्दशन गरी क कसले के गरिरहेका छन प्रश्नउत्तर गर्ने ।<br>• शिक्षकले आफ्नो घरका सदस्यले गर्ने कामको सामान्य विवरण बताई विद्यार्थीहरूलाई पनि घरका सदस्यले गर्ने कामको विवरण वताउन उत्साहित गर्ने ।<br>• विद्यार्थीहरूलाई तपाईं घरमा कसले केके काम गर्छन् सोधी कापीमा लेख्न लगाउने । | • चित्र,पोष्टर,<br>• कार्यको विवरण | • घरमा आमा र बुबाले के के काम गर्छन् कापीमा लेखि पालैपालो सुनाउन लगाउने । |
| | • घरमा सदस्यहरूले मिलेर विभिन्न काम गर्दा हुने फाइदाहरू भन्न र सूची बनाउन। | • परिवारका सदस्यहरूले मिलेर काम गर्दा हुने फाइदा र महत्व | • विद्यार्थीहरूलाई तपाईं घरमा कसैलाई काम गर्न सहयोग गर्नु हुन्छ वा हुन्न भनी सोध्ने ।<br>• घरमा अन्य सदस्यहरू जस्तैः आमा बुबा, र तपाईं मिलेर काम गर्दा र एक्लै गर्दा के फरक देख्नु हुन्छ सोचेर भन्न लगाउने ।<br>• विद्यार्थीहरूको प्रतिक्रिया पश्चात सामूहिक कार्य गर्दा हुने फाइदाहरू शिक्षकले | • फाइदा र महत्वको सूची | • घरमा सामूहिक कार्य गर्दा हुने फाइदा के के हुन भन्न लगाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सेतोपाटीमा टिपोट गरी विद्यार्थीहरूलाई पनि कापीमा नोट गर्न लगाउने । | | |
| ८.<br>हाम्रो वातावरण | • आफ्नो टोल वरिपरिको जमिनको स्वरूप बताउन । | हाम्रो टोलको धरातलीय स्वरूप | • शिक्षकले विद्यार्थीलाई कक्षाकोठा बाहिर लगी धरातलीय स्वरूप अवलोकन गर्न लगाई छलफल गर्ने ।<br>• गाउँटोलको धरातलीय स्वरूप झल्किने भिडियो देखाउने ।<br>• विद्यार्थीहरूलाई गाउँ टोल अनुसार समूहमा विभाजन गर्ने ।<br>• प्रत्येक समूहलाई आफ्नो टोलको धरातलीय स्वरूप(डाँडा, भिरपाखो, खोला, उकालो, ओरालो आदि) बारे छलफल गर्न लगाई भन्न लगाउने ।<br>• विद्यार्थीहरूलाई गाउँटोलको फोटो/चित्र देखाउँदै गाउँटोल वरपर रहेको धरातलीय स्वरूपको समग्र अवस्था बताउने । | • गाउँटोलको धरातलीय स्वरूप झल्किने भिडियो<br>• गाउँटोलको फोटो/चित्र | • आफ्नो टोलको अग्लो ठाउँ, होचो ठाउँ, खोल्सा आदिको नाम भन्न लगाउने। |
| | • आफ्नो घर तथा विद्यालयको सरसफाइ गर्ने कार्यमा सहभागी हुन । | • घर तथा विद्यालयको सरसफाइ | • विद्यार्थीहरूलाई घर तथा विद्यालयको सरसफाइ गरिरहेका भिडियो तथा चित्र देखाउने ।<br>• विद्यार्थीहरूलाई समूहमा विभाजन गरी आफ्नो कक्षाकोठा र कक्षाकोठा परिसर सफा गर्न लगाउने ।<br>• घरमा सरसफाइका कार्यहरू कस-कसले गर्छन् ? तपाइंले घरमा के-के कुराको सरसफाइ गर्नुहुन्छ ? घरमा गरिने | • घर तथा विद्यालयको सरसफाइ गरिरहेका भिडियो तथा चित्र<br>• सरसफाइका लागि आवश्यक | • घरमा सरसफाइका कार्यहरू कस-कसले गर्छन् भन्न लगाउने ?<br>• तपाइंले घरमा के-के कुराको सरसफाइ गर्नुहुन्छ सोध्ने ?<br>• घरमा गरिने सरसफाइभित्र के-के पर्दछन् लेख्न लगाउने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सरसफाइभित्र के-के पर्दछन् ? भन्ने प्रश्नहरूको बारेमा विद्यार्थीहरूलाई छलफल गर्न लगाउने । | सामग्रीहरू | ।?<br>• विद्यार्थीले कक्षाकोठा, कक्षा कोठाको परिसर सफा गर्न लगाई अवलोकन गरी मूल्याङ्कन गर्ने । |
| | • आफ्नो गाउँ टोलमा रहेका प्राकृतिक श्रोतहरूको सूची बनाउन । | विभिन्न प्राकृतिक स्रोतहरू :ताल, नदी, वन,जङ्गल आदि । | • कक्षा कोठामा विद्यार्थीहरूलाई विभिन्न प्राकृतिक स्रोतहरू समेटिएको पोस्टर वा नक्सा प्रदर्शन गरी चित्रमा केके देख्यौ पहिचान गर्न लगाउने र शिक्षकले आवश्यक सहयोग गरी चित्रमा देखिएका तस्विरहरू प्राकृतिक स्रोत भएको जानकारी दिने ।<br>चित्रमा जस्तै तपाईं हाम्रो गाउँ वरिपरि के कस्ता प्राकृतिक स्रोत छन् भन्न लगाई शिक्षकले सेतोपाटीमा विद्यार्थीले भनेका कुराहरू टिपोट गर्दै जाने ।<br>विद्यार्थीले भनेका कुराहरूमा आवश्यक पृष्ठपोषण प्रदान गरी विद्यार्थीहरूलाई कापिमा सूचीकृत गर्न लगाउने । | • चित्र,पोष्टरहरू | • तपाईं वरपर रहेका प्राकृतिक स्रोतहरूको सूची तयार पार्नु होस्। |
| ९<br>स्थानीय प्रविधि र बजार | • स्थानीय स्तरमा प्रयोग भईरहेका सामान्य सिपहरू तथा प्रविधिको पहिचान गरी नाम भन्न र लेख्न । | स्थानीय स्तरमा प्रयोग भईरहेका सामान्य सिपहरू तथा प्रविधिहरू:पिठो पिस्ने घट्ट,उखु पेल्ने कोल,चुक निचोर्ने मेसिन,काठ चिर्ने मेसिन | विद्यार्थीहरूलाई शिक्षकले स्थानीय स्तरमा प्रयोग भई आएका प्रविधिहरू जस्तै पिठो पिस्ने घट्ट,उखु पेल्ने कोल,चुक निचोर्ने मेसिन,काठ चिर्ने मेसिन लगायतको तस्विर देखाउने र नाम पहिचान गराउने ।<br>तस्विरमा देखाईएका प्रविधिको उपयोग के कामका लागि र कसरी भईरहेको छ | • स्थानीय प्रविधिका तस्विरहरू | • तपाईं स्थानीय स्तरमा प्रयोग भएका स्थानीय प्रविधिहरूको नाम भन्नुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | लगायत | विद्यार्थीबाट प्रतिक्रिया बुझि नाम र सामान्य कामको बारेमा बताईदिने । | | |
| | • स्थानीय प्रविधिमा प्रयोग हुने साधानहरू पाइने ठाउँ पहिचान गर्न । | • स्थानीय प्रविधिमा प्रयोग हुने साधनहरू: बाँस,निगालो,काठ, ढुङ्गा, उखु आदि । | विद्यार्थीहरूलाई बाँस,निगालो,काठ, ढुङ्गा, उखु आदिको वास्तविक चित्र देखाई यिनीहरूको प्रयोग हाम्रो समुदायमा विभिन्न सिप तथा प्रविधमा भएको बारे स्पष्ट जानकारी दिने । स्थानीय सिप र प्रविधिलाई संरक्षण गर्न बाँस,निगालो,काठ, ढुङ्गा, लगायतका स्रोतको विकास गर्नु पर्ने भएको हुँदा उल्लेखित स्रोत पाइने स्थानहरू बारे विद्यार्थीसित छलफल गरी जानकारी दिने । | • वास्तविक चित्र | • निगालो कस्तो ठाउँमा पाइन्छ सोध्ने । |
| | • बजारको महत्व बताउन । | बजारको महत्व | कक्षा कोठामा बजारको महत्व उल्लेखित चार्ट प्रदर्शन गरी ध्यान दिएर पढ्न लगाउने । विद्यार्थीहरूलाई चार्टमा सूचीकृत बाहेक अन्य कुराहरू पनि बजारबाट पाउन सकिने भए बताउन लगाउने र शिक्षकले थप बुँदाका रूमा सूचीकृत गर्ने। बजार र यसको महत्वको बारेमा शिक्षकले विद्यार्थीलाई स्पष्ट जानकारी गराईदिने । व्यक्तिगत तथा सामुहगत रूपमा बजारको महत्व कापीमा टिपोट गर्न लगाई पालैपालो कक्षामा सुनाउन लगाउने । | महत्व उल्लेखित चार्ट | विद्यार्थीहरूलाई बजारको महत्व भन्न लगाउने । |
| १० विपद् | • स्थानीय क्षेत्रमा घटेकावा घट्न सक्ने विपद् | विपद्हरूको पहिचान: आगलागी, बाढी, | आफ्नो वरपर वा आफूले देखे भोगेका विपद् नाम भन्न लगाउने । आगलागी, बाढी, पहिरो, भूकम्प आदिले | आगलागी, बाढी, पहिरो, भूकम्प आदिले पुऱ्याएको | • स्थानीय स्तरमा भएका र हुन सक्ने विपद्को नाम भन्न |

| | | | | | |
|---|---|---|---|---|---|
| जोखिम न्यूनीकरण | पहिचान गर्न | पहिरो,भूकम्प आदि । | पुऱ्याएको क्षति भएको चित्र प्रदर्शन गर्ने र विपद् पहिचान गर्न लगाउने । | क्षति भएको चित्र | लगाउने । |
| | • विपदबाट बच्ने सामान्य उपाय अपनाउन । | आगलागी, बाढी, पहिरोबाट बच्न अपनाइने सामान्य उपायहरू | आगलागी, बाढी, पहिरोले पुऱ्याएको क्षति भएको चित्र प्रदर्शन गरी गहन रूपमा मनन गर्न लगाउने ।<br>आफ्नो परिवार वा आफू यस्तो विपद् परे के गर्नु पर्ला ?विचार भन्न लगाउने ।<br>शिक्षकले सम्भावित आगलागी, बाढी, पहिरो, भूकम्पबाट बच्ने उपायहरू लेखिएको सूची तालिकाको सहायताले स्पष्ट पारिदिने र आफ्नो जीवनमा लागु गर्न सुझाव दिने । | • आगलागी, बाढी, पहिरोले पुऱ्याएको क्षति भएको चित्र<br>• सूची तालिका | • बाढी र पहिरोबाट बच्ने २।२ उपायहरू भन्न लगाउने । |
| | • बाढी,पहिरो ,आगलागीका बेफाइदाहरू लेख्न । | बाढी,पहिरो ,आगलागीका बेफाइदाहरू | आगलागी, बाढी, पहिरोले पुऱ्याएको क्षति भएको चित्र वा भिडियो देखाउने ।<br>चित्र वा भिडियोमा देखेको र बुझेको कुरा भन्न लगाउने।<br>आगलागी, बाढी, पहिरोले पुऱ्याएको क्षति हेरी यसका बेफाइदा लेख्न लगाउने र शिक्षकले सहयोग गर्ने। | आगलागी, बाढी, पहिरोले पुऱ्याएको क्षति भएको चित्र वा भिडियो | • आगलागी, बाढी, पहिरोका बेफाइदाहरू लेख्न लगाउने । |

## ४.३ विषयवस्तुको विस्तृतीकरण

कक्षा ३

| | | | | | |
|---|---|---|---|---|---|
| १<br>म मेरो परिवार | • स्थानीय नाताबोधक शब्द सूची तयार पार्न | स्थानीय नाताबोधक शब्दहरू | • विद्यार्थीहरूलाई वैयक्तिक रूपमा तपाईं घर तथा छिमेकमा कुनकुन नाताका मानिसहरू बसोबास गर्छन् सोध्ने ।<br>• व्यक्तिगत तथा सामूहिक रूपमा घर तथा समुदायमा प्रयोग हुने स्थानीय नाताबोधक शब्दको सूची तयार पार्न लगाउने । | • शब्द सूची | • तपाईंको समुदायमा प्रयोग हुने नाताबोधक शब्द पहिचान गरी सूची तयार पार्नुहोस् । |
| | • परिवारमा आदर अनुसार व्यवहार गर्न र घरमा आएका पाहुनालाई उचित तवरले स्वागत सत्कार गर्न | • घरमा आएका पाहुनालाई गरिने व्यवहार<br>• स्वागत सत्कार<br>• आदरार्थी शब्दहरू | • कुनै परिवारले घरमा आएका पाहुनालाई सेवा सत्कार गरेको र त्यसमा बालकको महत्वपूर्ण भूमिका रहेको भिडियो देखाउँदै शिक्षकले सहजीकरण गर्ने ।<br>• आवश्यकता अनुसार चित्र तथा पोष्टर प्रदर्शन गरी स्वागत सत्कारबारेमा जानकारी गरीदिने ।<br>• कक्षामा विद्यार्थीहरूलाई विभिन्न भूमिका निर्वाह गर्न लगाई पाहुनाप्रति गरिने व्यवहार प्रदर्शन गर्न लगाउने र शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्ने । | • भिडियो, चित्र तथा पोष्टरहरू | • पाहुनालाई गरिने स्वागतको अभिनय गर्नुहोस् ।<br>• तपाईं घरमा पाहुना आउँदा कसरी सत्कार गर्नुहुन्छ ? |
| | • आफ्नो सामानको सामान्य सुरक्षा र प्रयोग गर्न | • सामानको उचित सुरक्षा | • विद्यार्थीहरूलाई आफ्नो सामानको सुरक्षा गर्ने तरिकाको बारेमा छलफल गर्न लगाई बोर्डमा टिपोट गर्ने ।<br>• बालबालिकाले आफ्नो सामानको सुरक्षा गरेको दृश्य झल्किने चित्र तथा भिडियो देखाई छलफल गराउने ।<br>• विद्यार्थीहरूलाई आफ्नो व्यक्तिगत सामानको सुरक्षा गर्ने अभ्यास गराउने । जस्तै: कापी | • बालबालिकाले आफनो सामानको सुरक्षा गरेको दृश्य झल्किने चित्र तथा भिडियो | • तपाईं आफ्नो लुगाको हिफाजत कसरी गर्नुहुन्छ ?<br>• तपाई आफ्नो कापी किताबको सुरक्षा कसरी गर्नुहुन्छ ?<br>• विद्यार्थीले आफ्नो सामानको सुरक्षा गरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | किताबलाई झोलामा राख्ने, आफूले लगाउने लुगाको हिफाजत गर्न लगाउने आदि । | | अवलोकन गरी मूल्याङ्कन गर्ने । |
| २. मेरो दैनिक जीवन | • घर भित्र र घर बाहिर खेलिने खेलका नाम भन्न र लेख्न । | • विभिन्न स्थानीय खेलहरू<br>• जस्तै: डण्डीबियो, रूमाल चोर,पाति खेल ,कबर्दी,हाइजम्प आदि। | • कक्षा कोठामा विद्यार्थीहरूलाई विभिन्न स्थानीय खेलहरू समेटिएका पोष्टर वा खेलहरूको सूची देखाई पहिचान गर्न लगाउने ।<br>• विद्यार्थीहरूलाई आफ्नो समुदायमा खेलिने स्थानीय खेलहरूको नाम भन्न र लेख्न लगाउने ।<br>• आवश्यकता अनुरूप शिक्षकले संशोधन गरी थप पृष्ठपोषण प्रदान गर्ने । | • चित्र तथा पोष्टर, खेल सूची तालिका | • तपाईंले घर तथा विद्यालयमा खेल्ने स्थानीय खेलहरूको नाम टिपोट गरी पालैपालो सबैलाई सुनाउनुहोस् । |
| | • सामान्य योगाभ्यास आसन र योगाभ्यासहरू गर्न । | योगाभ्यास | • तपाईंले योगाभ्यासहरू गर्नु भएको छ भनी प्रश्न गर्ने र शिक्षकले ज्ञानमुद्राको भिडियो देखाउँदै नियमानुसार योगाभ्यास गराउने ।<br>• शिक्षकले योगाभ्यासको चित्र तथा भिडियो देखाउँदै सोही अनुसार गर्न लगाउने र आवश्यकता अनुसार शिक्षकले सहजीकरण गर्ने। | • योगाभ्यास सम्बन्धी<br>• भिडियो | • भ्रामरी, कपालभाति, उज्जायी योगाभ्यास नियमानुसार गर्न लगाई अवलोकन गरी मूल्याङ्कन गर्ने । |
| | • सामान्यरूपमा आफ्नो व्यक्तिगत सरसफाइ र स्वास्थ्य सुरक्षा गर्न । | • व्यक्तिगत सरसफाई र स्वास्थ्य सुरक्षा सम्बन्धी स्थानीय उपायहरू (जस्तै: नुहाइ-धुवाइ,फोहरमा नजाने, सफा पानीको प्रयोग, तातो पानी | कक्षामा विद्यार्थीहरूलाई सफा र फोहरको पोष्टरहरू प्रदर्शन गरी तुलना गर्न लगाउने ।<br>विद्यार्थीहरूलाई पालैपालो कुन चित्र ठिक लाग्यो भनी प्रश्न गरी प्रतिक्रिया लिने र विद्यार्थीको प्रतिक्रिया पश्चात शिक्षकले सरसफाइको बारेमा जानकारी गराउने ।<br>कक्षाकोठामा विद्यार्थीहरूको सरसफाइ नङ काटेको,दाँत माझेको लगायत सरसफाइको अवलोकन गर्ने गराउने ।<br>सरसाफाइ गर्दा र नगर्दा स्वास्थ्यमा हुने फाइदा र बेफाइदा बारे बताउने । | चित्र, पोष्टर | • सरसफाइले हुने कुनै २ फाइदा भन्न लगाउने ।<br>• स्वास्थ्य सुरक्षाका उपायहरू लेख्न र भन्न लगाउने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | खाने र अरूलाई पनि सहयोग गर्ने) | | | |
| | • सामान्यघरायसी काममा सहयोग गर्न | विभिन्न घरायसी कामहरू | • शिक्षकले कक्षामा आफूले गर्ने दैनिक कामहरू सिल्सिलेवार विद्यार्थीहरूलाई बताई सिकाइप्रति ध्यान केन्द्रित गर्ने ।<br>• विद्यार्थीहरूलाई पनि आफूले भने जस्तै दैनिक विहान देखि बेलुकासम्म गर्ने कामको वर्णन गर्न लगाउने ।<br>• घरमा पढाइलेखाइका साथै अन्य सदस्यहरूलाई विभिन्न सामान्य काममा गरेको सहयोग छुट्टा छुट्टै टिपोट गरी सबैले आफूले सक्दो काममा समय मिलाएर घरेलु काममा पनि सहयोग गर्नु पर्ने बारे जानकारी दिई यसको फाइदा बताउने । | | • घर तथा समुदायका सदस्यहरूले केके काम गर्छन् भन्न लगाउने ।<br>• तपाईं कुन कुन काममा ककसलाई के सहयोग गर्नुहुन्छ भन्न लगाउने? |
| ३ हाम्रो समुदाय | • आफ्नो समुदायमा असल काम गरी नाम कमाएका व्यक्तिहरूको नाम र योगदान बताउन । | • स्थानीय समाजसेवी व्यक्तिहरू | • विद्यार्थीहरूलाई उनीहरूको समुदायमा विभिन्न क्षेत्रमा सहयोग गर्ने व्यक्तिहरूको नाम सोध्ने र छलफल गर्ने। जस्तै: विद्यालय, मठमन्दिर निर्माण तथा विकासका लागि चन्दा दिने, बाटोघाटो, चौतारो निर्माण गर्ने, असहायहरूलाई सहयोग गर्ने आदि ।<br>• आफ्नो समुदायमा असल काम गरी नाम कमाएका व्यक्तिहरूको सूची बनाइ प्रस्तुत गर्ने र छलफल गर्न लगाउने ।<br>• समुदायमा उनीहरूले गरेको कामको टिपोट गराउँदै पालैपालो सुनाउन लगाउने । | • स्थानीय समाजसेवीहरूको सूची तथा फोटो | • तपाईं वडामा असल काम गरी नाम कमाएका व्यक्तिहरूको नाम भन्नुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | • आफ्नो समुदायमा गरिने सामूहिक क्रियाकलापमा सामान्य रूपमा सहभागिता जनाउन। | • समुदायमा गरिने सामूहिक सामाजिक कामहरू | • सामाजिक कार्यहरूमा सहभागी भईरहेका चित्र तथा भिडियो देखाउने । जस्तै: विवाह, व्रतबन्ध, उत्सव, मन्दिर निर्माण आदि र विभिन्न प्रश्नहरू पालैपालो सोध्ने । | • सामाजिक कार्यहरूमा सहभागी भईरहेका चित्र तथा भिडियो | • तपाइंले गाउँ/ टोलमा सहभागी भएका सामाजिक कार्यहरू के के हुन् ?<br>• तपाइंको परिवारले सामाजिक कार्यमा के कसरी सहभागी भएका हुन्छन् ? |
| | • समुदायमा रहेका जातजातिहरूको विवरण तयार गर्न । | • स्थानीय थरहरू | • शिक्षकले कक्षामा रहेका विद्यार्थीहरूको थर सोधी बोर्डमा टिपोट गर्ने ।<br>• विद्यार्थीहरूलाई आफ्नो कक्षामा रहेको आफ्ना साथीहरूको थर सोधी टिपोट गर्न लगाउने ।<br>• तपाइंको गाउँघरमा कुन-कुन थरका मानिसहरू बस्छन् ? विद्यार्थीहरूलाई भन्न लगाई शिक्षकले सहजीकरण गर्ने । | • कक्षामा विद्यार्थीको थरहरूको सूची<br>• समुदायमा रहेका थरहरूको सूची | • तपाईंको कक्षामा कुन कुन थरका विद्यार्थीहरू छन् ?<br>• तपाईंको गाउँ टोलमा कुन कुन थरका मानिसहरू बस्छन ? |
| ४ हाम्रो संस्कृति | • महिला र पुरूषले लगाउने परम्परागत पोसाकको पहिचान । | • दैनिक रूपमा लगाउने, चाडपर्वमा लगाउने, मौसम अनुसार लगाउने महिला र पुरूषको परम्परागत पोसाक | • फोटो,भिडियो वा चित्र अवलोकन गराउने ।<br>• स्थानीय रूपमा लगाईने महिला र पुरूषको परम्परागत पोसाकहरू व्यक्तिगत तथा समूह रूपमा नाम खोज्न लगाउने ।<br>• विद्यार्थीले खोजेका पोसाकहरू कक्षामा छलफल गरी स्पष्ट पारिदिने । | विभिन्न पोसाकहरूको फोटो,भिडियो वा चित्र। | • परम्परागत पोसाकको नाम लेख्न र भन्न लगाउने। |

| | | | | | |
|---|---|---|---|---|---|
| | • परम्परागत रूपमा स्थानीय स्तरमा प्रयोगमा आएका गरगहनाहरूको पहिचान गर्न । | परम्परागत गरगहनाहरू जस्तै:नथिया, माला, ढुकुरी, बुलाकी, सुनको फुल, मुन्द्री, बाली, फुली, बाला, चुरा आदी । | • गहनाहरूको नमूना वा चित्र देखाई महिलाहरूले लगाउने गरगहना बारे जानकारी दिने।<br>• परम्परागतरूपमा लगाईने तर हाल प्रचलनमा नरहेका गरगहनाको तस्विर देखाई लोप हुन लागेका त्यस्ता गरगहना घरमा भएनभएको पत्ता लगाउन भन्ने।<br>• स्थानीय परम्परागत गहनाको प्रयोग गरी विभिन्न सामाजिक संस्कारको अभिनय गर्न लगाउने । | गहनाहरूको नमूना वा चित्र | • परम्परागत मौलिक गहनाहरूको नाम भन्नु होस् । |
| | • स्थानीय चाडपर्व मनाइने महिना र दिनको सामान्य जानकारी दिन। | आफ्नो घर,टोल,गाऊ, बस्तिहरूमा मनाइने चाडपर्व,जात्रा आदि मनाइने महिना र दिनको सामान्य जानकारी। | • कक्षा कोठामा विद्यार्थीहरूलाई स्थानीय चाडपर्वको नाम भन्न लगाउने ।<br>• तालिका बनाइ तालिकामा स्थानीय चाडपर्वहरू मनाइने महिना र दिनबारे छलफल गराई तालिका भर्न लगाउने। | | गौरा पर्व कुन महिना र तिथिमा मनाइन्छ । |
| | • स्थानीय धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरू बताउन। | आपनो वरपर तथा छिमेकी गाउँहरूमा रहेका धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरू रहेको | • नक्सा देखाई धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरू रहेको गाउँ र ठाउँ (स्थल) बारेमा छलफल गर्ने ।<br>• स्थानीय धार्मिक तथा सांस्कृतिक महत्वका स्थल भन्न लागउने ।<br>• विद्यार्थीहरूलाई चिरासैनी मन्दिर कालिका भगवती मन्दिरको धार्मिक महत्व भन्न | | विद्यार्थीहरूलाई चिरासैनी मन्दिर कालिका भगवतीको धार्मिक महत्व भन्न लगाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गाउँ ठाउँ। | लगाउने। | | |
| ५ हाम्रो पालिका | • बित्थडचिर गाउँपालिकाको क्षेत्रफल, सिमाना बताउन । | आफ्नो गाउँपालिकाको क्षेत्रफल,सिमाना | • बित्थडचिर गाउँपालिकाको नक्सा कक्षामा सबैलाई देखाई छलफल गर्ने ।<br>• नक्सा हेरी गाउँपालिकाको कुल क्षेत्रफल भन्न लगाउने ।<br>• विद्यार्थीहरूलाई पालिकाको क्षेत्रफलबारे जानकारी दिने ।<br>• नक्साको आधारमा पालिकाको चारै दिशामा कुन कुन जिल्ला तथा पालिकाहरू पर्छन् सोध्ने ।<br>• बित्थडचिर गाउँपालिकाको वरिपरि पर्ने स्थान तथा ठाउँ सिमाना भएको जानकारी गर्दै सिमाना बताई दिने । | नक्सा | • नक्सा प्रयोग गरेर चारैतिर कुन स्थानीय तहहरूसँग गाउँपालिकाको सिमाना जोडिएको छ भन्न लगाउने।<br>• गाउँपालिकाको क्षेत्रफल भन्न लगाउने । |
| | • बित्थडचिर गाउँ पालिकाको सामान्य धरातलीय स्वरूप बारे लेख्न। | पालिकाको धरातलीय स्वरूप | • कक्षामा विद्यार्थीहरूलाई आफ्नो ठाउँ समथर,भिरालो, विकट,सहज कस्तो रहेको छ सोध्ने ।<br>• विद्यार्थीहरूलाई धरातलीय स्वरूपको जानकारी दिने ।<br>• गाउँपालिकाको भु धरातलको अवस्थाबारे विद्यालय परिसरबाट अवलोकन गराई स्पष्ट जानकारी दिने । | | • गाउँपालिकाको धरातलीय स्वरूप समथर,भिरालो,विकट,सहज कस्तो रहेको छ लेख्न लगाउने। |
| | • पालिकामा रहेका नदिनाला,जङ्गल,मुख्य सडकहरू पहिचान गर्न। | पालिकामा रहेका नदिनाला, जङ्गल, मुख्य सडकहरू पहिचान। | • पालिकाको प्राकृतिक नक्सा प्रदर्शन गरी पालिका भित्र रहेका नदिनाला,जङ्गल कहाँ कहाँ छन् खोज्न लगाउने।<br>• पालिकाका मुख्य सडकहरू कुन कुन हुन नक्सामा देखाएर चिन्न लगाउने। | पालिकाको प्राकृतिक नक्सा | • पालिकाको प्राकृतिक नक्सा प्रदर्शन गरी पालिका भित्र रहेका नदिनाला,जङ्गल कहाँ कहाँ छन खोज्न लगाउने। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • पालिकाका मुख्य सडकहरू कुन कुन हुन नक्सामा देखाएर चिन्न लगाउने। |
| ६<br>हाम्रो सिर्जना | • स्थानीय गीतहरू सुनि सुर, ताल र लयमा सामान्य रूपमा स्थानीय गीत गाउनर नाच्न । | • स्थानीय गीतहरू | • कक्षामा बालबालिकाहरूलाई मन पर्ने गीतहरू स्वर र लय मिलाएर गाउन लगाउने ।<br>• शिक्षकले रेकर्डरको सहयोगले आफूसहित विद्यार्थीहरूलाई स्वर र लय मिलाएर स्थानीय गीत गाउँने ।<br>• विद्यार्थीहरूलाई पालैपालो रेकर्डरको सहयोगबिना स्वर र लय मिलाएर स्थानीय गीत गाउन लगाउने र शिक्षकले आवश्यकताअनुसार सहजीकरण गर्ने ।<br>• गीतको भाव अनुसार शिक्षकले एकल वा समूह बनाएर कक्षामा अभिनयात्मक रूपमा नाच्न सहयोग गर्ने । | • रेकर्डर वा मोवाइल | • बालबालिकाहरूलाई पालैपालो मनपर्ने गीत स्वर र लय मिलाएर गाउन लगाई मूल्याङ्कन गर्ने । |
| | • निर्देशन अनुसार माटो वा कागज काटेर विभिन्न आकृति बनाइ रङ भर्न | विभिन्न आकृतिहरू | • कक्षामा स्थानीय कला संस्कृति झल्किने स्थानीय वस्तुका आकृतिहरूको पोष्टर प्रदर्शन गरी विद्यार्थीहरूलाई पहिचान गराउने ।<br>• कक्षामा चित्र बनाउन चाहिने प्रयाप्त माटो, पानी आकार दिन चाहिने सामग्रीहरू,कागज कैंची लगाएत सामग्री उपलब्ध गराई आफूलाई मन परेको आकृति निर्माण गर्न प्रेरित गर्ने ।<br>• उपलब्ध सामग्री र आवश्यकता अनुसार चित्रमा विद्यार्थीहरूलाई रङ भर्न लगाई शिक्षकले अवलोकन र सहयोग गर्ने । | चित्र, पोष्टर, उपयुक्त माटो, रङ कागज कैंची | • तपाईंलाई मन पर्ने माटोको चित्र बनाउनु होस् ? |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. हाम्रा आर्थिक क्रियाकलापहरू | परिवारका सदस्यहरू मिलेर घरको काम गर्दा हुने फाइदा र नगर्दा हुने बेफाईदाहरू भन्न र लेख्न । | काम गर्दा हुने फाइदा र नगर्दा हुने बेफाइदाहरू | • विद्यार्थीहरूलाई घरका सबै सदस्यहरू मिलेर गर्ने काम र परिवारका सदस्य एक्लैले गर्ने काम भन्न लगाई शिक्षकले सेतोपाटीमा टिपोट गर्ने ।<br>• टिपोट गरिएका काममा सँगै गर्दा कस्तो हुन्छ र एक्लै गर्दा कस्तो हुन्छ होला सोधेर कक्षामा छलफल गर्ने ।<br>• विद्यार्थीहरूसितको छलफल अनुसार नै संगै काम गर्दा सहज हने कामहरू फाइदा र एक्लैले गर्दा जुन समस्या आउछन ती बेफाइदा हुन् भनी स्पष्ट पारी दिएर लेख्न लगाई विद्यार्थीहरूलाई थप अभ्यास गर्न लगाउने । | | • घरमा परिवारका सबैजना मिलेर काम गर्दा हुने कुनै २ फाइदा लेख्न लगाउने ।<br>• एक्लैले काम गर्दा हुने समस्या वा कुनै २ बेफाइदा भन्न लगाउने । |
| | • सबै पेसा व्यवसाय तथा श्रमको महत्व भन्न। | • विभिन्न पेसा तथा व्यवसायहरू र महत्व | • स्थानीय स्तरमा गरिने पेसाहरू विद्यार्थीहरूलाई भन्न लगाउने<br>• स्थानीय परिवेशमा गरिने पेसाहरू पशुपालन,पञ्छिपालन,जडिबुटी सङ्कलन,काष्टकार्य,डोको डालो तरकारी खेती आदिको महत्वबारे छलफल गरी विद्यार्थीहरूलाई पालैपालो भन्न लगाउने । | • स्थानीय कृषि फारमका नमूना, फोटो | • स्थानीय स्तरमा गरिने मुख्य पेसाहरू के के हुन् ?<br>• कृषि कार्यको महत्व भन्नुहोस् । |
| | •पैसा वा सामानको प्रयोग गर्दा मितव्ययिता अपनाउन र अपनाउने उपाय भन्न। | • सामानको प्रयोग गर्दा मितव्ययिता अपनाउन र अपनाउने उपायहरू | • कक्षाकोठामा विद्यार्थीहरूलाई घरमा पैसा र अन्य आयआर्जनबाट प्राप्त सामानको प्रयोग के कसरी भएको छ सोध्ने ।<br>• शिक्षकले पनि स्थानीय स्तरमा हुने पेसाबाट आर्जन गरेको पैसा वा सामानको प्रयोग अवस्था,त्यसको सदुपयोग सुरक्षा लगायत विषयमा आफूले गरेका अनुभव र गर्नु पर्ने | • सामान प्रयोग गर्दा अपनाउनु पर्ने उपायहरूको सूची | • पैसाको सदुपयोग गर्ने उपायहरू भन्न लगाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उपायहरू बताउने ।<br>• विद्यार्थीहरूलाई पनि उनीहरूको प्रतिक्रिया अनुसार सही प्रयोगको प्रसंसा गरी निरन्तरता दिन र दुरूपयोग भएको भएमा सही रूपमा प्रयोग गर्ने उपायहरू शैक्षिक सामग्रीको सहयोगले बताई जीवनमा लागु गर्न र गराउन सुझाव दिने । | | |
| ८ हाम्रो वातावरण | • आफ्नो घर, विद्यालय,टोल र समुदायको सरसफाइमा सहभागी हुन । | • सरसफाइ | • विद्यार्थीहरूलाई आफ्नो विद्यालय टोल तथा समुदायको अवलोकन गराई सरसफाइको अवस्था बारे जानकारी लिन लगाउने ।<br>• अवलोकन पश्चात स्थानीय स्तरमा सरसफाइको अवस्था बारे जानकारी दिने ।<br>• सरसफाइ गर्न के गर्नु पर्ला विचार भन्न लगाई उहाँहरूको विचारमा आवश्यक सुधार गरी सरसफाइ सम्बन्धी चित्रको सहयोगले समुदाय घर टोल विद्यालय सफा राख्न विद्यार्थीले गर्नु पर्ने भूमिका बताउने<br>• सरसफाइ सम्बन्धी कुराहरू व्यवहारमा लागु गर्न लगाउने । | • स्थानीय वातावरणको सरसफाइ सम्बन्धी चित्र | • तपाईंको गाउँ तथा टोलमा सरफाइ गर्न तपाईंले के के गर्नु हुन्छ ? सोध्ने ? |
| | • आफ्नो वरपर रहेका प्राकृतिक स्रोतहरूको पहिचान गरी संरक्षण गर्न । | • प्राकृतिक श्रोतहरू | • विद्यार्थीहरूलाई आफ्नो वरपर रहेका प्राकृतिक श्रोतहरूको सूची बनाउन लगाई छलफल गर्ने । जस्तैः नदी, जङ्गल, ताल आदि ।<br>• आफ्नो वरपर भएका नदी, ताल, जङ्गल, हिमाल, खानीहरू, प्राकृतिक स्रोत भएको जानकारी दिने ।<br>• आफ्नो वरपर रहेका प्रकृतिक स्रोतहरूको अवस्था, तिनको संरक्षण गर्न हामीले के गरेका | • प्राकृतिक श्रोतहरूकोचित्रहरू, पोष्टर वा भिडियो | • आफ्नो समुदायमा रहेका कुनै पाँच ओटा प्राकृतिक श्रोतहरूको नाम भन्न लगाउने ।<br>• प्राकृतिक स्रोतको संरक्षण गर्दा अपनाउन सकिने कुनै २ उपायहरू |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | छौं ? जावाफ मागि प्राकृतिक स्रोतको संरक्षण गर्नु हामी सबैको जिम्मेवारी भएको बताई संरक्षणका उपायहरू बताउने। | | बताउन लगाउने । |
| | • आफ्नो घर तथा विद्यालयको कक्षाकोठामा फोहोर हुने कारणहरू बताउन । | • घर तथा विद्यालयको कक्षाकोठा मा फोहोर हुने कारणहरू | • कक्षाकोठामा के कति कारणले फोहोर हुने गर्छ छलफल गरी बोर्डमा टिपोट गर्ने ।<br>• विद्यार्थीहरूलाई समूहमा विभाजन गरी घरमा फोहोर हुने कारणहरूको बारेमा छलफल गरी प्रस्तुत गर्न लगाउने ।<br>• कक्षाकोठा तथा घरमा भएको फोहोरमैलाबाट सिर्जित असरबारे छलफल गर्ने । | | • कक्षाकोठामा के कति कारणले फोहोर हुने गर्छ? सोध्ने ।<br>• घरमा फोहोर हुने कारणहरू बताउन लगाउने । |
| | • वातावरण प्रदूषणका सामान्य कारणहरू पहिचान गर्न । | प्रदूषणका कारणहरू | • कक्षामा प्रदूषण गर्ने वस्तु झल्किने पोष्टर प्रदर्शन गरी तस्विर अध्ययन गर्न लगाउने ।<br>• कक्षामा विद्यार्थीहरूलाई चित्रमा जस्तै आफ्नो गाउँ टोलमा आगलागी भएको, जथाभावी फोहर फालेको, खुला दिशा पिसाव गरेकोआदि देखेका छौं सोध्ने ।<br>• उल्लेखित आगलागी भएको, जथाभावी फोहर फालेको, खुला दिशा पिसाव जस्ता कुराहरू वातावरण प्रदूषणका कारण भएको जानकारी गराउने । | प्रदूषण गने वस्तु झल्किने पोष्टर | • वातावरण प्रदूषणका सामान्य कारणहरू भन्न लगाउने । |
| ९ स्थानीय प्रविधि र बजार | • स्थानीय प्रविधिको सामान्य परिचय र महत्व भन्न । | परिचय र महत्व | • स्थानीय स्तरमा प्रयोग हुने ज्ञान, सिप प्रयोग गरी कुनै वस्तु वा साधनको निर्माण हुने पद्धति नै स्थानीय प्रविधि भएको बारे विद्यार्थीहरूलाई जानकारी गराउने ।<br>• उदाहरणको रूपमा आटो पिस्ने मिलको सट्टामा गाउँघरमा पानी घट्ट प्रयोग गर्नु, तेल पेल्न, उखु | महत्व उल्लेखित चार्ट | • स्थानीय प्रविधि भन्नाले के बुझ्नु हुन्छ? सोध्ने ।<br>• स्थानीय प्रविधिको उपयोगले हुने फाइदाहरू भन्न लगाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पेल्न कोलको प्रयोग गर्नु, डोको डालो निर्माणमा स्थानीय साधनको प्रयोग हुने अवस्था नै स्थानीय प्रविधि भएको स्पष्ट पारिदिने ।<br>• स्थानीय प्रविधिले हाम्रो दैनिक जीवन सरल सहज बनाउने साथै स्थानीय आवश्यकता अनुसार स्थानीय वस्तुको प्रयोग गर्न सहयोग गर्ने जानकारी दिने ।<br>• स्थानीय प्रविधिको महत्व उल्लेखित चार्ट देखाई स्थानीय प्रविधिको महत्वको बारेमा जानकारी गराउने । | | |
| | • स्थानीय प्रविधि प्रयोगमा सचेत रहन । | प्रविधि प्रयोगमा सचेत रहन | • विद्यार्थीहरूलाई स्थानीय प्रविधि बारे कक्षामा छलफल गराउने ।<br>• स्थानीय प्रविधिको प्रयोग र उपयोगिता बारेमा जानकारी दिने ।<br>• स्थानीय प्रविधि प्रयोगमा जोड दिनु पर्ने कुरा स्पष्ट पारिदिने। | | • स्थानीय प्रविधिको प्रयोग के कसरी भईरहेको छ? सोध्ने । |
| | • स्थानीय प्रविधिबाट उत्पादित वस्तुको बजारबारे सामान्य जानकार हुन । | प्रविधिको बजार | • विद्यार्थीहरूलाई स्थानीय प्रविधिबाट उत्पादित वस्तुको नाम भन्न लगाउने ।<br>• कक्षामा स्थानीय उत्पादित वस्तुको विवरण समेटिएको चित्र प्रदर्शन गरी छलफल गराउने ।<br>• वस्तुको किन बेच अवस्थाबारे जानकारी दिने ।<br>• स्थानीय उत्पादित वस्तु विक्री वितरणका लागि बजारको अवस्थाबारे विद्यार्थीहरूलाई स्पष्ट पारिदिने । | स्थानीय उत्पादित वस्तुको विवरण समेटिएको चित्र | • स्थानीय स्तरमा सञ्चालन भएका प्रविधिबाट उत्पादित वस्तुको विवरण लेख्न र भन्न लगाउने ।<br>• स्थानीय उत्पादित वस्तुको विक्री गर्न सकिने स्थानको बारेमा भन्न लगाउने।<br>• स्थानीय वस्तु विक्री गर्न के गर्नु पर्ला विचार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रस्तुत गर्न लगाउने । |
| | • स्थानीय प्रविधिमा प्रयोग हुने साधनहरूको सामान्य सङ्कलन गर्न | साधनहरूको सामान्य सङ्कलन | • कक्षामा विद्यार्थीहरूलाई स्थानीय रूपमा सञ्चालनमा आएका विभिन्न प्रविधिको बारेमा जानकारी दिन लगाउने ।<br>• स्थानीय प्रविधि सञ्चालनमा प्रयोग हुने स्थानीय साधनको नमूना देखाई नाम भन्न लगाउने ।<br>• स्थानीय प्रविधि प्रयोगमा आवश्यक पर्ने स्रोत तथा साधन पाइने स्थानको बारेमा जानकारी गराउँने ।<br>• स्रोत साधनहरूको सङ्कलन गर्न सहयोग गर्ने । | | • स्थानीय प्रविधिमा प्रयोग हुने साधनको नाम भन्न लगाउने ।<br>• स्रोत र साधनको नमूना सङ्कलन गरी ल्याउन लगाउने । |
| १० विपद् जोखिम न्यूनीकरण | • आगलागी हुनुका कारण भन्न । | आगलागीका कारणहरू | • कक्षामा आगलागी भएको भिडियो वा चित्र प्रदर्शन गर्ने ।<br>• विद्यार्थीहरूलाई आफ्नो वरपर आगलागीको घटना भएको भए भन्न र त्यसको कारण खोज्न लगाउने ।<br>• शिक्षकले आगलागीका कारणबारे स्पष्ट पारिदिने। | भिडियो वा चित्र | • आगलागिका सम्भावित कारणहरू भन्नु होस्। |
| | • सवारी दुर्घटनाको परिचय दिन । | सवारी दुर्घटना | • शिक्षकले सवारी दुर्घटनाको बारेमा जानकारी दिने ।<br>• स्थानीय ठाउँमा वा कतै आफूले वस,मोटर साइकल तथा अन्य सवारी दुर्घटना भएको देखेका भए विद्यार्थीलाई कक्षामा सुनाउन लगाउने ।<br>• कुनै पोष्टर वा चित्रको सहायताले सवारी दुर्घटना बारे जानकारी दिई सवारी दुर्घटनाको परिचय बताउने । | पोष्टर वा चित्र | • सवारी दुर्घटनाको परिचय बताउन लगाउने ।<br>• कुनै सवारी दुर्घटनाको वर्णन गर्न लगाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | • आगलागी रोकथामका सामान्य उपाय भन्न र लेख्न। | विभिन्न आगलागी रोकथामका सामान्य उपाय | • आगलागी भएको नजिकको स्थान भएमा अवलोकन गराउने वा भिडियो देखाई आगलागीका कारण खोज्न लगाउने ।<br>• आगलागी हुन सक्ने सम्भावित कारणबारे कक्षामा सामूहिक रूपमा छलफल गर्ने ।<br>• विद्यार्थीहरूलाई सामूहिक छलफल पश्चात आगलागि रोकथामका उपायहरू भन्न र लेख्न लगाउने । | अवलोन गराउने वा भिडियो | • आगलागी रोकथामका उपायहरू लेख्न लगाउने । |

## ४.४ सिकाइ उपलब्धिको विस्तृतीकरणः

कक्षा ४

| थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | शैक्षणिक सामग्री | मुल्याङ्कन |
|---|---|---|---|---|---|
| १<br>म मेरो परिवार | • परिवारका सदस्यहरूको काम र पेसा बताउन | काम र पेसा<br>कृषि पेसा (खेतीपाती,पशुपालन, कुखुरा पालन आदि)<br>उद्योग व्यवसाय (अचार बनाउने, मैनबत्ती बनाउने, डोको, डालो, नाम्लो बनाउने आदि)<br>व्यापार व्यवसाय ( व्यापार, होटल व्यवसाय आदि) नोकरी तथा सेवा (शिक्षक वकिल, डाक्टर, इन्जिनियर | • विभिन्न पेसामा संलग्न परिवारका सदस्यहरूको काम वा व्यवसाय गरिरहेको चित्र प्रदर्शन गरी छलफल गराउने ।<br>• विद्यार्थीहरूलाई आफ्ना परिवारका सदस्यहरूले अपनाएका मुख्य मुख्य पेसाहरू भन्न लगाई टिपोट गर्ने ।<br>• विभिन्न पेसामा संलग्न व्यक्तिहरूको भूमिका अभिनय गराउने ।<br>• काम वा पेसासँग सम्बन्धित गीत, कविता वा कथा तयार गरी प्रस्तुत गर्न लगाउने ।<br>• परिवारमा विभिन्न पेसामा संलग्न व्यक्तिहरूसँग भेट गराई वा कक्षामा नै आमन्त्रण गरी उनीहरूको कामका बारेमा छलफल गराउने | • चित्र<br>• अडियो<br>• भिडियो | १. विभिन्न पेसामा संलग्न व्यक्तिहरूको चित्र पहिचान गरी उनीहरूको पेसा सम्बन्धमा भन्न लगाउँनुहोस् ।<br>२. छिमेकमा रहेका विभिन्न पेसामा संलग्न मानिसहरूको सूची बनाउन लगाउँनुहोस् ।<br>३.अन्तरक्रियामा विद्यार्थीको सक्रियता र सहभागिताको अवस्थालाई रूजुसूची बनाई मूल्याङ्कन गर्नुहोस् । |
| | • परिवारमा आफ्नो भूमिका पिपोट र प्रदर्शन गर्न | परिवारमा आफ्नो भूमिका | • परिवारमा बालबालिकाले गर्ने भूमिकाको सूची कक्षामा प्रदर्शन गरी छलफल गर्ने<br>• परिवारमा आफूले खेलेको भूमिका भन्न लगाई टिपोट गराउने<br>• विद्यार्थीले टिपोट गरेका भूमिका पालै | • घरमा गरिने कामहरूको सूची भएको फल्यासकार्ड<br>• पारिवारिक सहयोग गरेका | • घरमा बालबालिकाले खेल्ने भूमिका भन्न र टिपोट गर्न लगाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पालो सुनाउन लगाउने र आवश्यक छलफलका साथ सुझाव दिने । | चित्र | |
| | • पाहुनाहरूसँग आदरार्थी शब्द प्रयोग गरी सभ्य व्यवहार गर्न । | • पाहुनासितको सभ्य व्यवहार | • घरमा अतिथि सत्कार र उनीहरूसँग गर्नुपर्ने व्यवहार समेटिएको चित्र देखाई छलफल गर्ने ।<br>• परिवारमा पाहुना आउदा आफूले गर्नु पर्ने भूमिका कक्षामा देखाउन लगाउने र शिक्षकले सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्ने ।<br>• पाहुनालाई सम्बोधन गर्दा प्रयोग गर्नु पर्ने शब्दहरूको सूची बनाइ कक्षामा सुनाउन लगाउने । | • अतिथि सत्कार र सहयोग गरेका चित्र | • घरमा आएका पाहुनालाई तपाइं कसरी सहयोग गर्नुहुन्छ? भन्नुहोस् । |
| २<br>मेरो दैनिक जीवन (योगा,स्वास्थ्य,सरसफाइ, सुरक्षा र खेलकुद) | • नियमको पालना गरी स्थानीय खेलहरू खेल्न । | • स्थानीय खेलहरू | • विद्यार्थीहरूले खेलखेलेको चित्र प्रदर्शन गरी छलफल गराउने ।<br>• विद्यार्थीहरूको समूहलाई खुला चौरमा लगी खेलसँग सम्बन्धित सामग्रीहरू प्रयोग गरी नियमानुसार स्थानीय खेल खेलाउने शिक्षकले सहजीकरण गर्ने । | • खेलसँग सम्बन्धित सामग्रीहरू | • स्थानीय खेलहरूखेलेको अवलोकन गरी मूल्याङ्कन गर्ने । |
| | • व्यक्तिगत सरसफाइ गर्न | • सरसफाइ गर्ने बानी | • विद्यार्थीहरूलाई आफ्नो व्यक्तिगत सरसफाइभित्र शरीरका कुन-कुन अङ्गहरूको सरसफाइ पर्दछन्? छलफल गर्न लगाई बोर्डमा टिपोट गर्ने।<br>• प्रत्येक अङ्गको सरसफाइ गर्ने तरिका र यसको महत्वबारे छलफल गर्ने ।<br>• व्यक्तिगत सरसफाइ गर्न आवश्यक सामग्रीहरू (तौलिया, काइँयो, नेल कटर, | • व्यक्तिगत सरसफाइ गर्न<br>• आवश्यक सामग्रीहरू | • व्यक्तिगत सरसफाइभित्र शरीरका कुन-कुन अङ्गहरूको सरसफाइ पर्दछन्?<br>• तपाई शरीरमा भएका अङ्गहरूको सरसफाइ कसरी गर्नुहुन्छ? वा यस्तै अन्य अङ्गहरूको सरसफाइ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ब्रुश, साबुन आदि) को प्रदर्शन गरी प्रयोगको नमूना अभ्यास गर्ने। | | गर्ने तरिकाहरूको बारेमा प्रश्न सोध्ने । |
| | • घरायसी औजारहरूको प्रयोग अवस्था र प्रयोग गर्दा सामान्य सुरक्षाका उपायहरू अपनाउन | घरायसी औजार प्रयोग गर्दा अपनाउनु पर्ने सुरक्षाका उपायहरू | • विद्यार्थीहरूलाई आफ्नो घरमा प्रयोग गरिने विभिन्न घरायसी औजारहरूको नाम भन्न लगाई टिपोट गर्ने।<br>• चित्रको सहायताले थप घरायसी औजारहरूको नाम तथा तिनको प्रयोग अवस्थाको बारेमा कक्षामा छलफल गर्ने ।<br>• विद्यार्थीहरूलाई सामान प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरूको बारेमा स्पष्ट जानकारी दिने । | घरायसी सामानहरूको तस्विर | • घरमा प्रयोग गरिने घरायसी सामानहरूको सूची तयार पार्नुहोस् ।<br>• हँसिया र कोदाली प्रयोग गर्दा अपनाउनु पर्ने सुरक्षाका कुनै २ उपायहरू लेख्नुहोस् । |
| | योगाभ्यासको सामान्य परिचय र यसको महत्व बताउन । | • योगाभ्यासको परिचय र महत्व | • शिक्षकले भिडियो/चित्र देखाउँदै वा प्रदर्शन गर्दै योगाभ्यासको बारेमा छलफल गर्ने र गराउने ।<br>• विद्यार्थीहरूलाई सामान्य योगा गराएर योगाको बारेमा आफ्नो धारणा भन्न लगाउने र शिक्षकले थप स्पष्ट पारिदिने ।<br>• योगाले हाम्रो स्वास्थ्य र जीवनमा पार्ने प्रभाव र महत्वको बारेमा जानकारी दिने । | • योगाभ्यास सम्बन्धीचित्र तथा भिडियो | • योगाभ्यासको सामान्य परिचय भन्न लगाउने ।<br>• योगाभ्यासको महत्व बताउन लगाउने । |
| ३ हाम्रो समुदाय | • आफ्नो समुदायको सामान्य परिचय र विशेषता बताउन । | समुदायको परिचय र विशेषता | • विद्यार्थीहरूलाई गाउँ समुदायमा लघु शैक्षिक भ्रमण गराई विद्यार्थीहरूलाई देखेका, भोगेका र अनुभव गरेका कुराहरू टिपोट गर्न लगाउने । | | • तपाईको समुदायको नाम भनी कुनै ४ वटा विशेषताहरू सुनाउनुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • शिक्षकले आफ्नो समुदायको परिचय दिने ।<br>• विद्यार्थीहरूलाई शिक्षकले जस्तै पालैपालो आ-आफ्नो समुदायको परिचय दिन लगाई भ्रमणका क्रममा टिपोट गरेका कुराहरू प्रस्तुत गर्न लगाउने ।<br>• भ्रमणका क्रममा देखेका भएका कुराहरू नै हाम्रो समाजका विशेषता भएको जानकारी गराउँदै समुदायको विशेषता बारेमा थप जानकारी दिने । | | |
| | • आफ्नो गाउँ/टोलमा असल काम गरी नाम कमाएका व्यक्तिहरूको नाम तथा योगदान बताउन । | • स्थानीय समाजसेवी | • विद्यार्थीहरूलाई उनीहरूको गाउँटोलमा विभिन्न क्षेत्रमा सहयोग गर्ने व्यक्तिहरूको नाम सोध्ने र छलफल गर्ने । जस्तै: विद्यालय, मठमन्दिरमाचन्दा दिने, बाटोघाटो, चौतारो निर्माण गर्ने, गरिबलाई सहयोग गर्ने आदि ।<br>• असल व्यक्तिहरूले समुदायमा गरेका कामको सूची तयार पार्न लगाई स्पष्ट पारिदिने । | • स्थानीय समाजसेविहरू को सूची तथा फोटो | • तपाईं समुदायमा रहेका असल काम गरी नाम कमाएका व्यक्तिहरूको नाम भन्नुहोस् ।<br>• असल व्यक्तिहरूले गरेका कामको सूची बनाउनुहोस् । |
| | • आफ्नो समुदायमा रहेका सामाजिक समस्याहरूको सूची तयार पार्न । | सामाजिक समस्याहरू | • शिक्षकले सामाजिक समस्या झल्किने चित्र तथा पोस्टर कक्षामा प्रदर्शन गरी समुदायमा रहेका विभिन्न प्रकृतिका छुवाछुत, भेदभावजस्ता सामाजिक समस्याहरूको बारेमा जानकारी दिने<br>• विद्यार्थीहरूलाई पनि आफ्नो समुदायमा रहेका समस्याहरूको बारेमा भन्न | चित्र तथा पोष्टर | • विद्यार्थीहरूलाई आफ्नो समुदायमा रहेका सामाजिक समस्याहरूको सूची तयार पार्न लगाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | लगाई कापीमा टिपोट गर्न लगाउने । | | |
| | • आफ्नो समुदायमा रहेका सामाजिक संघ संस्थाहरूको नाम तथा सामान्य कार्यहरू बताउन । | सामजिक संघ संस्थाहरू (आमासमूह,बाल क्लब, युवा क्लब, सहकारी, वडा कार्यालय आदि) | • विद्यार्थीहरूलाई आफ्नो समुदायमा रहेका संघसंस्थाहरू(आमासमूह, बालक्लब, युवा क्लब, सहकारी, वडा कार्यालय आदि) भन्न लगाउने।<br>• समुदायमा रहेका यस्तै प्रकृतिका संस्था नै सामाजिक संस्था भएको बारेमा जानकारी दिने ।<br>• समुदायमा समूह तथा संस्थाले गर्ने कामको बारेमा छलफल गरी स्पष्ट पारिदिने । | | • समुदायमा भएका संघ संस्थाहरूको नाम भन्न लगाई तिनका कार्यहरू भन्न लगाउने । |
| ४ हाम्रो संस्कृति | • स्थानीय धार्मिक तथा सांस्कृतिक पर्वमा पूजा गरिने देवीदेवताहरूको नाम र क्रियाकलाप सूचीकृत गर्न। | • धार्मिक तथा सांस्कृतिक पर्व तथा जात्रा, पूजाआजामा गरिने देवीदेवताहरूको नाम र क्रियाकलापको सूची | • स्थानीय धार्मिक तथा सांस्कृतिक पर्वहरूको तस्विर तथा भिडियो कक्षामा प्रस्तुत गरी यस्तै अन्य धार्मिक तथा सांस्कृतिक पर्वहरूको नाम विद्यार्थीहरूलाई भन्न लगाई टिपोट गर्ने ।<br>• स्थानीय स्तरमा मनाइने पर्व तथा जात्रा विशेषमा पूजा गरिने देवीदेवताको सूची बनाइ कक्षामा प्रस्तुत गर्न लगाउने।<br>• पूजा तथा जात्रामा केके क्रियाकलाप गरिन्छ कक्षामा छलफल गरी बुँदागत रूपमा टिपोट गर्ने र विद्यार्थीहरूलाई पनि टिपोट गर्न लगाउने । | • तस्विर भिडियो | • सानो परियोजना कार्य गर्न लगाई अभिभावकको सहायताले पूजाआजामा गरिने क्रियाकलापको वर्णन गर्न लगाउने। |

| | | | | | |
|---|---|---|---|---|---|
| | • धार्मिक तथा सांस्कृतिक पर्व तथा जात्रामा बजाइने बाजागाजाहरूको बारे उल्लेख गर्न। | धार्मिक तथा सांस्कृतिक पर्व तथा जात्रामा बजाइने विभिन्न बाजागाजाहरूको प्रयोग, किसिम र बनावट सम्बन्धी सामान्य जानकारी। | • कक्षा कोठामा विभिन्न बाजागाजाहरूको तस्विर प्रस्तुत गरी छलफल गर्ने ।<br>• विद्यार्थीहरूलाई चित्रमा देखाईए जस्तै स्थानीय स्तरमा बजाइने बाजागाजाहरूको नाम भन्न लगाई टिपोट गर्ने ।<br>• स्थानीय बाजागाजाहरूको किसिम, बनावट र स्थानीय मेलापर्वमा प्रयोग अवस्थाबारे जानकारी दिने। | बाजागाजाहरूको तस्विर | • तपाईं गाउँटोलमा प्रयोग हुने बाजागाजाहरूको नाम उल्लेख गर्नुहोस् । |
| | • स्थानीय चलनचल्तीका मौखिक कथाहरू खोज्न। | स्थानीय चलनचल्तीका मौखिक कथाहरू | • कक्षा कोठामा शिक्षकले विद्यार्थीहरूलाई स्थानीय चलनचल्तिमा रहेका लोक कथाहरू सुनाउने र विद्यार्थीहरूलाई ध्यान दिएर सुन्न लगाउने ।<br>• विद्यार्थीहरूलाई पनि आफूलाई कुनै लोक कथा थाहा भएमा कक्षामा सुनाउन लगाउने ।<br>• आमा-बुवा, हजुरबुवा, हजुरआमाको सहयोगमा गाउँघरमा भनिने कथा खोजेर ल्याइ कक्षामा बाचन गराउने। | | • स्थानीय मौलिक लोक कथाहरू आमा बुवाको सहायताले लेखि कक्षामा सुनाउन लगाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | • परम्परागत नाचहरू नाचिने अवसर बताई उक्त नाचहरूको अभिनय गर्न। | परम्परागत रूपमा मेला पर्व,जात्रा,बिहे आदिमा नाचिने नाचहरू। | • विभिन्न नाचहरू झल्किने फोटो देखाई कुन नाच कुन अवसरमा नाचिन्छ भन्न लगाउने।<br>• स्थानीय अवसरमा नाचिने विभिन्न स्थानीय सांस्कृतिक नाचको नमूना शिक्षकले कक्षाकोठामा भिडियो वा स्वयम् आफैले अभिनयात्मक रूपमा प्रस्तुत गर्ने ।<br>• विद्यार्थीहरूलाई पनि कक्षामा आफ्नो गाउँघरमा नाचिने परम्परागत मौलिक नाचको अभिनय गर्न लगाई यसको महत्वबारे सामान्य जानकारी दिने । | • तस्विर<br>• भिडियो | • विद्यार्थीहरूलाई स्थानीय परम्परागत नाचहरू नाच्ने अवसार भन्न लागउने ।<br>• परम्परागत मौलिक नाच कक्षाकोठामा प्रस्तुत गर्न लगाउने । |
| ५ हाम्रो पालिका | • आफ्नो पालिकाको सामान्य संगठन संरचनाबारेमा बताउन । | पालिकाको संगठन संरचना वडाहरू जनप्रतिनिधि | • कक्षाकोठामा पालिकाको संगठन संरचना झल्किने चार्ट देखाई छलफल गर्ने ।<br>• विद्यार्थीहरूलाई पालिकाको अध्यक्ष, उपाध्यक्ष र वडाको जनप्रतिनिधी बारे जानकारी दिने । | पालिकाको संगठन संरचना झल्किने चार्ट | • तपाईंको गाउँपालिकामा कति वडा छन् भन्न लगाउने ।<br>• बित्थडचिर गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षको नाम भन्न लगाउने ।<br>• पालिकाको वडा प्रमुखको पद भन्न लगाउने । |
| | • वडागत जनसङ्ख्या र पालिकाको जनसङ्ख्या बताउन। | पालिकाको वडागत जनसङ्ख्या र जम्मा जनसङ्ख्या | • कक्षाकोठामा विभिन्न वडाको जनसङ्ख्या भन्न लगाउने ।<br>• गाउँपालिकाको जनसङ्ख्या समेटिएको चार्ट देखाई छलफल गर्ने ।<br>• गाउँ पालिकाको जनसङ्ख्या बारे स्पष्ट | पालिकाको जनसङ्ख्या समेटिएको चार्ट | • आफ्नो वडाको जनसङ्ख्या भन्न लगाउने ।<br>• गाउँ पालिकाको जनसङ्ख्या भन्न लगाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जानकारी दिने । | | |
| | • पालिकामा रहेका पर्यटकीय स्थलहरूको सूची तयार पारी सामान्य परिचय दिन । | बित्थडचिरमा रहेका विभिन्न धार्मिक सांस्कृतिक तथा प्राकृतिक महत्वका ठाउँ जस्तै बित्थड उपत्यका, खसिडाँणा, कालिका मन्दिर देउलेख क्षेत्र, सुनकुडा, चिरासैनी मन्दिर, शिवभवानी, धारी छौडा लगाएत स्थानीय प्रशिद्ध स्थानहरू | • विद्यार्थीहरूलाई आआफ्नो क्षेत्रमा रहेका र सुनेका धार्मिक सांस्कृतिक र प्राकृतिक महत्वका क्षेत्रहरू भन्न लगाई टिपोट गर्ने।<br>• शिक्षकले यस क्षेत्रमा भएका प्रमुख क्षेत्रहरूको चित्र देखाउने, जस्तै बित्थड उपत्यका, खसीलोणा, कालिका मन्दिर, देउलेख क्षेत्र, सुनकुडा, चिरासैनी मन्दिर, शिवभवानी, धारी छौडा लगायत स्थानीय प्रशिद्ध स्थानहरूको बारेमा जानकारी दिने । | चित्र | • बित्थडचिर गाउँपालिकामा रहेका प्रमुख प्रर्यटकीय क्षेत्रहरूको नाम भन्न र लेख्न लगाउने। |
| | वनपैदावारहरूको परिचय र महत्व भन्न र लेख्न । | वनपैदावार जस्तै: काठ, दाउरा, घाँसपात जडिबुटी, फलफुल आदि । | • कक्षामा वनपैदावारहरूको चित्र देखाई छलफल गर्ने ।<br>• आफ्नो वरपर रहेका वनपैदावारको नाम भन्न र लेख्न लगाई वन पैदावारको परिचय बताउने ।<br>• वनपैदावारको महत्वहरू समेटिएको तालिका कक्षा कोठामा प्रदर्शन गर्ने । जस्तै:खाना पकाउन दाउरा ,मल बनाउन स्याउला सोतर, आयुर्वेदिक औषधीका लागि जडिबुटी आदी ।<br>• आफ्नो घर वरपर वनपैदावारबाट लिएका फाइदाहरू लेख्न लगाउने । | • चित्र तथा नमूना<br>• महत्व लेखिएको तालिका | • वरपर पाइने कुनै ५ वन पैदावारको नाम लेख्न लगाउने ।<br>• वनपैदावारको महत्व भन्न लगाउने । |
| ६ | • सामान्य गति, यति र | विभिन्न स्थानीय | • कक्षामा शिक्षकले आफैले गाएर वा | अडियो तथा | • विद्यार्थीहरूलाई आफूलाई |

| | | | | | |
|---|---|---|---|---|---|
| मेरो सिर्जना | लय मिलाई स्थानीय गीतहरू गाउन । | गीतहरू : देउडा गीत, लोक गीतठाडी भाकाहरू | अडियो तथा भिडियो मार्फत गीत सुनाउने।<br>• विद्यार्थीहरूलाई पनि आफूसँगै सामूहिक गीत गायनमा सहभागी गराउने ।<br>• गीतको सुर, ताल र भाव अनुसार गति, यति मिलाई गाउन लगाई शिक्षकले अवलोकन गरी आवश्यक निर्देशन दिने । | भिडियो गीत | मन पर्ने स्थानीय चलन चल्तीको गीत गाउन लगाउने ।<br>• गति, यति, लय मिलाई गीत गाउन अभ्यास गराउने । |
| | • आफ्नो स्थानीय तहको नक्सा कोर्न । | स्थानीय तहको नक्सा | • विद्यार्थीहरूलाई कक्षामा बित्थडचिर गाउँपालिकाको नक्सा देखाई विभिन्न ठाउँहरूको बारेमा छलफल गराउने ।<br>• शिक्षकले सेतोपाटीमा पालिकाको नक्सा कोरी विद्यार्थीहरूलाई सामान्यतया नक्सा कोर्दा ध्यान दिनु पर्ने कुराको जानकारी गराउँदै सोहि अनुसार नक्सा कोर्न लगाउने ।<br>• विद्यार्थीका हरेक क्रियाकलापको नजिकबाट अवलोकन गरी आवश्यक परेको बेला शिक्षकले सहजीकरण गर्ने ।<br>• विद्यार्थीहरूले कोरेका नक्साहरूलाई पालैपालो कक्षामा प्रस्तुत गर्न लगाउने । | नक्साको चित्र | आफ्नो पालिकाको नक्सा बनाउन लगाउने । |
| | • चित्र तथा मूर्तिकलाको सामान्य परिचय दिई | मूर्ति<br>देवीदेवताका मूर्ती, | • आफ्नो घर तथा स्थानीयमा परम्परागत रूपमा निर्माण गरिने विभिन्न चित्र तथा | • परम्परागत चित्र | • आफ्नो घरमा परम्परागत रूपमा निर्माण गरिने |

| | | | | | |
|---|---|---|---|---|---|
| | आफूलाई मन पर्ने मूर्ति तथा चित्र बनाउन । | चरा, हिमाल, गाई आदी । | मूर्तीहरू कोर्न लगाई प्रर्दशन गर्न लगाउने । जस्तैः रेखी, जिउती, रंगोली,विभिन्न देवीदेवता चरा हिमाल आदि।<br>• विद्यार्थीलाई आफूलाई मन पर्ने वस्तुको चित्र बनाउन र उपयुक्त रङ्ग भर्न लगाई त्यसको नाम लेख्न लगाउने । जस्तै- घर, मन्दिर, विद्यालय, चरा<br>• चित्र तथा मूर्तिकला भनेको के हो ? परिभाषा भन्न लगाई शिक्षकले स्पष्ट पारिदिने । | | विभिन्न चित्रहरू कोर्न लगाउने ।<br>• आफूलाई मन पर्ने वस्तुको चित्र बनाइ उपयुक्त रङ्ग भर्नुहोस् । |
| | • हस्तकलाको सामान्य परिचय दिई आफूलाई मन पर्ने वस्तुहरू बनाउन । | • हस्तकला | • आफ्नो समुदायमा निर्माण गरिने विभिन्न हस्तकलाहरूको परिचय दिँदै नमूना तथा चित्रको सहायताले हस्तकला सम्बन्धी सामाग्रीहरू देखाउने । जस्तैः ठेकी , डोका,खुर्पा, नाम्लो, छाप्रो बनाउने, स्वीटर, टोपी बुन्ने आदि ।<br>• विद्यार्थीहरूलाई आफूलाई मन पर्ने वस्तुका नमूनाहरू बनाउन लगाउने । जस्तैः डोको,नाम्लो, छाप्रो आदि । | • हस्तकलाका नमूना तथा चित्रहरू | • हस्तकला भनेको के हो ?<br>• हस्तकलासम्बन्धी विभिन्न वस्तुहरूको नमूना बनाउन लगाई मूल्याङ्कन गर्ने । |
| ७ | • स्थानीय स्तरमा अपनाइएका पेसा, व्यवसायको नाम भन्न र अवलोकन गर्न | पेसा, व्यवसायहरू (पशुपालन: कुखुरापालन बाख्रापालन) कृषि:तरकारी खेती, फलफुल खेती आदि) | • कक्षामा विभिन्न व्यवसायको तस्बिर अङ्कित पोष्टर प्रर्दशन गर्दै छलफल गर्ने ।<br>• विद्यार्थीहरूलाई घरपरिवारका सदस्य तथा समुदायमा चित्रमा जस्तै अपनाइएका पेसा तथा व्यवसायबारे | पोष्टर | स्थानीय स्तरमा अपनाइएका पेसा तथा व्यवसायको नाम भन्न लगाउने ।<br>विभिन्न व्यवसायको अवलोकन गर्न लागउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| हाम्रा आर्थिक क्रियाकलाप हरू | | सिलाइ कटाइ, हस्तकला आदि । | भन्न लागाइ टिपोट गर्ने ।<br>• आफ्नो टोल छिमेकमा भएका विभिन्न व्यवसायहरूको अवलोकन गराई व्यवसाय सञ्चालनबारे जानकारी दिने । | | |
| | • घर तथा समुदायमा हुने काममा सामान्य सहयोग र कामको सम्मान गर्न | घर तथा समुदायमा हुने कामहरू:खेतीपाती,सिलाइ कटाइ, डोको डालो आदीको काम । | • विद्यार्थीहरूलाई पालैसँग आफ्ना परिवार तथा समुदायका सदस्यले गर्ने काम भन्न लगाउने ।<br>• सबै कामको आ आफ्नो क्षेत्रमा भएको महत्व छलफल गराई निष्कर्ष प्रस्तुत गर्ने<br>• समुदायमा गरिने सबै कामको महत्व रहेकाले यी सबै कामको सम्मान गर्नु पर्ने सन्दर्भलाई विभिन्न उदाहरण सहित स्पष्ट पार्ने । | | • समुदायमा गरिने कुनै ५ वटा कामहरू भन्न लगाउने ।<br>• विद्यार्थीहरूलाई घर तथा समुदायको काममा गर्ने सहयोग भन्न लगाउने । |
| | • आफ्नो क्षेत्रमा उत्पादित वा निर्मित वस्तुको उपयोग गर्न र यसका फाइदा भन्न । | स्थानीय स्तरमा निर्मित विभिन्न वस्तुहरू जस्तै:<br>हस्तकला<br>चित्रकला<br>राडिपाखी<br>काष्ठकला आदि | • आफ्ना स्थानीय स्तरमा उत्पादित वस्तुहरू भन्न लगाई टिपोट गर्ने ।<br>• शिक्षकले कक्षामा स्थानीय उत्पादित सामग्री सङ्कलित सूची शैक्षणिक सामग्रीको सहायताले प्रदर्शन गर्ने र अगाडि टिपोट गरिएका वस्तुहरू भन्दा भिन्न भएमा आवश्यक संशोधन गर्ने ।<br>• आफ्नो क्षेत्रमा उत्पादित वस्तुहरूको नमूना सङ्कलन गरेर ल्याउन लगाउने र उक्त वस्तुहरूको उपयोग गर्न प्रेरित | सामग्री<br>सङ्कलित सूची<br>विभिन्न ठोस नमूनाहरू | • तपाईं गाउँमा उतपादन हुने वस्तुका फाइदा केके हुन् भन्न लगाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गर्ने<br>• आफ्नो क्षेत्रमा उत्पादित वस्तुहरूको उपयोगको महत्व सम्बन्धमा छलफल गर्न लगाउने । | | |
| | • सामानको प्रयोग गर्दा मितव्ययिता अपनाउन | • घरायसी सामानहरू प्रयोगमा बचत गर्ने, फारू गर्ने, सुरक्षा गर्ने | • घर,विद्यालय तथा समुदायमा प्रयोगका लागि राखिएका सामग्रीहरूको मितव्ययी रूपमा प्रयोग गरी तिनीहरूको जतन गर्ने तरिकाहरू छलफल गर्ने र अभ्यास गराउने<br>• विद्यार्थीहरूलाई कक्षाकोठा र विद्यालयमा रहेका समान जतन र मितव्ययी प्रयोग गर्न नियम बनाउने र जिम्मेवारी दिने र जिम्मेवारी पालन गरे नगरेको शिक्षकले अवलोकन गर्ने | | • घरमा प्रयोग गरिने सामानको महत्व लेख्न लगाउने ।<br>• सामानको सुरक्षाका उपायहरू भन्न लगाउने |
| ८<br>हाम्रो वातावरण | • सफा वातावरणको महत्व बताउन । | वातावरणीय सरसफाइको महत्व विद्यालय र वरपरको वातावरण | • वातावरणीय सरसफाइको महत्व झल्किने तस्बिर, देखाईचित्र र उदाहरणमार्फत छलफल गर्ने ।<br>• विद्यालय र स्थानीय वरपरको वातावरण सरसफाइको कार्यक्रम गरी विद्यार्थीलाई सहभागी हुन उत्प्रेरित गर्ने<br>• सफा वातावरणको बारेमा जानकारी गरी यसको महत्व भन्न लगाउने | • तस्बिर, चित्र र उदाहरण | • सफा वातावरणको महत्व भन्न लगाउने ।<br>• वातावरणीय स्वच्छताले मानव जीवनमा पार्ने प्रभाव लेख्न लगाउने । |
| | • स्थानीय वातावरण प्रदूषणको कारण | • वातावरण प्रदूषणका | • भिडियो तथा पोष्टरको सहायताले वातावरणीय प्रदूषणका कारणहरूबारे | | • वातावरण प्रदूषणका कुनै ४ कारणहरू भन्न |

| | | | | | |
|---|---|---|---|---|---|
| | पहिचान गरी समाधानका उपायहरू भन्न । | • कारणहरू<br>• समाधानका उपायहरू | जानकारी दिने ।<br>• स्थानीय रूपमा वातावरणको प्रदूषण के कसरी भएको छ छलफल गराउने।<br>• जथाभावी जङ्गलको फडानी,आगलागी फोहर मैला, धुवा धूलो अव्यवस्थित बसाइ आदिको कारण वातावरण प्रदूषण हुने कुराको जानकारी दिने ।<br>• वातावरण प्रदूषण रोक्न छलफल गराई जङ्गलको फडानी,आगलागी फोहर मैला, धुवा धूलो अव्यवस्थित वसाइलाई रोकेमा वातावरण प्रदूषण कम गर्न सकिने जानकारी दिने । | | लगाउने ।<br>• बढ्दो प्रदूषण रोक्न अपनाउन सकिने समाधानका उपायहरू लेख्न होस् । |
| | • आफ्नो गाउँपालिकामा रहेका प्राकृतिक श्रोतहरूको पहिचान गर्न | प्राकृतिक श्रोतहरू: नदी, खोला, कुवा, जङ्गल, हिमाल, खानी | • कक्षामा विद्यार्थीहरूलाई नदी, खोला, कुवा, जङ्गल, हिमाल, खानी जस्ता कुराहरू प्राकृतिक स्रोत भएको जानकारी दिने ।<br>• विद्यार्थीहरूलाई बित्थडचिर गाउँपालिकामा रहेका प्राकृतिक स्रोतहरूको नाम भन्न र लेख्न लगाउने । | | • गाउँपालिकामा रहेका कुनै ५ प्राकृतिक स्रोतहरूको नाम भन्न लगाउने ।<br>• चित्र देखाई प्राकृतिक स्रोतको वर्गीकरण गर्न लगाउने । |
| | • शुद्ध खानेपानीको प्रयोग गर्न । | शुद्ध खानेपानीको प्रयोग | • कक्षामा सफा र फोहर पानीका स्रोतहरू समेटिएका अलग अलग चित्र देखाउँदै विद्यार्थीहरूलाई ध्यान दिएर हेर्न लगाई छलफल गराउने ।<br>• हामीले प्रयोग गर्ने खानेपानीको स्रोत कुनसँग मेल खान्छ सोध्ने । | चित्रहरू | सफा खानेपानी प्रयोग कसरी गर्नु हुन्छ । सोध्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • शुद्ध खानेपानी स्वास्थ्यको लागि महत्वपूर्ण भएको जनाउदै पानीका मुहान संरक्षण र फोहर हुनबाट बचाइ सफा र शुद्ध पानी मात्रै प्रयोग गर्नु पर्ने जानकारी दिने । | | |
| ९ स्थानीय प्रविधि र बजार | • स्थानीय प्रविधिको परिचय, र फाइदा लेख्न । | स्थानीय प्रविधिको परिचय, र फाइदाहरू | • स्थानीय स्तरमा प्रयोग भईरहेका विभिन्न प्रविधि समेटिएका चित्र जस्तैः पानी घट्ट, चुक पेल्ने जाती, उखु तथा तेल पेल्न प्रयोग गरिने कोलु, भागोको लोक्ताबाट कपडा बनाउने स्थानीय चान, स्थानीय आरामील, दलित समुदायमा प्रयोग भईरहेको भाँडा निर्माण गरिने आँफर आदि कक्षामा देखाई आवश्यक छलफल गरी प्रविधिको सामान्य परिचय वा अवधारणा विकास गर्ने र गराउने ।<br>• स्थानीय प्रविधिबाट विकसित सामानको प्रयोगले हाम्रो दैनिक जीवनयापनमा परेको प्रभाव भन्न लगाउने ।<br>• स्थानीय वस्तु र आयातित वस्तु प्रयोग बिच फरक देखाई स्थानीय प्रविधिको फाइदा भन्न र लेख्न लगाई आवश्यक सहयोग गर्ने । | चित्र<br>नमूना<br>प्रविधहरू | • स्थानीय प्रविधिको परिचय भन्न लगाउने<br>• स्थानीय प्रविधिको नाम भन्न लगाउने ।<br>• स्थानीय प्रविधि प्रयोगका फाइदाहरू लेख्न लगाउने ।<br>• प्रविधिबाट उत्पादित वस्तुको बारे सोध्ने । |
| | • स्थानीय प्रविधिको सामान्य प्रयोग गर्न | प्रविधिको प्रयोग | • स्थानीय रूपमा सञ्चालन र प्रयोगमा आएका प्रविधिको नाम भन्न लगाउने । | | • स्थानीय प्रविधिहरूको टिपोट गराउने ।<br>• सामूहिक तथा एकल |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • दैनिक जीवनमा तिनको प्रयोग कहाँ र कसरी हुन्छ सोधी टिपोट गर्ने ।<br>• शिक्षकले स्थानीय प्रविधि प्रयोगका तरिका र फाइदाहरू बताई आफूले पनि प्रयोग गरेको र सबैले प्रयोग गर्नु पर्ने जानकारी दिने ।<br>• विद्यार्थीहरूले प्रयोग गरे नगरेको अनुगमन गर्ने । | | परियोजना कार्य दिई स्थानीय प्रविधको प्रयोग अवस्थाको अवलोकन गराउने।<br>• स्थानीय प्रविधि प्रयोग अवस्थाको वर्णन गर्न लगाउने । |
| | • स्थानीय प्रविधिका लागि आवश्यक पर्ने स्रोत साधनहरूको संरक्षण गर्न | स्रोत साधनहरू | • स्थानीय प्रविधिहरूको चित्र देखाई जस्तै: पानी घट्ट, चुक पेल्ने जाती, उखु तथा तेल पेल्न प्रयोग गरिने कोलु, भागोको लोक्ताबाट कपडा बनाउने स्थानीय चान, स्थानीय आरामील, दलित समुदायमा प्रयोग भईरहेको भाँडा निर्माण गरिने आँफर आदि को अवलोकन गराई तिनको सञ्चालनमा आवश्यक पर्ने स्रोतको बारेका जानकारी दिने ।<br>• प्रविधिलाई बचाइ राख्न स्रोत र साधनको संरक्षण गर्नु महत्वपूर्ण भएकोले संरक्षण पाइने स्थान र स्रोतको अवस्था बारेमा जानकारी दिने ।<br>• विद्यार्थीहरूलाई स्रोत बचाउन आवश्यक तरिका भन्न लगाई शिक्षकले सहयोग गर्ने र व्यवहारमा लागु गर्न अनुरोध गर्ने । | स्थानीय प्रविधिका लागि आवश्यक पर्ने स्रोत साधनहरूको नमूना र चित्रहरू | • स्थानीय प्रविधि सञ्चालनको लागि चाहिने स्रोत र साधनहरू भन्न लागउने ।<br>• स्रोतको संरक्षण कसरी गर्न सकिन्छ सोध्ने ।<br>• प्रविधिका लागि चाहिने स्रोत पाइने स्थानको संरक्षणका उपाय भन्न लगाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | • स्थानीय बजारको महत्व लेख्न । | बजारको महत्व | • स्थानीय बजारको अवलोकन भ्रमण गराउने ।<br>• बजारमा देखेका अनुभव गरेका कुरा लेख्न र भन्न लगाउने ।<br>• अनुभव गरको आधारमा वजारको महत्व लेख्न लगाई शिक्षकले अवलोकन गर्ने ।<br>• बजारको महत्व लेखिएको चार्ट कक्षामा शिक्षकले देखाई बजारको महत्व बारे थप जानकारी दिने । | चार्ट | • स्थानीय बजारको महत्व भन्न लगाउने ।<br>• स्थानीय वजारको बारेमा एक अनुच्छेद लेख्न लगाउने । |
| १० विपद् जोखिम न्यूनीकरण | • विपद्का प्रकारहरू भन्न | विपद्का प्रकारहरू (आगलागी, बाढी पहिरो, भूक्षय, महामारी) | • कक्षामा आगलागी,बाढी पहिरो, भूक्षय, महामारी बारे विद्यार्थीहरूलाई जानकारी दिने ।<br>• स्थानीय स्तरमा विद्यार्थीहरूले देखे भोगेका विपद्हरू भन्न लगाउने ।<br>• आगलागी,बाढी पहिरो, भूक्षय, महामारीजन्य प्रकोप विपद्का प्रकार भएको जानकारी दिने । | | • आगलागी,बाढी पहिरो, भूक्षय भएको देखेका छौ सोध्ने ।<br>• विपद् के हो ।विपद्का प्रकारहरू भन्न लगाउने । |
| | • दुर्घटनाबाट बच्न] उपायहरू लेख्न । | सडक दुर्घटना, आगलागी, बाढी, पहिरो जस्ता दुर्घटनाबाट बच्ने उपायहरू | • आगलागी,बाढी पहिरो, भूक्षय, सवारी दुर्घटनाबारे छलफल गर्ने ।<br>• चित्र तथा पोष्टरबाट दुर्घटना निम्तिन सक्ने सम्भावना बारे जानकारी दिने ।<br>• दुर्घटनाबाट बच्ने उपायहरू बताउने । | चित्र तथा पोष्टर | • आगलागी,बाढी पहिरो, भूक्षय, सवारी दुर्घटना भएको देखेका छौ सोध्ने ।<br>• बाढी तथा पहिरोबाट बच्ने उपायहरू बताउन लगाउने । |
| | • विपद्का असरहरू | विपद्का असरहरू | • विद्यार्थीहरूलाई स्थानीय स्तरमा भएका | | • विभिन्न विपद्हरू भन्न |

| | | | | | |
|---|---|---|---|---|---|
| | बताउन। | | विभिन्न विपद् भन्न लगाउने ।<br>• विपद्ले निम्त्याउने असरहरू बारे छलफल गरी शिक्षकले स्पष्ट पारि दिने । | | लगाउने ।<br>• विपद्ले केके गर्छ सोध्ने ।<br>• विपद्का असरहरू भन्न लागउने। |

## ४.५ विषयवस्तुको विस्तृतीकरण:

### कक्षा ५

| थिम/ क्षेत्र | सिकाइ उपलब्धी | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामग्री | मुल्याङ्कन |
|---|---|---|---|---|---|
| १.<br>म र मेरो परिवार | • आफ्नो परिवारको विवरण तयार गर्न । | • मेरो पारिवारिक विवरण | • शिक्षकले आफ्नो विवरण समेटिएको चार्ट कक्षामा प्रस्तुत गर्ने ।<br>• विद्यार्थीहरूलाई पनि त्यस्तै विवरण तयार पार्न लगाउने ।<br>• आफ्नो परिवारको पारिवारिक विवरणको खाका दिएर नाम,उमेर,शिक्षा (शैक्षिक योग्यता) र कामसहित विवरण तयार गर्न लगाई प्रस्तुत गर्न लगाउने। | • पारिवारिक विवरणको खाका | • तपाईंको घरमा कति जना सदस्यहरू छन् ?<br>• तपाईंको घरमा भएका महिला र पुरूषको सङ्ख्या बताउनुहोस्<br>• तपाईंको पारिवारिक विवरण तयार पार्नुहोस् । |
| | • घरायसी सामानको प्रयोग तथा सुरक्षा गर्न । | • सामानको प्रयोग र सुरक्षा | • विद्यार्थीहरूसँग आफूले प्रयोग गर्ने सामाग्रीहरूको सूची बनाउन लगाउने र उनीहरूले बनाएको सूचीबाट ती सामाग्रीको प्रयोग तथा सुरक्षा कसरी गर्नुहुन्छ भन्ने बारेमा प्रश्नोत्तर गर्ने<br>• घरायसी प्रयोग गर्ने सामाग्री, सामाग्री राख्ने ठाउँ र सो सामाग्रीको सुरक्षा गर्ने | • घरायसी प्रयोगका सामग्रीहरू | • तपाईंले प्रयोग गर्ने कुनै ६ वटा सामग्रीहरूको नाम भन्नुहोस् ।<br>• – तपाईंको घरायसी प्रयोग हुने कुनै चारवटा सामग्रीहरूको नाम भन्नुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | व्यक्ति बारे छलफल गर्ने<br>• प्रयोग भएका सामाग्रीहरूलाई सुरक्षित राख्ने तरिका वारे प्रश्नोत्तर तथा छलफल गरी सूची तयार गर्न लगाउने | | • तपाईं र तपाईंको घरायसी प्रयोग गर्ने सामग्रीको सुरक्षा कसरी गर्नुहुन्छ कुनै दुईवटा उपायहरू बताउनुहोस् । |
| | • परिवारमा मिलेर गरिने कार्यहरू बताउन । | • परिवारमा मिलेर गरिने कार्यहरू | • कक्षामा परिवार र परिवारका सदस्यहरूले गर्ने काम समेटिएको चित्र प्रदर्शन गर्ने र छलफल गर्ने ।<br>• परिवारमा मिलेर गरिने कार्यहरू जस्तै घरको सरसफाइ, कोठा मिलाउने, आगनको सरसफाइ, खाना बनाउने करेसाबारी निर्माण आदि कार्यहरूको बारेमा छलफल गराउने । | • परिवारमा मिलेर कार्य गरिरहेको चित्र तथा भिडियो | • परिवारमा केके काम गरिन्छ सोध्ने ।<br>• परिवारमा मिलेर गरिने कार्यहरू के के हुन ? सूची बनाउन लगाउने । |
| | • घरभित्र र बाहिरको सरसफाइ गर्न । | • घरभित्र र बाहिरको सरसफाइ | • कक्षाकोठाको सरसफाइको योजना बनाइ सबैलाई समावेश गर्ने<br>• सार्वजनिक स्थानहरूको सरसफाइ गर्ने तरिका बताउने ।<br>• घरभित्र र बाहिर गर्नु पर्ने सरसफाइमा आवश्यक सामाग्रीहरूको सूची बनाउन लगाई भन्न लगाउने र बोर्डमा टिपोट गर्ने ।<br>• घरभित्र र घरबाहिर सरसफाइ गर्नु पर्ने ठाउँ कुन-कुन हुन सक्छन प्रश्न गरी ठाउँ पहिचान गर्न लगाई टिपोट गर्न लगाउने।<br>• पहिचान गरिएका ठाउँको सरसफाइ गर्ने | • सार्वजनिक स्थल सरसफाइ गरिरहको चित्रहरू<br>• सामुदायिक कार्यहरूमा सहभागी भएका चित्र , भिडियोहरू | • घर भित्र र बाहिर सरसफाइ गर्न चाहिने कुनै दुई-दुई वटा सामाग्रीहरूको नाम भन्न लगाने।<br>• घरभित्र र बाहिर सरसफाइ गर्नु पर्ने कुनै दुई वटा ठाउँ लेख्न लगाउने ।<br>• सरसफाइको अभ्यास अवलोकन गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | व्यक्ति बारे छलफल गर्न लगाउने ।<br>• सरसफाइ गर्दै गरेको चित्र प्रदर्शन गरी सो चित्र बारे प्रश्नोत्तर विधिबाट छलफल गर्ने<br>• कक्षा कोठा भित्र र बाहिर सरसफाइगर्ने ठाउँ यकिन गरी सामाग्री सङ्कलन गर्न लगाई प्रयोगात्मक अभ्यास गराउने । | | |
| २<br>मेरो दैनिक जीवन | • निर्देशन अनुसार स्थानीय खेल खेल्न । | • स्थानीय खेलहरू खेल्ने तरिकाहरू<br>• डण्डिबियो,रूमाल चोर आदि । | • विद्यार्थीहरूलाई मन पर्ने स्थानीय खेलको नाम भन्न लगाउने।<br>• समूहमा मिलेर मन परेको खेल खेल्न लगाउने ।<br>• विद्यार्थीहरूले नियमानुसार खेल खेलेको शिक्षकले अवलोकन गरी पुन: खेल्न लगाउने । | • खेलसँग सम्बन्धित सामग्रीहरू | • स्थानीय खेलको नाम भन्न लगाउने ।<br>• स्थानीय खेलहरू खेलेको अवलोकन गरी मूल्याङ्कन गर्ने । |
| | • स्थानीय खेलको महत्व बताउन । | • स्थानीय खेलको महत्व | • स्थानीय खेलको बारेमा भन्न लगाउने<br>• खेलको महत्त्वको सूची बनाउन लगाउने<br>• आएका बुँदाहरूका आधारमा छलफल गर्ने र आवश्यक सुझाव दिने । | • स्थानीय खेलका महत्वको सूचीको चार्ट | • स्थानीय खेलको महत्त्व भन्न लगाउने । |
| | • सुरक्षित साथ घरायसी औजारहरू प्रयोग गर्न । | • घरायसी औजार प्रयोग गर्ने तरिकाहरू | • विद्यार्थीहरूलाई विभिन्न प्रयोजनमा प्रयोग गरिने घरायसी औजारको सचित्र शैक्षिक सामग्री प्रदर्शन गरी छलफल गर्ने ।<br>• घरमा भएका औजारहरूको प्रयोग गरिने तरिकाबारे जानकारी लिने र दिने।<br>• घरमा औजारको प्रयोग कसरी गर्छौ सोध्ने र सल्लाह दिने | औजारको सचित्र शैक्षिक सामग्री | • घरमा प्रयोग गरिने कुनै ३ औजारको नाम लेख्न लगाउने।<br>• औजारको प्रयोग कसरी गर्न सकिन्छ सिकाउने । |
| | व्यक्तिगत | व्यक्तिगत | • स्वास्थ्य तथा सरसफाइ सम्बन्धी पोष्टर | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सरसफाइको महत्व लेख्न । | सरसफाइको महत्व | कक्षामा प्रदर्शन गरी छलफल गराउने ।<br>• व्यक्तिगत सरसफाइका लागि गर्नु पर्ने कार्यहरू सोध्ने ।<br>• व्यक्तिगत सरसफाइ बारे स्पष्ट पारिदिने ।<br>• सरफाइको महत्व लेखिएको सूची तालिका देखाई स्पष्ट पारिदिने । | • स्वास्थ्य तथा सरसफाइ सम्बन्धी पोष्टर<br>• सूची तालिका | सरसफाइको महत्व लेख्न लगाउने । |
| ३<br>हाम्रो समुदाय | • समुदायको सामान्य परिचय दिई यसको महत्व तथा फाइदा लेख्न। | • समुदायको परिचय, महत्व र फाइदा | • विद्यार्थीहरूलाई समुदायको स्पष्ट स्वरूप झल्किने तस्विर कक्षामा देखाई सामुदायिक धारणाको विकास गराउने ।<br>• आफ्नो समुदायको स्वरूप अनुसार समुदायको परिचय भन्न र लेख्न लगाई शिक्षकले सहजीकरण गर्ने ।<br>• समुदायको महत्वबारेमा छलफल गर्ने ।<br>• समुदायमा बस्दा हुने फाइदा भन्न र लेख्न लगाउने । | • समुदायको स्पष्ट स्वरूप झल्किने तस्विर | • समुदायको परिचय दिन लगाउने ।<br>• समुदायको महत्व र फाइदा लेख्न लगाउने । |
| | • आफ्नो समुदाय तथा गाउँपालिकामा असल काम गरी नाम कमाएका व्यक्तिहरूको नाम तथा योगदान बताउन । | • समाजसेवी व्यक्तिहरूको योगदान | • शिक्षकले स्थानीय समाजसेवी व्यक्तिहरूको परिचय दिँदै उनीहरूले गरेका योगदानहरूको उदाहरणसहित जानकारी गराउने ।<br>• विद्यार्थीहरूलाई बित्थडचिर गाउँपालिकामा विभिन्न क्षेत्रमा सहयोग गर्ने व्यक्तिहरूको नाम र उनीहरूले गरेको योगदानको बारेमा आफ्नो अभिभावकसँग छलफल गरी टिपोट गरी ल्याउन लगाउने | • समाजसेवी व्यक्तिहरू/ विभूतिहरूको फोटो/चार्टहरू | • बित्थडचिर गाउँपालिकामा विभिन्न क्षेत्रमा सहयोग गर्ने व्यक्तिको नाम भन्न लगाउने ।<br>• उनले गरेको योगदान लेखेर सुनाउन लगाउने ।<br>• समाजसेविले गरेको काम बाट के सिक्यौ विचार भन्न लगाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | र विद्यार्थीहरूबाट पालैपालो प्रस्तुत गर्न लगाउने । जस्तै: विद्यालय, मठमन्दिरमा चन्दा दिने, बाटोघाटो, चौतारो निर्माण गर्ने, गरिब तथाविपन्नलाई सहयोग गर्ने आदि ।<br>• बित्थडचिर गाउँपालिकामा असल काम गरी नाम कमाएका व्यक्तिहरू र उनीहरूको योगदानको सूची बनाइ प्रस्तुत गर्न लगाउने । | | |
| | • समुदायका सामाजिक समस्या उत्पन्न हुने कारणहरू र समाधानका सामान्य उपायहरू बताउन । | • सामाजिक समस्याका प्रमुख कारणहरू<br>• सामाजिक समस्या समाधानका उपायहरू | • हाम्रो समाजमा रहेका सामाजिक समस्याहरू बारे समूहमा छलफल गरी प्रस्तुत गर्न लगाउने ।<br>• सामाजिक समस्याका प्रमुख कारणहरू विद्यार्थीलाई भन्न लगाउने र चित्रहरू प्रस्तुत गरी स्पष्ट पार्ने ।<br>• सामाजिक समस्याहरूको प्रकृति अनुसार वर्गीकरण गर्ने<br>• समस्या समाधानमा व्यक्ति, परिवार, समुदाय तथा सरकारी निकायको भूमिका बारेमा समूहगत छलफल गर्ने<br>• सामाजिक समस्या समाधानका उपायहरूको चार्ट प्रदर्शन गरी छलफल गर्ने । | • सामाजिक समस्याहरू झल्किने चित्रहरू<br>• सामाजिक समस्या समाधानका उपायहरूको चार्ट | • तपाईंको समुदायमा रहेका प्रमुख समस्याहरू र उक्त समस्याहरू उत्पन्न हुने कारणहरू बताउनुहोस् ।<br>• परियोजनाकार्य:<br>• उपरोक्त समस्याका कारणहरू सोधी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>• समस्या समाधानका लागि विद्यार्थीहरूले प्रयोग गर्न सक्ने उपायहरू बताउनुहोस् ।<br>• समस्या समाधानमा विद्यालयले खेल्ने भूमिकाहरू लेख्नुहोस् । |
| | • आफ्नो समुदायमा रहेका सामाजिक संघ | • सामुदायिक विकासमा सामुदायिक | • समुदायमा रहेका प्रत्येक संघसंस्थाहरूले गर्ने कार्यहरूको सूची/ चार्ट प्रस्तुत गरी छलफल गर्ने । | • सामाजिक संघसंस्थाहरूको नामसहित चार्ट | • समुदायमा काम गर्ने संस्थाहरू सोध्ने ।<br>• स्थानीय क्षेत्रमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | संस्थाहरूले सामुदायिक विकासमा खेलेको भूमिका भन्न र लेख्न । | संस्थाको भूमिका | • समुदायको विकासमा भूमिका खेलेका संस्थाहरूको काम भन्न लगाउने ।<br>• संघ संस्थाको भूमिका र काम बारे स्पष्ट जानकारी दिने । | • स्थानीय क्षेत्रमा रहेका सामुदायिक संस्थाहरूको भूमिका सम्बन्धमा तयार पारिएको चार्ट | सामुदायिक विकासमा कुनै संस्थाले खेलेको कुनै ५ वटा भूमिका लेख्न लगाउने। |
| ४<br>हाम्रो संस्कृति | • स्थानीय मन्दिर,मण्डप (माणौं)हरूको धार्मिक तथा सांस्कृतिक महत्व उल्लेख गर्न। | मन्दिर,मण्डप (माणौं)हरूको धार्मिक तथा सांस्कृतिक महत्व | • स्थानीय मन्दिर,मण्डप (माणौ)हरूको बारे छलफल गराउने ।<br>• वाक्यपत्ति प्रयोग गरी तिनको महत्व उल्लेख गर्ने। | वाक्यपत्ति | स्थानीय मन्दिर तथा माणौंको महत्व भन्न लगाउने । |
| | • स्थानीय चाडपर्वमा गरिने क्रियाकलाप र तिनको महत्व बताउन । | • हाम्रा चाडपर्वहरू | • विद्यार्थीलाई स्थानीय चाडपर्वको स्मरण गराउने<br>• विभिन्न चाडपर्वहरूमा गरिने क्रियाकलापहरू बारे समूह कार्य गराउने । जस्तै : गौरामा गरिने क्रियाकलापहरू, माघे सङ्क्रान्तिमा गरिने क्रियाकलापहरू....... आदि ।<br>• चार्ट प्रदर्शन गर्दै विभिन्न चाडपर्वको महत्त्व बारे छलफल गर्ने । | • चाडपर्वहरूको महत्व लेखेको चार्ट | • चाडपर्वमा गरिने कुनै ३ वटा क्रियाकलाप बताउन लगाउने ।<br>• तिनको महत्त्व सोध्ने। |
| | • स्थानीय भेषभूषाको महत्व र संरक्षणका फाइदा बताउन । | • स्थानीय भेषभूषा | • छुट्टा छुट्टै समूहमा छुट्टा छुट्टै भेषभूषा बारे परिचय दिन समूह कार्य गराउने ।<br>• एउटा समूहको कार्यमाथि अर्को समूहलाई सुझाव दिन लगाउने ।<br>• विभिन्न भेषभूषाको महत्त्व बारे कक्षामा छलफल गर्ने । | • स्थानीय चाडपर्वको नाम सूची र सम्बन्धित भिडियो<br>• स्थानीय चाडपर्वमा लगाईने पोसाकको सूचीजस्तै (गोरामा गाबन, चोलो, दौरा, सुरूवाल) चार्ट | • चाडपर्वमा लगाईने भेषभूषाको महत्त्व के छ ? चोलोको महत्त्व, तिलहरीको महत्त्व, सुताको महत्त्व, नथियाको महत्त्व ...........<br>• पोसाकहरूको संरक्षण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • विद्यार्थीहरूको समूह निर्माण गर्ने समुदायमा लगाईने पोसाकको महत्व बारे छलफल गराउने।<br>• स्थानीय चाडपर्व तथा विषेश अवसरमा लगाईने पोसाकको फाइदा चार्ट प्रस्तुत गर्ने | | गर्दाका २ वटा फाइदा को नाम भन्नुहोस् । |
| | • स्थानीय चाडपर्वमा खाइने खानेकुराको महत्व बताउन | • स्थानीय चाडपर्वमा खाइने खानेकुराहरू र महत्व | • विद्यार्थीहरूको समूह निर्माण गर्ने, चाडपर्वमा खाइने खानेकुराहरूको सूची निर्माण गर्न लगाउने ।<br>• आफ्नो चाडपर्वमा खाइने खानेकुराहरूको महत्त्व दर्शाउने चार्ट प्रस्तुत गर्ने, छलफल गर्ने । | • चाडपर्वमा खाइने खानेकुराहरू बनाउने महत्त्वको चार्ट | • स्थानीय चाडपर्वमा खाइने खानेकुराको के महत्व हुन्छ ? |
| | • स्थानीय चाडपर्वहरूमा पाइने भिन्नता बताउन । | • हाम्रा चाडपर्वहरू | • विभिन्न चाडपर्वको स्मरण गराउने, विद्यार्थीहरूको समूह निर्माण गरी आफ्नो समुदाय रसमाजमा मनाइने चाडपर्वहरूबारे छलफल गराउने ।<br>• स्थानीय क्षेत्रमा मनाइने विभिन्न चाडपर्वहरू झल्किने चित्र प्रस्तुत गर्ने ।<br>• विभिन्न चाडपर्वबिच भिन्नता छुट्याउने अभ्यास गराउने जस्तै : ओल्के, संक्रान्ति बिचको फरक, बडाल जाँत र शिखर जाँत बिचको फरकआदि । | • स्थानीय चाडपर्व झल्किने चित्र/भिडियो | • तपाईंको समुदायमा रहेका विभिन्न जातजातिले मनाउने चाडपर्वका नाम भन्नुहोस् । |
| ५ | • बित्थडचिर गाउँपालिकाको संगठन संरचना बारेमा | गाउँपालिकामा राजनैतिक संगठन संरचना:अध्यक्ष, उपाध्यक्ष, | • कक्षा कोठामा बित्थडचिर गाउँपालिकाको राजनैतिक र प्रशासनिक संगठन संरचना झल्किने चार्टहरू देखाई आवश्यक छलफल गर्ने। | चार्टहरू | • गाउँपालिकाको राजनैतिक संरचना भन्न लगाउने ।<br>• प्रशासनिक संरचनाको नेतृत्व भन्न लगाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| हाम्रो पालिका | बताउन। | वडाध्यक्षहरू प्रशासनिक संगठन संरचना:प्रमुख प्रशासकीय अधिकृत,विभिन्न विषयगत शाखाहरू | • विद्यार्थीहरूलाई राजनैतिक संगठन अन्तरगत पर्ने र प्रशासनिक संगठन अन्तरगत पर्ने संरचनाको बारेमा जानकारी दिने । | | • प्रशासनिक संरचना अन्तरगत पर्ने विषयगत शाखाहरूको बारेमा जानकारी दिने । |
| | • पर्यटनको महत्व लेख्न । | पर्यटनको महत्व | • विभिन्न धार्मिक,सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको चित्र देखाई छलफल गर्ने ।<br>• आफ्नो पालिकामा रहेका पर्यटकीय सम्भावनाहरूको बारेमा शिक्षकले जानकारी दिने ।<br>• विद्यार्थीहरूलाई पर्यटनको महत्व लेखेर कक्षामा प्रस्तुतीकरण गराउने शिक्षकले सहजीकरण गर्ने । | धार्मिक,सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको चित्र | • पर्यटकीय सम्भावना बोकेका स्थानहरू भन्न लगाउने ।<br>• पर्यटनको महत्व लेख्न लगाउने । |
| | • विभिन्न पर्यटकीय स्थानहरूको वर्णन गर्न । | पर्यटकीय स्थलहरू | • शिक्षकले कक्षामा पर्यटकीय स्थलहरूको बारेमा जानकारी दिने ।<br>• चित्रको सहायताले विद्यार्थीहरूलाई विभिन्न स्थानको बारेमा अवधारण निर्माण गराउने ।<br>• आफूलाई जानकारी भएको पर्यटकीय सम्भावना बोकेको क्षेत्रको बारेमा भन्न लगाउने । | | • पर्यटकीय क्षेत्रको बारेमा वर्णन गर्न लागउने । |
| | • वनपैदावारको महत्व र प्रकार भन्न । | वनपैदावारको महत्व र प्रकार | • विद्यार्थीहरूलाई वनपैदावार समेटिएको पोष्टर देखाउँदै दाउरा, स्याउला सोतर, जडिबुटी, काठ आदि वनबाट पाउन | चित्र<br>सूची तालिका | • वनपैदावारको महत्व भन्न लगाउने ।<br>• वनपैदावारका प्रकारहरू |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सकिने वस्तु वनपैदावार भएको जानकारी दिने ।<br>• गाउँ घरमा वन पैदावारको उपयोग अवस्था भन्न लगाउने।<br>• वनपैदावारको महत्व लेखिएको सूची तालिका प्रदर्शन गर्दै छलफल गर्ने ।<br>• वनपैदावारको प्रकार दाउरा, स्याउला सोतर, जडिबुटी, काठ आदि बारे जानकारी दिने । | | भन्न लागउने । |
| ६<br><br>मेरो सिर्जना | • गायन र नृत्यकलाको परिचय दिन । | • गायन र नृत्यकला | • शिक्षकले आफूसँगै एकल तथा सामूहिक रूपमा सुर तथा ताल मिलाई गीत गाउन लगाउने ।<br>• गीत अनुसार हाउभाउ सहित नृत्य प्रदर्शन गर्न लगाउने ।<br>• विद्यार्थीहरूलाई गायन र नृत्यकलाको पालैपालो परिचय दिन लगाई शिक्षकले सहजीकरण गरी स्पष्ट पारिदिने । | • रेकर्डर वा मोवाइल | • बालबालिकाहरूलाई पालैपालो मनपर्ने गीत स्वर र लय मिलाएर गाउन लगाई मूल्याङ्कन गर्ने ।<br>• गीत अनुसार हाउभाउ सहित नृत्य प्रदर्शन गर्न लगाई अवलोकन गर्ने । |
| | • चित्रकलाको परिचय दिई यसको महत्व बताउन । | • चित्रकला | • स्थानीय कला झल्किने वस्तुहरू (दमाहा, बिगुल, मन्दिर, घट्ट आदि) को चित्र निर्माण गर्न लगाउने र शिक्षकले आवश्यक पृष्ठपोषण दिई सहजीकरण गर्ने । | • परम्परागत चित्र | • अवलोकन गर्ने<br>• प्रश्न गर्ने ।<br>• चित्रकलाको महत्व भन्न लगाउने । |
| | • मूर्तिकलाको परिचय दिई आफूलाई मन पर्ने | • मूर्तिकला | • शिक्षकले मूर्तिकलाको परिचय दिँदै विद्यार्थीहरूलाई माटोको काम गर्दा अपनाउनुपर्ने सावधानी बताउँदै माटोको | • विभिन्न मूर्तिकलाका नमूनाहरू | • विभिन्न मूर्तिका नमूनाहरूदेखाई पहिचान गर्न लगाई मूल्याङ्कन गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | मूर्ति बनाउन यसको महत्व बताउन । | | सामान्य मूर्ति बनाउन लगाउने । जस्तै गणेश, नन्दी ।<br>• विद्यार्थीहरूलाई मूर्तिकलाको महत्व भन्न लगाई शिक्षकले सहजीकरण गरी स्पष्ट पारिदिने । | | • मूर्तिकलाको महत्व भन्नुहोस् |
| | • हस्तकलाको परिचय दिई यसको महत्व बताउन । | • हस्तकला | • विद्यार्थीहरूलाई आफूलाई मन पर्ने वस्तुका नमूनाहरू बनाउन लगाउने । जस्तैः डोका, नाम्लो, छाप्रो आदि ।<br>• विद्यार्थीहरूलाई हस्तकलाको महत्व भन्न लगाई शिक्षकले सहजीकरण गरी स्पष्ट पारिदिने । | • हस्तकलाका नमूना तथा चित्रहरू | • हस्तकलासम्बन्धी विभिन्न वस्तुहरूको नमूना बनाउन लगाई मूल्याङ्कन गर्ने ।<br>• हस्तकलाको महत्व भन्नुहोस् |
| ७.<br>हाम्रा आर्थिक क्रियाकलापहरू | • आफ्नो गाउँपालिकामा अपनाइएका पेसा व्यवसाय तथा आर्थिक क्रियाकलापको सम्मान गर्न र सहभागी हुन | • बित्थडचिर गाउँपालिकामा अपनाइएका पेसा व्यवसाय तथा आर्थिक क्रियाकलाप | • स्थानीय स्तरका मानिसहरूले अपनाएको पेसा तथा व्यवसायको अवलोकन गराउने ।<br>• कामको महत्व स्पष्ट पार्ने ।<br>• पेसामा संलग्न व्यक्तिहरूसित अन्तरक्रिया गराउने<br>• विभिन्न उत्प्रेरणामूलक भिडियो, चित्रको सहायताले श्रमको सम्मान गर्न प्रेरित गर्ने । | • भिडियो, चित्र<br>• नमूना कामहरू | • स्थानीय समुदायमा अपनाएका पेसाहरूको नाम भन्न लगाउने ।<br>• कामप्रति धारणा व्यक्त गर्न लागउने । |
| | • सबै प्रकारका पेसा, व्यवसायको महत्त्वको सूची निर्माण गर्न | • पेसा, व्यवसायको महत्त्व | • विभिन्न पेसा व्यवसाय गरेको फोटो वा सम्बन्धित ठाउँको अवलोकन गराई छलफल गराउने ।<br>• पेसा तथा कामप्रतिको धारणा भन्न लगाउने ।<br>• विद्यार्थीको रायलाई आवश्यक परिमार्जन | • फोटो वा सम्बन्धित ठाउँको अवलोकन<br>• महत्वको सूची | • स्थानीय पेसा व्यवसायको महत्व लेख्न लगाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरी महत्वको सूचीको सहायताले स्पष्ट पारिदिने । | | |
| | • स्थानीय उत्पादित वस्तुको उपयोग गर्न । | • स्थानीय सामग्री | • स्थानीय स्तरमा उत्पादन हुने वस्तुको बारेमा छलफल गर्ने।<br>• स्थानीय र बाहिरबाट आयात गरी विक्री वितरण हुने वस्तु बिच फरक छुट्याउने ।<br>• वाह्य वस्तु भन्दा स्थानीय वस्तु उपयोगमा जोड दिने ।<br>• स्थानीय उत्पादित वस्तु प्रयोग गरे नगरेको अवलोकन गर्ने। | | • स्थानीय प्रविधिबाट उत्पादित वस्तको नाम भन्न लगाउने ।<br>• स्थानीय वस्तु उपयोगको महत्व सोध्ने ।<br>• स्थानीय वस्तु उपयोग गरे नगरेको अवलोकन गर्ने । |
| ८ हाम्रो वातावरण | • वातावरणको परिचय बताउन । | • वातावरणको परिचय र परिभाषा | • विद्यालय वरिपरिको वातावरणीय पक्षको अवलोकन गराउने ।<br>• वातावरण भनेको के हो ? त्यसको परिभाषाबारे छलफल गर्ने ।<br>• शिक्षकले वातावरणको परिचय र परिभाषा प्रष्ट पारिदिने | • वातावरणीय पक्षको चित्र | • वातावरणको परिचय भन्न लगाउने ।<br>• वरपरको वातावरणको वर्णन गर्न लगाउने। |
| | • वातारणीय सरसफाइप्रति सचेत रहन । | • वातारणीय सरसफाइ | • विद्यार्थीहरूलाई समूहमा विभाजन गरी वातावरणीय प्रदूषण र प्रदूषणका कारणहरूबारे छलफल गर्न लगाउने र शिक्षकले आफूले तयार पारेको सूची/चार्ट देखाई थप प्रष्ट पारिदिने ।<br>• विद्यार्थीहरूलाई वातावरणीय सरसफाइप्रति सचेत रहन जानकारी दिने । | • वातावरण प्रदूषणका कारणहरूको सूची<br>• वातावरणीय सरसफाइसम्बन्धी चित्र/ भिडियो | • वातावरण प्रदूषणका कारणहरूको सूची बनाउन लगाउने ।<br>• वातावरणीय सरसफाइ किन आवश्यक छ उत्तर भन्न लगाउने।<br>• वातावरण सरसफाइ उपायहरू लेखलगाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | • वातावरणीय प्रदूषणका कारणहरू पहिचान गरी समाधानका उपायहरू अपनाउन | • वातावरणीय प्रदूषणका कारणहरू र समाधानका उपायहरू | • वातावरणीय प्रदूषण बारे कक्षामा छलफल गर्ने ।<br>• प्रदूषणका कारणहरू खोज्न लगाउने।<br>• समाधानका उपायहरू बारे जानकारी दिई व्यावहारिक रूपमा लागु गर्न भन्ने । | | • वातावरण प्रदूषणका कारण भन्न लगाउने ।<br>• प्रदूषणका रोक्ने उपाय अपनाउन लगाउने । |
| | • आफ्नो गाउँपालिकाको धरातलीय स्वरूप र हावापानीको अवस्था बताउन । | • धरातलीय स्वरूप र हावापानी | • विद्यार्थीहरूलाई आफ्नो गाउँपालिकाभित्र रहेका विभिन्न गाउँ टोल बस्तीका नामहरू बताउन लगाउने ।<br>• विद्यार्थीहरूलाई आफ्नो गाउँपालिका भित्रको अवलोकन गराई भूभागको बनावट टिपोट गर्ने । जस्तै: समथर, डाँडा, खोल्सा, भिरालो आदि ।<br>• विद्यार्थीहरूलाई गाउँपालिकाको चित्र वा भिडियो देखाई धरातलीय बनावटको बारेमा छलफल गराउने ।<br>• हावापानीको अवस्था झल्किने चित्र वा भिडियो देखाई विद्यार्थीहरूलाई आ-आफ्नो गाउँपालिकामा कुन महिनामा कस्तो किसिमको हावापानी हुन्छ ? छलफल गर्न लगाउने । | • गाउँपालिकाको चित्र वा भिडियो<br>• हावापानीको विभिन्न अवस्था झल्किने चित्र वा भिडियो । | • तपाईको गाउँपालिकाको धरातलीय बनावट बारे छोटकरीमा वर्णन गर्नुहोस् ।<br>• तपाईंको गाउँपालिकामा पुस महिनामा कस्तो मौसम हुन्छ ?<br>• तपाईंको गाउँपालिकामा साउन महिनामा कस्तो मौसम हुन्छ ? |
| ९<br>स्थानीय प्रविधि | • स्थानीय प्रविधिको परिचय र उपयोगिता बताउन । | स्थानीय प्रविधिको परिचय उपयोगिता | • विभिन्न नमूना चित्र देखाई प्रविधिको बारेमा छलफल गर्ने ।<br>• स्थानीय प्रविधिको सम्बन्धी चित्र मार्फत धारणाको विकास पछि प्रविधिको परिचय बताउने ।<br>• प्रविधिको प्रयोगले हाम्रो दैनिकीमा पार्ने | नमूना चित्र | • स्थानीय प्रविधिको परिचय भन्न लगाउने ।<br>• स्थानीय प्रविधिको प्रयोग कसरी गर्न सकिन्छ भन्न लगाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| र बजार | | | प्रभावको सामूहिक छलफल गरी यसका उपयोगिता बारे जानकारी गराउने । | | |
| | • स्थानीय प्रविधि प्रयोगले समाजिक जीवनमा पार्ने प्रभावहरू भन्न । | प्रविधि प्रयोगले समाजिक जीवनमा पार्ने प्रभावहरू | • स्थानीय प्रविधि बारेमा जानकारी दिने ।<br>• प्रविधिको प्रयोगले स्थानीय व्यक्तिहरूमा पर्ने प्रभाव जस्तै :प्रविधि प्रयोगले रोजगारी सृजना हुने, स्थानीय ज्ञान सिपको विकासमा सहयोग हुने, व्यक्ति तथा समुदाय आत्मनिर्भरताको बाटोमा जाने बारे स्पष्ट पार्ने ।<br>• स्थानीयताको विकास र प्रचार प्रसारमा सहयोग पुग्ने गरी सामग्री प्रस्तुत गर्दै स्थानीय प्रविधिले सामाजिक जीवनमा राख्ने प्रभावहरू सोध्ने र नजानेमा सहजीकरण गर्ने । | | • स्थानीय प्रविधिको बारेमा भन्न लगाउने ।<br>• स्थानीय प्रविधि प्रयोगले व्यक्तिको जीवनमा पार्ने प्रभाव भन्न लगाउने । |
| | • स्थानीय प्रविधिका लागि आवश्यक पर्ने स्रोत साधनहरूको संरक्षण गर्न । | प्रविधिका लागि आवश्यक पर्ने स्रोत साधनहरूको संरक्षण | • स्थानीय प्रविधि सञ्चालनका लागि आवश्यक पर्ने स्रोतहरू समेटिएको पोष्टर प्रदर्शन गरी छलफल गर्ने ।<br>• प्रविधिको निरन्तरता र विकासका लागि प्रयोग हुने स्रोत साधनको जानकारी दिने ।<br>• आवश्यक पर्ने कच्चा पदार्थ र पाइने स्थानबारे बताउने।<br>• कच्चा पदार्थ तथा स्रोत साधनको विकास तथा संरक्षणका उपाय बताउने । | • पोष्टर प्रदर्शन | • स्थानीय प्रविधिको विकासका लागि आवश्यक पर्ने कुराहरू भन्न लगाउने ।<br>• प्रविधि प्रयोगका लागि चाहिने सामानको संरक्षणका उपाय भन्न लगाउने । |
| १० | • विपद् परिचय | विपद् परिचय | • स्थानीय स्तरमा भएका विभिन्न | • तस्विर तथा भिडियो | • विद्यार्थीहरूलाई विपद्को |

| | | | | | |
|---|---|---|---|---|---|
| विपद् जोखिम न्यूनीकरण | लेख्न भन्न । | | विपद्जन्य तस्विर तथा भिडियो देखाई छलफल गर्ने ।<br>• हाम्रो वरिपरि भएका यस्तै विभिन्न विपद्का स्वरूपको अवलोकन गरी कक्षामा प्रस्तुत गराउने ।<br>• विपद् बारेमा शिक्षकले थप अवधारणागत जानकारी गराई विद्यार्थीहरूलाई विपद् परिचय लेख्न लगाउने | | बारेमा सोध्ने ।<br>• स्थानीय स्तरमा घटेका विपद्जन्य घटनाहरू भन्न लगाउने ।<br>• विपद्को परिचय लेख्न लगाउने । |
| | • सवारी दुर्घटनाबाट बच्ने उपायहरू बताउन । | • सवारी दुर्घटनाबाट बच्ने उपायहरू | • विद्यार्थीहरूलाई कुनै सवारी दुर्घटना भएको वा त्यस्तो ठाउँको अवलोकन गर्नु भएको छ सोध्ने ।<br>• सवारी दुर्घटना हुनुका कारण बारे स्पष्ट जानकारी गराउने<br>• दुर्घटनाबाट बच्ने उपायहरू विद्यार्थीहरूलाई भन्न लगाउने | • स्थलगत अवलोकन भ्रमण | • सवारी दुर्घटनाबाट बच्ने उपाय भन्न लगाउने। |
| | • विपद् आउन सक्ने सम्भावनाबारे लेख्न | • विपद् आउन सक्ने सम्भावनाहरू:<br>• बाढी पहिरो महामारी चट्याङ आदि । | • कक्षामा विद्यार्थीहरूलाई वनजङ्गलको फडानी,अतिवृष्टी, जथाभावी आगोलगाउने प्रवृति,वातावरणीय प्रदूषण आदिको कारण विपद् आउने जानकारी दिने ।<br>• विद्यार्थीहरूलाई थप कारण भए भन्न र लेख्न लगाउने । | | • विपद् आउने सम्भावित कारण लेख्न लगाउने। |

## ४.६ विषयवस्तुको विस्तृतीकरण

कक्षा-६

| क्र.स | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरू | शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो गाउँपालिका | • बित्थडचिर गाउँ पालिकाको परिचय बताउन । | गाउँपालिकाको परिचय;<br>• भौगोलिक(अक्षांश, देशान्तर,क्षेत्रफल, सिमाना र जनसङ्ख्याको बनोट) | • बित्थडचिर गाउँपालिकाको नक्सा प्रर्दशन गरी परिचय गराउने ।<br>• विभिन्न सामग्रीहरू प्रयोग गरी गाउँपालिकाको२९ डिग्री,२६ मिनेट देखि २९ डिग्री ३४ मिनेट उत्तरी अक्षांश र ८० डिग्री,४४ मिनेट देखि ८० डिग्री ५२ मिनेट पूर्वी देशान्तर सम्म फैलिएको भनी जानकारी गराउने ।<br>• २०७८ को जनगणना अनुसार बित्थडचिर गाउँपालिकाको कूल जनसङ्ख्या १७१५४ को जनसङ्ख्या बनोट बारे जानकारी गराउने ।<br>• क्षेत्रफल ८६.१५वर्ग किमी.रहेको र यसको सिमाना बारे जानकारी गराउने । | नक्सा/चित्र तथा पोष्टर,गाउँपालिका प्रोफाइल | • गाउँपालिकाको कूल जनसङ्ख्यार बनोट बारे लेख्नुहोस्।<br>• गाउँपालिकाको भौगोलिक परिचय बताउनुहोस् । |
| | | • बित्थडचिर गाउँपालिकाको नक्सा बनाई महत्वपूर्ण स्थानमा सङ्केत गर्न। | महत्वपूर्ण स्थानहरू; धार्मिक,सांस्कृतिक,ऐतिहासिक तथा पर्यटकीय क्षेत्र | • बित्थडचिर गाउँपालिकाको नक्सा प्रर्दशन गरी धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय क्षेत्र सङ्केत गर्न लगाउने।<br>• गाउँ पालिकाको नक्सा बनाउने सरल तरिकाहरू अभ्यास गराउने (ग्राफ, टेम्प्लेट, टेसिङ वर्ग ) | गाउँपालिका नक्सा, चार्ट पेपर | • बित्थडचिर गाउँपालिकाको नक्सा बनाइ निम्न लिखित तथ्यहरू भर्नुहोस् ;<br>बित्थड उपत्यका, धारी छडा, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • नक्सा बनाउँदा ध्यान दिनु पर्ने कुराहरू बताउने ।<br>• शिक्षकले आवश्यक सहयोग गर्ने । | | चिरासैनी मन्दिर, देउलेख, सिगास धुरा आदि । |
| | | • वडा समितिको गठन प्रक्रिया बताउन। | वडा समितिको गठन प्रक्रिया | • वडा समितिको बारेमा सामूहिक छलफल गराई थाहा भएको कुरा भन्न लगाउने ।<br>• वडा समिति गठन प्रक्रिया नमूना निर्वाचनबाट प्रदर्शन गर्ने ।<br>• वडा समिति गठन प्रक्रिया बताई दिने ।<br>• आफ्नो वडा अध्यक्ष तथा सदस्यहरूको नाम भन्न लगाउने । | नमूना निर्वाचन सामग्रीहरुः ब्यालेट बक्स, नमूना मतपत्र, स्वस्तिक छाप आदि। | • वडा समितिको गठन प्रक्रिया लेख्नुहोस् ।<br>• तपाईं वडाको वडा अध्यक्ष र सदस्यहरूको नाम लेख्नुहोस् । |
| | | • वडाबाट प्राप्त हुने सेवाहरूबारे बताउन। | वडाबाट प्राप्त हुने सेवाहरू | • हामी के-के कामको लागि वडा कार्यालय जान्छौं ?छलफल गराई टिपोट गर्न लगाउने।<br>• चार्टको सहायताले वडाबाट प्रदान हुने सेवाहरू कक्षामा प्रर्दशन गर्ने ।<br>• आफ्नो वडा कार्यालयको अवलोकन भ्रमण गराई वडा कार्यालयबाट प्राप्त हुने सेवाहरूबारे जानकारी लिन लगाउने वा स्रोत व्यक्तिको रूपमा वडा प्रतिनिधि/कर्मचारी बोलाइ नमूना कक्षा लिन लगाउने । | वडाबाट प्रदान गरिने सेवाहरूको चार्ट | • वडाबाट प्राप्त हुने सेवाहरू सूची तयार पार्नुहोस्। |
| | | • बित्थडचिर गाउँपालिकाका शैक्षिक संस्थाहरूको | बित्थडचिर गाउँपालिकाका शैक्षिक संस्थाहरू (विद्यालय, | • शैक्षिक संस्थाहरूको नाम भन्न लगाउने ।<br>• गाउँपालिका अन्तरगतका शैक्षिक | शैक्षिक संस्थाहरूको सूची | • शैक्षिक संस्थाहरूको नाम भन्नुहोस्। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सूची तयार पार्न। | क्याम्पस र सामुदायिक सिकाइ केन्द्र) | संस्थाहरूको सूची प्रदर्शन गर्ने।<br>• विद्यार्थीहरूलाई शैक्षिक संस्थाहरूबारे जानकारी दिने । | | |
| २ | हाम्रा सम्पदा र पर्यटकीय स्थल | • गाउँपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक एवं प्राकृतिक सम्पदाहरूको परिचय र महत्व बताउन। | • गाउँपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक, प्राकृतिक सम्पदाहरूको परिचय र महत्व । | • ऐतिहासिक तथा प्राकृतिक सम्पदाहरूको बारेमा चित्र, पोष्टर तथा भिडियो रिपोर्ट देखाई स्पष्ट पारिदिने ।<br>• गाउँपालिका भित्र रहेका मुख्य ऐतिहासिक स्थलहरूको अवलोकन तथा भ्रमण गर्न लगाउने ।जस्तैः दिककोट, सिगास धुरा, धारछडी, गुफाहरू आदि।<br>• विभिन्न सम्पदाहरूको बारेमा सामूहिक छलफल गराई तिनीहरूको महत्व बताउन लगाउने । | भिडियो, तस्बिर आदि। | • गाउँपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक, प्राकृतिक सम्पदाहरूको परिचय लेख्नुहोस्।<br>• गाउँपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक, प्राकृतिक सम्पदाहरूको महत्व बताउनुहोस् । |
| | | • स्थानीय नदी,खोला, वन जङ्गलको परिचय र महत्वबताउन। | • स्थानीय नदी,खोला, वन जङ्गलको परिचय र महत्व | • विद्यार्थीहरूलाई स्थानीय नदी तथा खोलाको नाम भन्न लगाउने ।<br>• अवलोकन भ्रमण,चित्र तथा भिडियो मार्फत नदी /खोला देखाउने।<br>• यिनीहरूको परिचय र महत्वको बारेमा छलफल गर्ने जस्तैःउदगम स्थल,अवस्था, फाइदा असर..।<br>• सामुदायिक वनको परिचय तथा भ्रमण गर्न लगाउने वनमा भएका रूख, विरूवा तथा वनपैदावारको परिचय दिई चार्ट प्रयोगबाट महत्व दर्शाउने । | चित्र तथा भिडियो, टिपोट फोटो | • स्थानीय नदी,खोला, वन जङ्गलको परिचय दिनुहोस् ।<br>• स्थानीय नदी,खोला, वन जङ्गलको महत्व उल्लेख गर्नुहोस् । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • पर्यटनका दृष्टिले महत्वपूर्ण स्थानको सूची तयार पारी परिचय दिन । | • पर्यटनका दृष्टिले महत्वपूर्ण स्थानहरू(बित्थड,कालंगा हाइड्रो,सिगास धुरा,खसि लडा,दुल्लड,धारी छडा,चिरासैनी मन्दिर.........) | • महत्वपूर्ण पर्यटकीय क्षेत्रहरूको बारेमा छलफल गराई चित्र तथा भिडियोको माध्यमबाट थप स्पष्ट पारिदिने ।<br>• धार्मिक, ऐतिहासिक,प्राकृतिक तथा सांस्कृतिक महत्वका क्षेत्रहरूको बारेमा छलफल गरी महत्वपूर्ण स्थानहरूको सूची तयार पार्न लगाउने ।<br>• पर्यटकीय क्षेत्रहरूको सूची देखाई सामूहिक छलफलबाट पर्यटनका दृष्टिले ती क्षेत्रहरूको महत्व स्पष्ट पार्ने । | चित्र तथा चार्ट,भिडियो | • स्थानीय स्तरका पर्यटकीय क्षेत्रहरूको सूची तयार पार्नु होस् ।<br>• पर्यटकीय क्षेत्रहरूको महत्व प्रस्तुत गर्नुहोस् । |
| ३ | हाम्रो संस्कृति हाम्रो परम्परा | • स्थानीय खानाका परिकारहरूको सूची तयार पार्न । | स्थानीय खानाका परिकारहरू; माणा, डुब्का, बटुक- चुकानी, बाबर, रोट, ढिणो, फाणो, प्वा, झ्याउको, कसार....... | • स्थानीय परिवेशमा पाइने खानाका परम्परागत परिकारहरूबारे सामूहिक छलफल गराई सूची तयार पार्न लगाउने ।<br>• स्थानीय खानाको फोटो,भिडियो तथा पोष्टर एवं चार्ट प्रयोग गरी स्थानीय खानाको बारेमा प्रष्ट पार्ने । | खानाका परम्परागत परिकार झल्किने चित्र, फोटो तथा भिडियो | • स्थानीय खानाका परिकारहरूको नाम लेख्नुहोस् । |
| | | • स्थानीय भेषभूषाको पहिचान गर्न। | स्थानीय भेषभूषा; गुन्यु, चोलो, फत्तो सुरूवाल (दाउरा सुरूवाल), भोटो, अडौछा, मुणेठो, सन्तरास, गादो, बोदलो, नथ, ढुकुरी, पाउजू, मुन्द्री, फुली, ढुङ्ग्री/बाली, शिरफूल, चौबन्दी माला, बाला, | • छलफल विधिबाट स्थानीय भेषभूषाहरूको चित्र वा फोटो अवलोकन गराई त्यस्ता पहिरन तथा गरगहनाहरूको पहिचान गर्न लगाउने।<br>• विद्यार्थीहरूको समूह छलफलबाट महिला तथा पुरूषले लगाउने स्थानीय परम्परागत पोसाकहरूको अलग अलग सूची तयार पार्न लगाउने । | स्थानीय भेषभूषाहरूको चित्र वा फोटो, चार्ट | • महिला र पुरूषले लगाउने स्थानीय परम्परागत पोसाक तथा गरगहनाहरूको अलग अलग नाम टिपोट गर्नुहोस् । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | कल्ली, कण्ठशिर, झुमझुमी, पटुकी..... | | | |
| | | • परम्परागत मौलिक संरचना निर्माणका शैलीको वर्णन गर्न । | • स्थानीय स्तरमा निर्माण हुने परम्परागत मौलिक संरचना शैली(खरको छाना र ढुङ्गामाटो बाट निर्मित घर गोठ,कौसी,चौपाखे छाना, मण्डप,मन्दिरको खाम, खर्क आदि निर्माणका शैली। | • खोजविधिको प्रयोग गरी स्थानीय स्तरमा निर्माण हुने परम्परागत मौलिक संरचना(खरको छाना र ढुंगामाटो बाट निर्मित घर गोठ,मण्डप,खर्क आदि निर्माणका शैलीबारे अध्ययन गर्न लगाई कक्षामा प्रस्तुतीकरण गर्न लगाउने र सो सम्बन्धी थप जानकारी दिने।<br>• स्थानीय मौलिक संरचना शैलीबारे जानकार भएका व्यक्तिहरू स्रोत विज्ञ/व्यक्तिका रूपमा बोलाइ थप स्पष्ट पारिदिने । | स्थानीय स्तरमा निर्माण हुने परम्परागत मौलिक संरचनाको तस्विरहरू | • स्थानीय स्तरमा निर्माण हुने परम्परागत मौलिक संरचना निर्माणका शैलीको वर्णन गर्नुहोस् । |
| | | • स्थानीय चाडपर्व, धार्मिक मेला जात्राको परिचय र महत्व बताउन। | स्थानीय चाडपर्व (बिसु, दशमी, ओलके तिहार,नरहरि आदि) धार्मिक मेला जात्रा (केदार, मादेउ, मानाशाहि, चिरासैनी, कालिका भगवती जात, गौरा, घाँची आदि) को परिचय र महत्व। | •स्थानीय चाडपर्व (बिसु, दशमी, ओलके त्यार, नरहरि आदि) धार्मिक मेला जात्रा (केदार जात, मादेउ जात, मानाशाहि जात, चिरासैनी, कालिका भगवती जात आदि) को परिचय तथा चाडपर्व, मेलाजात्राहरूको धार्मिक, सांस्कृतिक र आर्थिक महत्वबारे छलफल गराउने।<br>• स्थानीय चाड पर्व तथा मेला जात्राको महत्व लेखिएको चार्ट प्रस्तुत गरी थप प्रस्ट पारिदिने । | विभिन्न जात्राको फोटो ,भिडियो,चार्ट | •स्थानीय चाडपर्वहरूको नाम भन्नुहोस् ।<br>• गौरा पर्वमा कुन देवताको पूजागरिन्छ र कुन तिथिमा मनाइन्छ ?<br>• स्थानीय चाड पर्व र मेला जात्राको महत्व लेख्नुहोस् । |
| | | • स्थानीय लोकगीत,लोकबाजा ,लोककथा र लोक | • स्थानीय लोकगीत जस्तै डेउडा,चैतोली,फाग, | • चित्रात्मक प्रस्तुति, प्रयोगात्मक विधि र खोज अनुसन्धान विधि प्रयोग गरीस्थानीय लोकगीत, जस्तै डेउडा, | चित्र | • स्थानीय स्तरमा बजाइने बाजाहरूको नाम लेख्नुहोस्। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | नृत्यको पहिचान गर्न। | धुमारी आदि । <br>• लोक बाजाहरू: बिनायो,दमाहा,बासुरी, भोकर, झ्याली, ढाका आदि लोक नृत्यहरू: छलिया, चाल्ली, रत्यौली, देउडा, भस्व/भुवा आदि लोककथा; भारतव, चैत..... | चैतोली, फाग, धुमारी आदि, बिनायो, दमाहा, बासुरी, भोकर, झ्याली, ढाका जस्ता स्थानीय लोकबाजा, लोककथा र लोक नृत्यको पहिचान गर्न लगाउने। | | • तपाईं समुदायमा गाइने लोक तथा देउडा गीत सुनाउनुहोस्। |
| ४ | मानव मूल्य , शिक्षा र सुरक्षा | • स्थानीय मूल्य, मान्यताको परिचय दिन। | स्थानीय मूल्य मान्यताहरु: <br>जस्तैः आदर सत्कारका कुरा,सामाजिक सहयोग,मेलमिलाप आदि। | • कक्षामा स्थानीय मूल्य तथा मान्यता झल्कने चित्र/पोष्टर प्रदर्शन गरी छलफल गराउने ।विद्यार्थीको राय टिपोट गर्ने। <br>• स्थानीय मूल्य तथा मान्यता झल्किने गरी कक्षाकोठामा अभिनय गर्न लगाई विचार प्रस्तुत गर्न लगाउने। <br>• शिक्षकले विद्यार्थीको रायमा आवश्यक पृष्ठपोषण सहित आवश्यक सुझाव दिने । | स्थानीय मूल्य तथा मान्यता झल्कने चित्र/पोष्टर | • स्थानीय समुदायमा अपनाइने मूल्य र मान्यताहरू टिपोट गरी प्रस्तुत गर्नुहोस् । |
| | | • आफ्नो सामुदायिक कार्यमा सक्रियता पूर्वक सहभागी हुन । | • सामूहिक कार्यहरू; चौतारो निर्माण,धारा, पाटी, विद्यालय बाटो......। | • विद्यार्थीहरूलाई सामूहिक काम के हुन ? भन्न लगाउने । <br>• सामूहिक कामको अवलोकन गराउने र सहभागिता जनाउन लगाउने । <br>• समूहमा काम गर्दा हुने फाइदाहरू चार्टको माध्ययमबाट स्पष्ट पार्ने । | सामूहिक कार्य उल्लेखित चार्ट/तस्विर | • सामाजिक जिम्मेवारी र यसबाट हुने फाइदाहरू भन्नुहोस् । <br>• सामूहिक र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • समूह मेलमिलाप युक्त वातावरण निर्माणका उपायहरू खोजी गर्न लगाउने र कक्षामा छलफल गर्न लगाउने ।<br>• विद्यालय परिसर तथा टोल समुदायको सरसफाइ कार्यमा सहभागी हुन लगाउने। | | व्यक्तिगत कार्य बिच तुलना गर्नुहोस्। |
| | | • सामाजिक कुरीतिहरूको पहिचान गर्न । | सामाजिक कुरीतिहरु: (बालविबाह, बहुविबाह, छाउपडि प्रथा, दुर्व्यसन, लैङ्गिक तथा जातीय विभेदहरू) | • सामाजिक कुरीति र समस्या झल्किने चार्ट प्रर्दशन गरी छलफल गराउने।<br>• स्थानीय समुदायमा भएका कुरीति तथा कुसंस्कारहरूको खोजी गरी बुँदा टिपोट गर्न लगाई सामूहिक छलफल गराउने ।<br>• सामाजिक कुरीतिबाट उत्पन्न हुने समस्या र समाधानका उपायहरू बताईदिने । | चार्ट/चित्र | • सामाजिक कुरीतिहरू भन्नुहोस्।<br>• सामाजिक कुरीतिले सिर्जना गर्न सक्ने समस्या उल्लेख गर्नुहोस्।<br>• सामाजिक कुरीतिले सिर्जना गर्न सक्ने समस्या समाधानका उपायहरू लेख्नुहोस् । |
| | | • यौन दुर्व्यवहारको पहिचान गरी सुरक्षाका उपायहरू अपनाउन। | यौन दुर्व्यवहार र सुरक्षाका उपायहरू | • यौन दुर्व्यवहारमा परेका कुनै पोष्टर,भिडियो तथा चित्र प्रदर्शन गर्ने ।<br>• यौन दुर्व्यवहारको बारेमा छलफल गराउने र आवश्यक सहजीकरण गर्ने ।<br>• स्थानीय स्तरमा हुन सक्ने र भएका यौन दुर्व्यवहारहरू भन्न लगाउने ।<br>• यौनदुर्व्यवहार हुनसक्ने अवस्था/ स्थानहरू बारे जानकारी गराउँदै | दुर्व्यवहार युक्त पोष्टर, भिडियो तथा चित्र | • यौन दुर्व्यवहार र यसबाट बच्ने उपायहरू भन्नुहोस्। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | त्यसबाट बच्नसक्ने सुरक्षाका उपायहरू बताईदिने। | | |
| ५ | विपद् व्यवस्थापन | • स्थानीय स्तरमा हुने विपद् पहिचान गर्न । | विभिन्न विपद्हरुः बाढी, पहिरो, भूकम्प, आगलागी, महामारी आदि। | • विभिन्न विपद् जन्य तस्विर तथा भिडियो देखाई छलफल गर्ने ।<br>• हाम्रो वरिपरि भएका यस्तै विभिन्न विपद्का स्वरूपको अवलोकन गरी कक्षामा प्रस्तुत गराउने ।<br>• विपद् बारेमा शिक्षकले थप अवधारणागत जानकारी गराई विद्यार्थीहरूलाई विपद् परिचय लेख्न लगाउने । | विभिन्न विपद् जन्य तस्विर तथा भिडियो | • तपाईं समुदायमा भएका विपद्का नाम सूचीकृत गर्नुहोस्। |
| | | • विपद्का कारण र जोखिम न्यूनीकरणका उपाय बताउन । | विपद्का कारण र जोखिम न्यूनीकरणका उपायहरू | • विद्याथीलाई विपद्ले ल्याउन सक्ने जोखिमबारेमा समूह छलफल गराउने ।<br>• समूहको निष्कर्षको चार्ट बनाई . कक्षामा टाँस्न लगाउने र एउटाको प्रस्तुति अरू समूहलाई हेर्न लगाउने ।<br>• .विपद् श्रव्यदृश्य देखाउने<br>• विपद् जोखिम न्युनीकरणका लागि के कस्ता प्रयास वा उपाय गर्न सकिन्छ ? प्रश्नमा समूह छलफल गराउने<br>• विपद् जोखिम न्यूनीकरणका उपायहरू उल्लेखित चार्ट प्रदर्शन गरी स्पष्ट पार्ने। | चार्ट/ विपद् सम्बन्धी श्रव्य-दृश्य सामग्रीहरू | • विपद् जोखिम न्यूनीकरणका उपायहरू लेख्नुहोस्। |
| ६ | हरित विद्यालय, | • हरित विद्यालयको परिचय र महत्व | हरित विद्यालयको परिचय र महत्व | • हरित विद्यालय भनेको के होला?विचार प्रस्तुत गर्न लगाउने, आएका कुरा टिप्दै | हरित विद्यालय झल्किने | • हरित विद्यालयको परिचय भन्न |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | दिगो विकास र वातावरण | बताउन । | | जाने ।<br>• विद्यालय वरपरको खाली जग्गा,कौसी वा अन्य ठाउँमा आवश्यक बिरूवाहरू रोपेर स्वस्थ वातावरण सिर्जना गर्ने रूपमा हरित विद्यालयको परिचय दिने ।<br>• हरित विद्यालयको महत्व प्रकाश पार्न वृक्षारोपण,करेसाबारी जस्ता कार्यमा सहभागी गराउने।<br>• हरियाली प्रवर्धन गर्न र वातावरण जोगाउनका लागि वृक्षारोपण गर्नु दिगो विकासको एउटा काम भएको जानकारी दिने । | तस्विर,टिपोट पत्र | लगाउने ।<br>• हरित विद्यालयको महत्व लेख्न लगाउने । |
| | | • खानेपानीको स्रोत संरक्षण, वितरण र पानी शुद्धीकरणका उपायहरू पहिचान प्रयोग गर्न। | खानेपानीको स्रोत संरक्षण,वितरण र पानी शुद्धीकरणका उपायहरू पहिचान र प्रयोग | • घर तथा विद्यालयमा आउने खानेपानीको वितरण प्रक्रिया तथाशुद्धीकरण विधिको बारेमा छलफलगराउने<br>• खानेपानीका स्रोतहरूको अवलोकन गरी प्रतिवेदन प्रस्तुत गराउने।<br>• खानेपानीका स्रोतहरूको संरक्षणका उपायहरूका बारेमा समूह छलफल गरी स्पष्ट पार्ने।<br>• घर तथा विद्यालयमा प्रयोग गरिने पिउने पानीको शुद्धीकरण प्रक्रियामा छलफल गराउने<br>• यस्ता विधिहरूअन्तर्गत विशेषतः छान्ने | पानी शुद्धीकरण सम्बन्धी चित्र तथा पोष्टरहरू | • पानी शुद्धीकरणका विधिहरू भन्नुहोस् ।<br>• खानेपानीका स्रोत र संरक्षणका उपायहर उल्लेख गर्नुहोस् । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | विधि, उमाल्ने विधि आदि प्रयोग गर्न सकिने कुराको जानकारी दिने र प्रयोगात्मक रूपमा प्रदर्शन गर्ने | | |
| | | • वातावरण संरक्षणका तरिकाहरू उल्लेख गर्न। | वातावरण संरक्षणका तरिकाहरुः फोहरमैला व्यवस्थापन, ढल निकास, वृक्षरोपण | • वातावरण संरक्षण गर्ने तरिकाहरू शैक्षिक सामग्रीको माध्यमबाट प्रदर्शन गर्ने।<br>• वातावरण संरक्षण गर्न सकिने तरिकाहरू सङ्कलन गरी ल्याउन लगाउने र शिक्षकले स्पष्ट पार्ने।<br>• वातावरण संरक्षणका तरिका अवलम्बन गरी वातावरण संरक्षणमा सहभागी गराउने। | वातावरण संरक्षण गर्ने तरिकाहरू उल्लेखित चार्ट/फोटो | • वातावरण संरक्षणका तरिकाहरू प्रस्तुत गर्नुहोस्। |
| ७ | स्थानीय पेसा, व्यवसाय र | • स्थानीय परम्परागत पेसा र व्यवसायको परिचय दिन । | स्थानीय परम्परागत पेसा र व्यवसाय (कृषि, पशुपंक्षी पालन, हस्तकला, काष्टकला, साना घेरेलु सिप तथा उद्योग) को परिचय | • स्थानीय पेसा व्यवसाय झल्किने चित्र देखाई सामूहिक छलफल विधिको माध्यमबाट स्थानीय पेसाको पहिचान गराउने।<br>• विद्यार्थीहरूलाई आफ्नो घरपरिवारमा अपनाएका परम्परागत स्थानीय पेसा व्यवसायको सूची तयार पार्न लगाई र कक्षामा प्रस्तुत गर्न लगाउने।<br>• स्थानीय पेसा तथा व्यवसायको महत्वबारे जानकारी गराउँदै दैनिक जीवनमा त्यसले पार्ने प्रभाव भन्न लगाउने । | चित्र | • स्थानीय परम्परागत पेसा भनेको के हो?<br>• स्थानीय परम्परागत पेसा व्यवसायको महत्व भन्नुहोस्।<br>• स्थानीय पेसा व्यवसायका प्रकारहरू भन्नुहोस्। |
| | | • खाद्यबाली तथा नगदेवाली बिच फरक | स्थानीय खाद्यबाली तथा नगदेवाली(आलु,प्याज | • स्थानीय खाद्यबाली तथा नगदेवाली उत्पादन क्षेत्रको अवलोकन भ्रमण | चित्र प्रदर्शन | • स्थानीय नगदेवाली र खाद्यबालीहरूको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रविधि | छुट्याउन । | टमाटर...धान,गहुँ, उवा, बेथे,काकुन,कोदो,फापर, चिनी(अन्न).....) | गराउने तथा चित्र प्रदर्शन गराई त्यसबारे जानकारी गराउने।<br>• स्थानीय सफल कृषकलाई स्रोत व्यक्तिको रूपमा बोलाइ सम्बन्धित विषयमा अन्तरक्रिया गराउने।<br>• स्थानीय क्षेत्रमा उत्पादित खाद्य र नगदेबालीहरूको सूची तयार पार्न लगाउने । | | नाम लेख्नुहोस्।<br>• खाद्यवाली र नगदेवाली बिच फरक लेख्नुहोस् । |
| | | • व्यावसायिक खेतीको उपयोगिता बताउन। | व्यावसायिक खेती(आलु,काउली, गोलभेडा,चोतो,बन्दा,भाडो, अल्लो,लोक्ता....)को आवश्यकता तथा खेती कार्यमा सहयोग | • व्यावसायिक तरकारी खेती (आलु,काउली, गोलभेडा, भाङो....) को अवलोकन भ्रमण तथा चित्र/भिडियो प्रदर्शन गरी व्यवसायिक खेतीप्रतिको धारणाको विकास गर्ने ।<br>• व्यवसायिक खेतीको परिचय र आवश्यकता भन्न लगाउने ।<br>• घर तथा समुदायमा गरिने व्यवसायिक खेती कार्यमा सहभागी हुन प्रेरित गर्ने । | चित्र/भिडियो प्रदर्शन | • व्यवसायिक खेतीहरूको नाम लेख्नुहोस्। |
| | | • स्थानीय परम्परागत हस्तकलाको परिचय र त्यसमा चाहिने सामग्रीहरू पहिचान गर्न। | स्थानीय परम्परागत हस्तकला(डोको,डालो, काष्ठकला.....)को परिचय र सामग्रीहरू | • स्थानीय हस्तकला भनेको के हो ? सोधि हस्तकलाको बारेमा जानकारी दिने ।<br>• स्थानीय स्तरमा भएका हस्तकलाहरूको नाम टिपोट गराउने ।<br>• स्थानीय हस्तकलाहरूमा प्रयोग हुने सामग्रीहरूको नाम भन्न लगाउने । | नमूना सामग्रीहरू | • हस्तकला भनेको के हो?<br>• डोको बुन्न प्रयोग गरिने सामग्रीहरू लेख्नुहोस्। |
| | | • स्थानीय प्रविधिको | स्थानीय | • पोष्टर/चित्र/भिडियो प्रदर्शन गरी | पोष्टर / चित्र/ | • स्थानीय प्रविधिको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | उदाहरण सहित परिचय दिन। | प्रविधि(घट्ट,कोल,कल, जातो, ओखल......) | स्थानीय प्रविधिको बारेमा सामूहिक छलफल गराउने।<br>• आफ्नो समुदाय तथा पालिकामा भएका प्रविधिको नाम भन्न लगाई प्रविधिको परिचय बताईदिने ।<br>• स्थानीय प्रविधिको उपयोगिता बारे जानकारी दिने । | भिडियो | नाम लेख्नुहोस् ।<br>• स्थानीय प्रविधि प्रयोगबाट हुने फाइदा भन्नुहोस्। |

## ४.७ विषयवस्तुको विस्तृतीकरण

कक्षा -७

| क्र.स | विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरू | शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो पालिका | • गाउँपालिकाको भौगोलिक धरातल, हावापानीको पहिचान गरी वर्णन गर्न | गाउँपालिकाको भौगोलिक धरातल(सिमाना,अक्षांश,देशान्तर, जनसङ्ख्या वितरण), र हावापानी (प्रकारहरू) | • बित्थडचिर गाउँपालिकाको नक्सा प्रर्दशन गरी परिचय गराउने ।<br>• विभिन्न सामग्रीहरू प्रयोग गरी गाउँपालिकाको २९ डिग्री,२६ मिनेट देखि २९ डिग्री ३४ मिनेट उत्तरी अक्षांश र ८० डिग्री,४४ मिनेट देखि ८० डिग्री ५२ मिनेट पूर्वी देशान्तर सम्म फैलिएको भनी जानकारी गराउने ।<br>• २०७८ को जनगणना अनुसार बित्थडचिर गाउँपालिकाको कूल जनसङ्ख्या १७,१५४ को जनसङ्ख्या महिला.........पुरूष......... बारे जानकारी गराउने ।<br>• क्षेत्रफल ८६.१५वर्ग किमी.रहेको र यसको | नक्सा/चित्र तथा पोष्टर,गाउँपालिका प्रोफाइल | • गाउँपालिकाको लिङ्गगत जनसङ्ख्या वितरण देखाउनुहोस्।<br>• गाउँपालिकाको भौगोलिक परिचय बताउनुहोस् । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सिमाना बारे जानकारी गराउने ।<br>• साक्षरता प्रतिशत.....<br>• घरधुरी सङ्ख्या......... र जनघनत्व १९९.११ प्रतिवर्गकिमि. जानकारी गराउने | | |
| | | • पालिकामा बसोबासगर्ने उमेरगत, जातिगत लैङगिक जनसङ्ख्याकोविश्लेषण गर्न। | गाउँपालिकामा बसोबासगर्ने उमेरगत, जातिगत लैङगिक जनसङ्ख्या | • बित्थडचिर गाउँपालिकाको जनसङ्ख्यालाई चार्ट पेपर तथा सन्दर्भ सामग्रीको सहायताले अवलोकन अध्ययन गर्न लगाई विश्लेषण गर्न लगाउने ।<br>• पालिकाको उमेर, पेसा, जातजाति, लिङ्गगत जनसङ्ख्या स्तम्भ तथा वृत्तचित्रमा देखाउन लगाउने । | नक्सा चार्ट/सन्दर्भमूलक सामग्री | • तपाईं पालिकाको कूल जनसङ्ख्या भन्नुहोस् ।<br>• गाउँपालिकाको कूल परिवार सङ्ख्या लेख्नुहोस। |
| | | • गाउँ कार्यपालिकाको गठन प्रक्रिया बताउन । | गाउँ कार्यपालिकाको गठन प्रक्रिया | • छलफल विधिबाट गाउँकार्यपालिका बारे जानकारी दिने ।<br>• गाउँ कार्यकापालिका गठनप्रक्रिया बताईदिने ।<br>• नमूना निर्वाचनबाट कार्यपालिका गठन प्रक्रियाको अभ्यास गराउने । | सन्दर्भ सामग्रीहरू | • गाउँकार्यपालिका गठन प्रक्रिया भन्नुहोस्।<br>• कार्यपालिकामा मनोनित सदस्य सङ्ख्या कति जना हुन्छ? |
| | | • गाउँपालिकाबाट प्रवाह हुनेसेवा सुविधाहरूको बारेमा बताउन। | गाउँ पालिकाबाट प्रवाह हुनेसेवा (कृर्षी, शिक्षा, पशु, स्वास्थ्य, बालबालिका, महिला, न्यायिक, सामाजिक | • गाउँपालिकामा के-के कामको लागि गइन्छ भन्ने विषयमा संवाद गराई बुँदागत रूपमा टिपोट गराउने।<br>• चार्टको सहायताले गाउँपालिकाबाट प्रदान हुने सेवाहरू कक्षामा प्रर्दशन गर्ने ।<br>• आफ्नो गाउँ पालिका कार्यालयको अवलोकन भ्रमण गराउने । | गाउँपालिकाबाट प्रदान गरिनेसेवाहरू उल्लेखित चार्ट | • गाउँपालिकाबाट प्रदान गरिनेसेवाहरू उल्लेख गर्नुहोस् । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सुरक्षा......) | | | |
| | | • स्थानीय गाउँसभा (व्यवस्थापिका)को परिचय दिन । | स्थानीय गाउँ सभा | • गाउँसभाको बारेमा छलफल गर्ने र परिचय दिने ।<br>• कानुनले तोके अनुसार गाउँसभाको गठन प्रक्रिया र काम, कर्तव्य र अधिकार उल्लेखित चार्ट प्रदर्शन गरी छलफल गर्ने । | स्थानीय व्यवस्थापिकाको गठन प्रक्रिया र काम, कर्तव्य र अधिकार उल्लेखित चार्ट | • गाउँसभाको गठन प्रकिया भन्नुहोस्।<br>• बित्थडचिर गाउँपालिकाको गाउँसभाको अध्यक्षता कसले गर्दछ ? |
| | | • गाउँपालिका भित्रका शैक्षिक संस्थाको महत्व र आवश्यकता बताउन । | शैक्षिक संस्थाको महत्व र आवश्यकता | • गाउँपालिकामा सञ्चालित शैक्षिक संस्थाहरू सूचीकृत गर्न लगाउने ।(विद्यालय, कलेज, सामुदायिक अध्ययन केन्द्र)<br>• शैक्षिक तहगत संरचनाबारे छलफल गरी तहगत सङ्ख्याको बारे जानकारी दिने।<br>• शैक्षिक संस्थाको महत्व र आवश्यकताबारे जानकारी दिने । | शैक्षिक संस्थाहरू सूची, पालिकाको शैक्षिक क्यालेन्डर | • तपाईं पालिकामा सञ्चालित विद्यालयहरूको तहगत सूची तयार पार्नुहोस्।<br>• बित्थडचिर गाउँपालिकामा सञ्चालित क्याम्पसको नाम भन्नुहोस्। |
| २ | हाम्रो सम्पदा र पर्यटन | • गाउँपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक, प्राकृतिक तथा धार्मिक सम्पदा संरक्षणमा स्थानीय | ऐतिहासिक, प्राकृतिक तथा धार्मिक सम्पदा संरक्षणमा स्थानीय नागरिकको भूमिका | • गाउँपालिका भित्रका ऐतिहासिक, प्राकृतिक तथा धार्मिक सम्पदाको बारेमासमूह छलफल गरी सूची तयार गराउने।<br>• सम्पदाको महत्व भन्न लगाउने ।<br>• सम्पदा संरक्षणमा नागरिकको भूमिका प्रष्ट पारि दिने । | ऐतिहासिक, प्राकृतिक तथा धार्मिक सम्पदा झल्किने तस्विरहरू, महत्व उल्लेखित चार्ट | • सम्पदा संरक्षणमा नागरिकको भूमिका प्रस्तुत गर्नुहोस्।<br>• हाम्रो पालिकामा रहेका धार्मिक स्थलहरूको सूची |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | नागरिकको भूमिका बताउन । | | | | तयार पार्नुहोस्।<br>• प्रमुख ऐतिहासिक सम्पदाहरूको नाम भन्नुहोस्। |
| | | • स्थानीय खोला, नालार वनजङ्गलको उपयोगिता भन्न र लेख्न । | स्थानीय खोला,नालार वनजङ्गलको उपयोगिता | • स्थानीय खोला,नालार वनजङ्गलको नाम भन्न र कापीमा टिपोट पार्न लगाउने ।<br>• खोला,नालार वनजङ्गलको उपयोग कसरी ? कहाँ ? भएको छ प्रतिक्रिया जनाउन लगाउने ।<br>• सन्दर्भ सामग्री उपयोगिता उल्लेखित सूची प्रदर्शन गरी स्थानीय खोला,नालार वनजङ्गलको उपयोगिताबारे जानकारी दिने । | सन्दर्भ सामग्री उपयोगिता उल्लेखित सूची | • तपाईं समुदायमा रहेका सामुदायिक वनको नाम लेख्नुहोस्।<br>• पालिकामा पर्ने प्रमुख नदी तथा खोलाहरूको सूची तयार पार्नुहोस्। |
| | | • स्थानीय पर्यटकीय स्थलको विशेषता र महत्वलेख्न । | स्थानीय पर्यटकीय स्थलको महत्व र विशेषता | • छलफल विधिको माध्ययमबाट बित्थडचिर गाउँपालिकामा रहेका पर्यटकीय स्थलहरूको बारेमा जानकारी गर्ने ।<br>• गाउँपालिकामा रहेका प्रर्यटकीय क्षेत्रहरूको चित्र/पोष्टर/भिडियोहरू प्रदर्शन गर्ने ।<br>• विभिन्न स्थलहरूको परिचयः अवस्थिति, हावापानी, विशेषताहरूको बारेमा छलफल गर्ने ।<br>• गाउँपालिकामा रहेका पर्यटकीय सम्भावना बोकेका क्षेत्रहरूको महत्व के होला ? प्रतिक्रिया जनाउन लगाई महत्व बारे जानकारी दिने । | चित्र/पोष्टर/भिडियोहरू | • स्थानीय पर्यटकीय स्थलको महत्व भन्नुहोस्।<br>• धारी छडाको विशेषता प्रस्तुत गर्नुहोस्। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | हाम्रो संस्कृति हाम्रो परम्परा | • स्थानीय रहनसहन खानपिन तथा भेषभूषाको विविधताको महत्व उल्लेख गर्न। | परम्परागत स्थानीय रहनसहन खानपिन तथा भेषभूषाको सांस्कृतिक र आर्थिक महत्व । | • परम्परागत स्थानीय रहनसहन खानपिन तथा भेषभूषाको सांस्कृतिक र आर्थिक महत्वबारे छलफल गर्ने।<br>• सांस्कृतिक र आर्थिक महत्वहरूको छुट्टा छुट्टै सूची बनाउन लगाएर कक्षाकोठामा टास गर्न लगाउने। | चार्ट पेपर चित्र | • गौरा पर्वमा लगाईने मौलिक पोसाकहरूको नाम लेख्नुहोस्।<br>• चाडपर्वहरूमा पकाइने मुख्य परिकारहरूको नाम भन्नुहोस्। |
| | | • परम्परागत र आधुनिक संरचना निर्माण शैलीकोतुलना गर्न। | परम्परागत भौतिक(खरको छाना र ढुंगामाटो बाट निर्मित घर गोठ,कौसी,चौपाखे छाना, मण्डप,मन्दिरको खाम, खर्क आदि निर्माणका शैली।)र आधुनिक संरचना निर्माण शैली | • स्थानीय जेष्ठ नागरिक,डकर्मी,सिकर्मी र जानकार ब्यक्तित्वहरूको अन्तर्वार्ता लिई परम्परागत मौलिक संरचना र आधुनिक संरचना शैलीको जानकारी टिपोट गराउने<br>• परम्परागत शैलीको महत्वबारे जानकारी दिदै आधुनिक र परम्परागत शैली बिच तुलना गर्ने। | परम्परागत मौलिक संरचना र आधुनिक संरचना शैली झल्किने तस्विरहरू | • परम्परागत र आधुनिक संरचना निर्माण सामग्रीहरू उल्लेख गर्नुहोस्। |
| | | • स्थानीय चाडपर्व, धार्मिक मेला जात्राको महत्व बताउन। | स्थानीय चाडपर्व, धार्मिक मेला जात्रा (बिसु, दशमी, ओलके तिहार, नरहरि आदि) धार्मिक मेला जात्रा (केदारजात, मादेउ | • विद्यार्थीहरूलाई समूहमा विभाजन गरी स्थानीय चाडपर्वको बारेमा छलफल गराई सूची तयार पार्न लगाउने।<br>• स्थानीय चाड पर्वको बारेमा समूहमा छलफल गरी कक्षामा त्यसको महत्वबारेमा प्रस्तुत गर्न लगाई स्थानीय चाडपर्वको तिथिमिति उल्लेख गर्न लगाउने। | स्थानीय चाड पर्व उल्लेखित तालिका | • स्थानीय चाडपर्व, को नाम लेख्नुहोस्।<br>• गौरा/द्याँची पर्वको महत्व प्रस्तुत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | जात,मानाशाहि जात, चिरासैनी, कालिका भगवती जात आदिमा गरिने क्रियाकलापहरू | • धार्मिक मेला जात्रा (बिसु,दशमी,ओलके तिहार,नरहरि केदारजात,मादेउ जात,मानाशाहि जात, चिरासैनी कालिका भगवती जात गौरा पर्व तथा घाँची आदिमा गरिने क्रियाकलापहरूको कक्षाकोठा,विद्यालयमा अभिनय गर्न लगाउने।<br>• स्थानीय धार्मिक मेला तथा जात्राको महत्व बारे जानकारी दिने। | | गर्नुहोस्। |
| | | • स्थानीय लोकगीत तथा लोक कथा र लोक बाजाको परिचय र महत्व बताउन। | स्थानीय लोकगीत जस्तैःडेउडा,चैतोली, फाग,धुमारी आदि, ,लोककथा र लोक बाजाको परिचय र महत्व | • चित्रात्मक प्रस्तुति, प्रयोगात्मक विधि र खोज अनुसन्धान विधि प्रयोग गरी स्थानीय लोकगीत, जस्तै डेउडा,चैतोली,फाग,धुमारी आदि,बिनायो,दमाहा,बासुरी,भोकर,झ्याली,ढाका जस्ता स्थानीय लोकबाजा,लोककथा र लोक नृत्यको पहिचान गरी परिचय स्पष्ट पार्ने<br>• स्थानीय लोकगीत तथा लोक कथा र लोक बाजाको महत्वबारे छलफल गरी प्रकाश पार्ने। | स्थानीय लोकगीत जस्तैः डेउडा, चैतोली, फाग, धुमारी आदि उल्लेखित चार्ट | • तपाईंको क्षेत्रमा गाइने लोक देउडा गीत भन्नुहोस्।<br>• देउडा, पञ्चेवाजाको महत्व प्रस्तुत गर्नुहोस। |
| ४ | मानव मूल्य र शिक्षा | • परिवेश अनुसार उचित मानवीय व्यवहार प्रदर्शन गर्न। | • परिवेश अनुसार उचित मानवीय व्यवहार | • कक्षाकोठामा उचित मानवीय व्यवहार बारे छलफल गर्ने ।<br>• व्यक्ति ठाउँ र परिवेश अनुसार उचित व्यवहारले पार्ने प्रभाव बताउने।<br>• कक्षा कोठामा व्यवहार प्रदर्शन गराउने।<br>• सकारात्मक व्यवहारले गर्ने फाइदाको सूची तयार पार्न लगाउने । | उचित/सकारात्मक व्यवहार उल्लेखित सूची | • आफूभन्दा सानोलाई कस्तो व्यवहार गर्नुहुन्छ ? |
| | | • सामुदायिक कार्यको महत्व बताउन। | सामुदायिक कार्य र महत्व | • सामुदायिक कार्यको बारेमा छलफल गरी परिचय दिने ।<br>• सामुदायिक कार्यको सूची निर्माण गर्न लगाई | सामुदायिक कार्यको सूची | • सामुदायिक कार्यको महत्व |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | स्थानीय सामुदायिक कार्यले समुदायमा पर्ने प्रभाव बारे छलफल गराउने ।<br>• सामुदायिक कार्यमा सबैको सहभागिताले हुने फाइदा उल्लेख गर्न लगाउने । | | उल्लेख गर्नुहोस्। |
| | | • सामाजिक समस्या,(विकृति, कुरीति, अन्धविश्वास)को पहिचान र रोकथामका उपाय भन्न। | सामाजिक समस्या,(विकृती, कुरीति, अन्धविश्वास)पहिचान र रोकथामका उपाय | • सामाजिक समस्याबारेमा कक्षाकोठामा छलफल गर्ने ।<br>• बित्थडचिर गाउँपालिकामा के-कस्ता सामाजिक समस्या रहेका छन् खोजी गर्न लागउने ।<br>• चित्र,पोष्टर, भिडियो र समाचारको माध्यमबाट सामाजिक समस्याका कारण र समाधानका उपाय भन्न लगाउने । | घरेलु हिंसा सम्बन्धी चित्र,पोष्टर, भिडियो र समाचारहरू | • समाजिक समस्या भनेको के हो ?<br>• तपाईंको समाजमा भएका सामाजिक समस्या उल्लेख गरी समाधानका उपाय लेख्नुहोस्? |
| | | • यौन दुर्व्यवहार तथा घरेलु हिंसाको कारण पहिचान गर्न। | यौन दुर्वव्यवहार तथा घरेलु हिंसाको कारण पहिचान | • हिंसा सम्बन्धित चित्र /पोष्टर कक्षामा प्रदर्शन गरी समूह घरेलु हिंसाको बारेमा छलफल गर्ने<br>• हिंसा हुनुको कारण बारे स्पष्ट पारिदिने।<br>• यौन दुर्व्यवहारले व्यक्ति तथा समुदायमा पर्ने असरबारे जानकारी दिने। | चार्टहरू, चित्र /पोष्टर | • घरेलु हिंसा भनेको के हो?<br>• घरेलु हिंसा हुने कारणहरू लेख्नुहोस्। |
| ५ | विपद् व्यवस्थापन | • विपद् व्यवस्थापनमा आफ्नो भूमिका बताउन। | विपद् व्यवस्थापनमा आफ्नो भूमिका | • विपद्जन्य पर्चा, पोष्टर प्रदर्शन गरी राय व्यक्त गर्न लगाउने ।<br>• विपद् आउन सक्ने कारणहरूको बारेमा छलफल गराउने वा लेखेर प्रस्तुति गराउने ।<br>• विपद् व्यवस्थापनमा आफ्नो भूमिका प्रदर्शन गराउने । | विपद्जन्य पर्चा, पोष्टर | • विपद् भनेको के हो?<br>• विपद् व्यवस्थापनमा हाम्रो भूमिका लेख्नुहोस्। |
| | | • विपद् व्यवस्थापनको पूर्व तयारीका | विपद् व्यवस्थापनको पूर्व तयारीका उपायहरू | • विपद् व्यवस्थापनको लागि तयारी सम्बन्धमा छलफल गर्ने ।<br>• छलफल विशेष गरेर विद्यालयले बनाएको | पोष्टरहरू | • विपद् व्यवस्थापनका पूर्व तयारीका |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | उपायहरू बताउन र अपनाउन। | | कार्यक्रम,विपद् पर्दा के गर्ने भनी लेखेर तयार पारेको होडिङ बोर्डको बारेमा छलफल गराउने।<br>• विपद्जन्य घटनाबाट बच्न गरिने अभ्यासमा सहभागी गराउने ।<br>• विपद् व्यवस्थापन सम्बन्धी अभिनय गर्ने गराउने । | | उपायहरू प्रस्तुत गर्नुहोस्। |
| | | • विपद्का कारण,असर र व्यवस्थापन बारे बताउन । | विपद्का कारण,असर र व्यवस्थापन | • बित्थडचिर गाउँपालिकामा आएका र सम्भावित विपद् अवस्थाको पुनरावलोकन गराउने ।<br>• त्यस्ता विपद् के कारणले आउछन् ? भन्ने प्रश्न दिएर छलफल गर्ने टिपोट गर्ने ।<br>• आफ्नो गाउँपालिकामा आउन सक्ने विपद्का असर समूहमा छलफल गर्न लगाउने र प्रस्तुती गराउने ।<br>• गाउँपालिकामा आएका वा आउन सक्ने विपद्का असर कम गर्न रोक्न वा व्यवस्थापन गर्न सकिने उपाय वा पद्धति छलफल गर्ने बुँदा टिपोट गर्ने कक्षामा टाँस्ने,सम्भव भए कक्षा बाहिर सबैले देख्ने गरी टाँस्ने । | फोटो चित्र | • विपद्का कारणहरू उल्लेख गर्नुहोस्।<br>• विपद्ले पर्ने असरहरू केके हुन् ? |
| ६ | हरित विद्यालय दिगो विकासर वातावरण, | • पालिकाभित्र रहेका सामुदायिक वनको परिचय,महत्व र फाइदा लेख्न । | पालिकाभित्र रहेका सामुदायिक वनको परिचय,महत्व र फाइदा | • स्थानीय सामुदायिक वनका बारेमा छलफल गराउने।<br>• सामुदायिक वन अवलोकन, भिडियो तथा वृतचित्र प्रस्तुती गर्ने<br>• स्थानीय वनमा पाइने वनस्पति तथा वन्यजन्तुको बारेमा जानकारी गराउने, तिनीहरूको महत्व र वनबाट हुने फाइदाको | सामुदायिक वन अवलोकन, भिडियो तथा वृतचित्र | • सामुदायिक वन भनेको के हो ?<br>• वनको फाइदा उल्लेख गर्नुहोस्। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | बारेमा छलफल गर्ने ।<br>• वन संरक्षणका उपायहरूको बारेमा छलफल गर्ने । | | |
| | | • स्थानीय वनस्पति तथा वन्यजन्तु संरक्षणका उपायहरू बताउन । | स्थानीय वनस्पति तथा वन्यजन्तु संरक्षणका उपायहरू | • पालिकाभित्र रहेका वनमा पाइने वनस्पति तथा वन्यजन्तुहरूको जानकारी गराउने ।वनको महत्व र वनबाट हुने फाइदाको बारेमा छलफल गर्ने र शिक्षकले बताईदिने।<br>• वनस्पति तथा वन्यजन्तु संरक्षणका उपायहरूबारे छलफल गरी टिपोट गर्न लगाउने।<br>• वन पैदावार तथा वन्यजन्तु चोरी पैठारी नियन्त्रणका उपायहरू छलफल गरी बताउने। | लोपोन्मुख वनस्पति तथा वन्यजन्तुका चित्रहरू | • वनस्पति तथा वन्यजन्तु संरक्षणका उपायहरू लेख्नुहोस्। |
| | | • घरायसी ठोस फोहोरको व्यवस्थापन अन्तरगत गड्यौंले मलको महत्व र उपयोग गर्न। | घरायसी ठोस फोहोरको व्यवस्थापन अन्तरगत गड्यौंले मलको महत्व र उपयोग | • घरायसी ठोस फोहरलाई कसरी व्यवस्थापन गर्ने तरिकाको बारेमा छलफल गर्ने ।<br>• घरायसी फोहोरको व्यवस्थापन गर्ने विभिन्न विधिहरू मध्ये कम्पोष्ट मल बनाउने,गड्यौला मल बनाउने पनि हो भन्ने कुराको जानकारी दिने ।<br>• गड्यौला मल कसरी बनाइन्छ होला? भन्ने बारेमा छलफल गर्ने ।<br>• गड्यौला मललाई प्रयोग गर्ने तरीका बताउने । | चार्टहरू | घरायसी मलको फाइदा भन्नुहोस्। |
| | | • दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध बताउन । | दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध | • दिगो विकास र हरित विद्यालयको अवधारणाको पुनरावलोकन गराउने ।<br>• वर्तमान अवस्थामा उपयोग गरिने उर्जाको मितव्ययी उपयोग गर्ने, वातावरण मैत्री व्यवहार | | • हरित विद्यालयको परिचय लेख्नुहोस्। । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | गर्ने, वातावरणको संरक्षण गर्ने,पानीको सही र उचित तवरले प्रयोग गर्ने जैविक विविधता ह्रास हुन नदिने, पर्यावरण सन्तुलनमा राख्ने, घर तथा विद्यालय र वरपरको वातावरण हरित वनाउने, वातावरण प्रदूषण हुन नदिने जस्ता कार्यहरूलाई जोडेर दिगो विकास र हरित विद्यालय बिचमा भएको अन्तर सम्बन्धलाई प्रष्ट पार्ने । | | • हरित विद्यालय र दिगो विकासको सम्बन्ध प्रस्टपार्नुहोस। |
| | | • दिगो विकास र वातावरण संरक्षणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका बताउन। | दिगो विकास र वातावरण संरक्षणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका | • दिगो विकास र वातावरण संरक्षणका लागि विद्यार्थी, विद्यालय र समुदायले खेल्ने भूमिकाको बारेमा छलफल,अन्तरक्रिया गराउने र खेल्नु पर्ने भूमिका बताउने ।<br>• दिगो विकास र वातावरण संरक्षणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका विषयमा निवन्ध लेखन गराउने । | | • दिगो विकास र वातावरण संरक्षणका लागि विद्यार्थी विद्यालय र समुदायको भूमिका खुहोस् । |
| | | • पशुपंक्षीको हेरचाहमा (गाई भैसी वा अन्य पशुपालन)सहभागी हुन । | पशुपंक्षीको हेरचाहमा सहभागी | • चित्र/भिडियो तथा अवलोकन विधिको माध्यमबाट पशुपंक्षी पालनको अवधारण विकास गर्ने ।<br>• पशुपंक्षी पालन र हेरचाह सम्बन्धी आधारभूत ज्ञान दिन सामूहिक छलफल गराउने ।<br>• स्थानीय स्तरमा भएका पशुपंक्षी पालनप्रति सकारात्मक धारणाको विकास गरी सो कार्यमा सहभागी गराउने । | चित्र/भिडियो | • पशुपालन गर्दा आवश्यक पर्ने आधारभूत कुराहरू केके हुन् ? |
| ७ | स्थानीय पेसा | • पशुविमाको परिचय तथा यसका | पशुविमाको परिचय तथा यसका फाइदाहरू | • बिमाको बारेमा जानेको कुरा विद्यार्थीहरूलाई भन्न लगाउने,छलफल गर्ने ।<br>• कृषि बाली तथा पशुविमा बारे आफूले सुनेका | चित्र तथा पोष्टर | पशु बिमा भनेको के हो? पशुबिमाका |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | व्यवसाय र प्रविधि | फाइदाहरू बताउन । | | वा जानेका कुराहरू भन्न लगाउने ।<br>• कृषि तथा पशुबिमा बारेमा तयार पारिएका भिडियो प्रदर्शन गर्ने वा लेख पढ्न दिने र छलफल गर्ने ।<br>• सम्भव भएमा बिमाको कार्य गर्ने व्यक्तिलाई स्रोत व्यक्तिको रूपमा आमन्त्रण गरी उक्त बिमाबाट हुने फाइदाहरूको बारेमा जानकारी दिन लगाउने । | | फाइदाहरू लेख्नुहोस्। |
| | | • स्थानीय प्रविधिको दैनिक जीवनमा उपयोग गर्न | स्थानीय प्रविधिको दैनिक जीवनमा उपयोग | • स्थानीय प्रविधिको बारेमा सामूहिक छलफल गरी प्रविधिका प्रकारहरू टिपोट गराउने ।<br>• स्थानीय प्रविधिले दैनिक जीवनमा गरेका फाइदाहरू भन्न लगाउने ।<br>• स्थानीय प्रविधिबाट उत्पादित सामानहरू दैनिक जीवनमा उपयोग के कसरी भएका छन् सोध्ने ।<br>• स्थानीय प्रविधिबाट उत्पादित सामानहरू दैनिक जीवनमा उपयोगका फाइदा बताई स्थानीय प्रविधि प्रयोगमा जोड दिनु पर्ने कुरा बताउने । | | • स्थानीय प्रविधिको उपयोग दैनिक जीवनमा कसरी गर्न सकिन्छ लेख्नुहोस्। |

## ४.८ विषयवस्तुको विस्तृतीकरण

कक्षा -८

| क्र.स | विषयवस्तु को क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरू | शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो पालिका | • बित्थडचिर गाउँपालिकाको संक्षिप्त इतिहास बताउन। | • बित्थडचिर गाउँपालिकाको संक्षिप्त इतिहास: राजनीतिक, शैक्षिक, सामाजिक ......। | • बित्थडचिर गाउँपालिकाको राणा शासन कालदेखि गाउँपालिका हुनुपूर्वको इतिहासको बारेमा छलफल गरी जानकारी गराउने ।<br>• परियोजना कार्यमार्फत विद्यार्थीलाई आफ्नो टोल समुदायको इतिहासको बारेमा प्रश्नावलीको आधारमा खोज गर्न लगाई प्रतिवेदन पेश गराउने।<br>• बित्थडचिरको संक्षिप्त इतिहास समेटिएको चार्ट प्रश्तुत गरी शैक्षिक तथा समाजिक विकासक्रमको संक्षिप्त जानकारी गराउने । | संक्षिप्त इतिहास समेटिएको चार्ट | • बित्थडचिरको राजनीतिक विकासक्रमको संक्षिप्त विवरण उल्लेख गर्नुहोस्।<br>• बित्थडचिर गाउँपालिकाको स्थापना कहिले भएको थियो?<br>• बित्थडचिरमा स्थापित सबै भन्दा पुरानो शैक्षिक संस्थाको नाम भन्नुहोस् । |
| | | • स्थानीय कार्यपालिकाको काम,कर्तव्य र अधिकार बताउन । | स्थानीय कार्यपालिकाको काम,कर्तव्य र अधिकार | • स्थानीय कार्यपालिकाको अवलोकन गराउने।<br>• नेपालको कानुनले तोके बमोजिमको कार्यपालिकाको काम, कर्तव्य र अधिकार अध्ययन गराउने ।<br>• यी बाहेक गाउँसभाले तोकेका काम पनि कार्यपालिकाले गर्नु पर्ने बताउने । | कार्यपालिकाको काम, कर्तव्य र अधिकार उल्लेखित चार्ट | • गाउँकार्यपालिकाको काम, कर्तव्य प्रस्तुत गर्नुहोस्।<br>• गाउँपालिका अध्यक्ष र उपाध्यक्षको काम, कर्तव्य र अधिकार भन्नुहोस्। |
| | | • गाउँपालिकाको न्यायिक समितिको गठन प्रक्रिया र कार्यहरू बताउन । | न्यायिक समिति गठन प्रक्रिया र कार्यहरू | • गाउँपालिका न्यायिक समिति गठन प्रक्रियाबारे विद्यार्थीहरूसित छलफल गरी जानकारी गराउने ।<br>• न्यायिक समितिका काम, कर्तव्य र अधिकारहरूको सूची कक्षामा प्रदर्शन गरी | न्यायिक समितिका काम, कर्तव्य र अधिकारहरू | • न्यायिक समितिको काम कर्तव्य र अधिकार उल्लेख गर्नुहोस्।<br>• न्यायिक समिति कति सदस्यीय हुन्छ? |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | छलफल गराउने ।<br>• न्यायिक समिति सदस्यहरूसित अन्तरक्रिया गराउने। | को सूची | • न्यायिक समितिको संयोजक को रहने व्यवस्था छ ? |
| | | • गाउँपालिकाभित्र रहेका सामाजिक संघ-संस्था र तिनीहरूको भूमिका बताउन । | सामाजिक संघ संस्थाहरूको भूमिका | • गाउँपालिका भित्र रहेका संघ-संस्थाहरू विद्यार्थीहरूलाई बताउन लगाई टिपोट गर्न लगाउने ।<br>• स्थानीय सामाजिक विकासमा संघ-संस्थाहरूको भूमिका बारे खोजी गरी कक्षामा प्रस्तुत गराउने ।<br>• सामाजिक संस्थाहरूको भूमिका तथा योगदानका बारे प्रमुख तथा प्रतिनिधिसित भेट गरी परियोजना तथा प्रतिवेदन लेख्न लगाउने र शिक्षकले भूमिकाबारे स्पष्ट पारिदिने । | बुकलेट, पम्पलेट/ चार्ट | • तपाईंको पालिकामा काम गर्ने संस्थाहरूको सूची तयार पार्नुहोस् ।<br>• गाउँपालिकाको विकासमा संघसंस्थाहरूले खेल्ने भूमिका उल्लेख गर्नुहोस्। |
| २ | हाम्रा सम्पदा हाम्रो पर्यटन | • गाउँपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक, प्राकृतिक,पर्यट कीय क्षेत्र तथा धार्मिक सम्पदाहरूको परिचय दिन र महत्व बताउन। | गाउँपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक, प्राकृतिक,पर्यटकीय क्षेत्र तथा धार्मिक सम्पदाहरूको परिचय र महत्व | • ऐतिहासिक तथा प्राकृतिक सम्पदाहरूको बारेमा चित्र, पोष्टर तथा भिडियो रिपोर्ट देखाई स्पष्ट पारिदिने ।<br>• गाउँपालिका भित्र रहेका मुख्य ऐतिहासिक स्थलहरूको अवलोकन तथा भ्रमण गर्न लगाउने । जस्तैः दिककोट, सिगास धुरा,दुल्लड, मनुरीकोट (टिक), धारछडी, न्वाला तथा परम्परागत ढुङ्गेधाराहरू, गुफाहरू आदि।<br>• विभिन्न सम्पदाहरूको बारेमा सामूहिक छलफल गराई तिनीहरूको परिचय र महत्व भन्न लगाउने । | स्थानीयस्तर मा उपलब्ध सामग्रीहरू | • दिककोट को परिचय दिनुहोस्।<br>• धार्मिक तथ पर्यटकीय हिसाबले सिगास धुराको मत्हत्व लेख्नुहोस्।<br>• तपाईंले अवलोकन गर्नु भएको कुनै धार्मिक तथा पर्यटकीय क्षेत्रको बारे छोटो प्रतिवेदन प्रस्तुत गर्नुहोस्। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • गाउँपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक, प्राकृतिक,पर्यटकीय क्षेत्र तथा धार्मिक सम्पदा संरक्षणमा सहभागी हुन । | गाउँपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक, प्राकृतिक पर्यटकीय क्षेत्र तथा धार्मिक सम्पदाहरू र संरक्षण | • बित्थडचिर गाउँपालिकामा लोप हुन लागेका महत्वपूर्ण ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाको बारेमा छलफल गरी नाम भन्न लगाउने ।<br>• महत्वपूर्ण ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाको जगेर्ना गर्नका लागि गर्न सकिने उपायहरूको बारेमा छलफल गर्ने।<br>• प्राकृतिक सम्पदा विनासका भिडियो, चित्र तथा क्षेत्र भ्रमण गराउने ।<br>• विनासका कारण पहिचान गर्न लगाउने र आवश्यक सल्लाह दिने ।<br>• संरक्षण कार्यमा सहभागिता गराउने । | | • चिरासैनी मन्दिरको धार्मिक तथा पर्यटकीय महत्व उल्लेख गर्दै संरक्षणका उपायहरू भन्नुहोस्।<br>• स्थानीय सम्पदा संरक्षणमा विद्यार्थीको भूमिका लेख्नुहोस् ।<br>• प्राकृतिक सम्पदा विनासका कारण भन्नुहोस्। |
| | | • स्थानीय पर्यटनको महत्व बताउन। | स्थानीय पर्यटनको महत्व | • विद्यार्थीहरूलाई पर्यटन व्यवसाय भनेको के हो ? सोधि हाम्रो वरपर रहेका सम्भावित पर्यटन व्यवसायहरूको नाम भन्न लगाउने ।<br>• पर्यटन व्यवसायको परिचय स्पष्ट पारी चार्टको माध्यमबाट यसको महत्वबारे जानकारी गराउने ।<br>• पर्यटन व्यवसायको विकासमा आफ्नो तथा स्थानीय समुदायको भूमिका बताउने। | चार्ट | • पर्यटन व्यवसायको महत्व लेख्नुहोस्। |
| ३ | हाम्रो संस्कृति र परम्परा | • स्थानीय रहनसहन खानपिन तथा भेषभूषा लोप हुनुका कारणको | • स्थानीय रहनसहन खानपिन तथा भेषभूषाहरू लोप हुनुका विभिन्न | • छलफल विधिबाट स्थानीय रहनसहन, खानपिन तथा भेषभूषाहरू लोप हुनुका विभिन्न कारणहरूको पहिचान गराई कक्षाकोटामा प्रस्तुत गर्ने गराउने, | स्थानीय रहनसहन खानपिन तथा | • स्थानीय खानाका परिकारहरूको नाम लेख्नुहोस् ।<br>• स्थानीय भेषभुसा लोप हुनुका |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पहिचान र संरक्षणका उपायहरू उल्लेख गर्न। | कारणहरूको पहिचान रसंरक्षणका उपायहरू। | • स्थानीय रहनसहन खानपिन तथा भेषभूषाहरू संरक्षणका उपायहरूको तालिका मार्फत प्रष्ट पारिदिने । | भेषभूषाहरू संरक्षणका उपायहरूको तालिका | कारणहरू उल्लेख गर्नुहोस्। |
| | | • परम्परागत संरचना निर्माण शैली लोप हुनुका कारण र संरक्षणका उपायहरूको बताउन। | • परम्परागत संरचना लोप हुनाका विविध कारणहरू<br>• परम्परागत संरचनानिर्माण शैली संरक्षणका उपायहरू। | • परम्परागत संरचना निर्माण शैलीको महत्व र संरचना लोप हुनाका कारणहरू समूहमा छलफल गरी खोजी गर्न लगाउने ।<br>• परम्परागत संरचना निर्माण प्रबिधि संरक्षणका उपायहरूबारे एक एक गरी/समूह नेताबाटविचार राख्न लगाई,कारण र संरक्षणका उपायहरूको टिपोट गर्न लगाउने। | | • परम्परागत संरचना निर्माण शैलीको महत्व भन्नुहोस्।<br>• परम्परागत संरचना लोप हुनाका कारणहरू प्रस्तुत गर्नुहोस्।<br>• परम्परागत संरचना निर्माण प्रबिधि संरक्षणका उपायहरू बताउनुहोस्। |
| | | • स्थानीय चाडपर्व, धार्मिक मेला जात्रामा गरिने क्रियाकलापहरू मा सहभागी हुन । | •स्थानीय चाडपर्व, धार्मिक मेला जात्रामा गरिने क्रियाकलापहरू | • स्थानीय चाडपर्व, धार्मिक मेला जात्रामा प्रत्यक्ष सहभागीभई/भएका अवसरहरूमा गरिनेविभिन्न क्रियाकलापहरूबारे जानकारी लिई कक्षाकोठामा प्रस्तुत गर्न लगाउने । | टिपोट पत्रहरू | • तपाईं सहभागी भएको स्थानीय चाडपर्व, धार्मिक मेला जात्रामा गरिने क्रियाकलापहरूको बारेमा लेख्नुहोस्।<br>गौरा पर्वको अवसरमा गरिने क्रियाकलापहरू भन्नुहोस्। |
| | | • स्थानीय चाडपर्व, धार्मिक मेला जात्रामा विकृतिहरू पहिचान गरी निराकरणका | स्थानीय चाडपर्व, धार्मिक मेला जात्रामा देखिने विकृतिहरूको पहिचान र निराकरणका उपायहरू। | • स्थानीय चाडपर्व, धार्मिक मेला जात्रामा देखिने विकृतिहरूको पहिचान गरी निराकरणका उपायहरूबारे छलफल गरी टिपोट गर्ने ।<br>• विकृतिहरूले समाजमा ल्याउने असरहरूबारे छलफल गरी स्पष्ट पारिदिने। | चार्ट | स्थानीय चाडपर्व, धार्मिक मेला जात्रामा देखिने विकृतिहरूलाई सूचीकृत गर्नुहोस्। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | उपाय अपनाउन। | | • विकृति निराकरणका उपायहरू चार्टको माध्यमबाट जानकारी गराउने। | | |
| | | • स्थानीय लोकगीत,लोक बाजा, लोककथा र लोक नृत्यको महत्व तथा संरक्षणका उपायहरू उल्लेख गर्न। | • स्थानीयलोकगीत, लोकबाजा, लोककथा र लोक नृत्यहरूको धार्मिक, सांस्कृतिक तथा आर्थिक महत्व<br>• स्थानीय लोकगीत, लोकबाजा, लोककथा र लोक नृत्यहरूको संरक्षणका उपयुक्त उपायहरू। | • स्थानीय लोकगीत, लोकबाजा, लोककथा र लोक नृत्यहरूको धार्मिक,सांस्कृतिक तथा आर्थिक महत्व बारे छलफल गरी कक्षा प्रस्तुत गर्ने।<br>• शिक्षक तथा स्रोत व्यक्तिको सहयोगमा स्थानीय लोकगीत, लोकबाजा, र लोक नृत्यहरू अभ्यास गर्न लगाउने।<br>• स्थानीय लोकगीत, लोकबाजा, लोककथा र लोक नृत्यहरू संरक्षणका उपयुक्त उपायहरूबारे कक्षा कोठामा छलफल गराई संरक्षणका उपयुक्त उपायहरू बताउने। | लोकबाजाहरू | • लोक बाजाहरूको नाम सूचीकृत गर्नुहोस्।<br>• तपाईंले सुनेको कुनै लोककथा भन्नुहोस्।<br>• देउडा गीत सुनाउनुहोस। |
| ४ | मानव मूल्यशिक्षा र सुरक्षा | • मानव मूल्य शिक्षाको उपयोगिता लेख्न । | मानव मूल्य शिक्षाको उपयोगिता | • मानव मूल्य शिक्षाको उयोगिताबारे छलफल गरी विद्यार्थीलाई बुँदा टिपोट गर्न लगाउने<br>• उपयोगिता उल्लेखित चार्ट प्रस्तुत गरी स्पष्ट पारिदिने ।<br>• घर परिवार तथा समाजमा प्रचलित आदर सत्कार सम्बन्धी भूमिका कक्षामा अभिनय गर्न लगाई मानवीय मूल्य शिक्षाको उपयोगिताबारे थप स्पष्ट पारि दिने। | चार्ट | • मानव मूल्य शिक्षाको उपयोगिता बताउनुहोस्।<br>• घरमा पाहुना आउँदा कस्तो व्यवहार गर्नु पर्छ। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • जेष्ठ नागरिकप्रति सम्मानजनक व्यवहार गर्न। | • जेष्ठ नागरिकप्रति सम्मान | • जेष्ट नागरिक को हुन् भनी प्रश्न गर्ने ?<br>• जेष्ठ नागरिकका संवैधानिक अधिकारको खोजी गर्न लगाई समूहमा छलफल गर्ने ।<br>• जेष्ठ नागरिकप्रति सम्मान पूर्ण सिपको विकास गर्ने ।<br>• स्थानीय गाउँ तथा समुदायमा जेष्ठ नागरिकप्रतिको आफ्नो भूमिका लेख्न लगाउने । | | • जेष्ठ नागरिकका को हुन् ?<br>• जेष्ठ नागरिकप्रति कस्तो व्यवहार गर्नु पर्छ ? |
| | | • सामाजिक समस्या नियन्त्रणका उपाय भन्न। | सामाजिक समस्याःमादक पदार्थ सेवन तथा लागु औषध दुर्व्यसन,यौन दुर्व्यवहारको परिचय र नियन्त्रणका उपाय | • सामाजिक समस्याका बारेमा छलफल गराई टिप्न र भन्न लगाउने ।<br>• चित्र चार्ट श्रव्यदृष्य आदिबाट सामाजिक समस्याहरूको बारेमा छलफल गर्ने ।<br>• मादक पदार्थ सेवन,लागु औषध दुर्व्यसन,यौन दुर्व्यवहारका बारेमा छलफल गर्ने ।<br>• यसले व्यक्ति,परिवार तथा समाजमा पनि असरका बारेमा छलफल गर्ने र बुँदा टिपोट गराउने ।<br>• यस्ता विकृति हटाउन सचेतना जगाउँने गीत, कविता, सडक, नाटक आदि कार्यक्रम गर्ने साथै कानुनी प्रावधानबारे जानकारी गराउने ।<br>• यसको नियन्त्रणमा व्यक्ति,परिवार र समुदायको भूमिका लेख्न लगाउने । | चित्र चार्ट श्रव्यदृष्य | • यौन दुर्व्यवहार भनेको केहो?<br>• सामाजिक समस्या भन्नाले के हो?<br>• सामाजिक समस्या समाधानमा बालक्लबको भूमिका उल्लेख गर्नुहोस्। |
| ५ | विपद् व्यवस्थापन | • विपद् जोखिम न्यूनीकरण गर्नका लागि | विपद् व्यवस्थापनमा सहभागिता | • विपद्का विभिन्न रूपहरू भिडियो तथा चित्रको माध्यमले देखाई छलफल गराउने । | भिडियो तथा चित्र | • विपद्का कारणहरू भन्नुहोस्।<br>• विपद् न्यूनीकरणका |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सामूहिक रूपमा सहभागी हुन। | | • विपद् न्यूनीकरणका लागि विद्यालय तथा समुदायले बनाएको कार्यक्रम, विपद् न्यूनीकरण सम्बन्धी चार्ट/बोर्डको माध्यमबाट छलफल गराउने ।<br>• विपद् पर्दा गरिने सामूहिक सहभागिताको अभिनय/अभ्यास गराउने ।<br>• विपद्जन्य घटनामा सहभागी गराई विपद् जोखिम न्यूनीकरण तथा उद्धार कार्यमा संलग्न गराउने । | | उपायहरू लेख्नुहोस्। |
| | | • स्थानीय स्तरमा भएका विपद् न्यूनीकरणमा संघ संस्था, गाउँपालिकाले गरेका प्रयासहरू बताउन । | विपद् न्यूनीकरणमा संघ संस्था, गाउँपालिकाले गरेका प्रयासहरू | • विपद् जोखिम न्यूनीकरणका लागि भएका प्रयासहरू बारे अवलोकन तथा वृतचित्र देखाउने ।<br>• विपद् न्यूनीकरणमा बित्थडचिर गाउँपालिका एवमं अन्तरगत सञ्चालित संघसंस्थाहरूले गरेका प्रयासहरूको बारेमा जानकारी दिने । | भिडियो वृतचित्र आदि | • पालिकामा सञ्चालनमा रहेका संघसंस्थाहरूको नाम सूचीकरण गर्नुहोस्। |
| ६ | हरित विद्यालय, दिगो विकास र वातावरण | • स्थानीय वातावरण संरक्षणका उपायहरू बताउन। | वातावरण संरक्षणका उपायहरू | • गाउँपालिका क्षेत्रमा रहेका वनहरूमा पाइने वनस्पति तथा वन्यजन्तु र चराहरूको संरक्षणको बारेमा समूहमा छलफल गरी तिनीहरूले वातावरणमा खेल्ने भूमिका स्पष्ट पार्ने ।<br>• चित्र/चार्टको माध्यमबाट वातावरण संरक्षणका उपाय सम्बन्धी स्पष्ट पार्ने । | चित्र/चार्ट | • वातारण भनेको केहो ?<br>• वातावरण संरक्षणका उपायहरू केके हुन्। |
| | | • दिगो विकासका लक्ष्यहरू प्रासिका लागि | दिगो विकासका लक्ष्यहरू प्रासिका लागि स्थानीय | • दिगो विकासका लक्ष्यहरू उल्लेखित चार्ट तथा सामग्री प्रदर्शन गर्ने।<br>• विद्यालय, समुदाय तथा स्थानीय स्तरबाट | दिगो विकासका लक्ष्य | • दिगो विकासका लक्ष्यहरू कति वटा छन्?<br>• दिगो विकासका लक्ष्य पुरा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | स्थानीय सरकारले गर्दै आएका कार्यहरू पहिचान गर्न। | सरकारका कार्यहरू | पुरा गर्न सकिने लक्ष्यहरू माथि छलफल गर्ने ।<br>• दिगो विकासका लक्ष्यहरू पुरा गर्नको लागि स्थानीय सरकारले गर्दै आएका प्रयासहरू माथि छलफल गर्ने । | अंकित चार्ट | गर्न स्थानीय सरकारले गरेका कामहरू उल्लेख गर्नुहोस्। |
| | | • हरित विद्यालय निर्माणमा बालक्लबको भूमिका उल्लेख गर्न। | हरित विद्यालय निर्माणमा बालक्लबको भूमिका | • विद्यालयमा गठित बालक्लबको भूमिका उल्लेखित चार्ट प्रस्तुत गर्ने ।<br>• हरित विद्यालयको अवधारणबारे छलफल विधिको माध्यमबाट प्रष्ट पारि हरित विद्यालय निर्माणमा बालक्लबको भूमिका बताउने र विद्यार्थीहरूलाई हरित विद्यालय निर्माणमा सहभागि गराउने । | विद्यालयमा गठित बालक्लबको हरित विद्यालय सम्बन्धी भूमिका उल्लेखित चार्ट | • हरित विद्यालय निर्माणमा बालक्लबको भूमिका उल्लेख गर्नुहोस् । |
| ७ | स्थानीय पेसा व्यवसाय र प्रविधि | • स्थानीय पेसाको प्रवर्धनमा पालिकाको भूमिका बताउन। | स्थानीय पेसाको प्रवर्धनमा गाउँपालिकाको भूमिका | • स्थानीय पेसा व्यवसाय प्रविधिको महत्व बारे जानकारी गर्ने।<br>• स्थानीय पेसाको प्रवर्धन गर्ने तरिकाको बारेमा छलफल गर्ने ।<br>• बित्थडचिर गाउँपालिकाले स्थानीय पेसा प्रवर्धनमा गरिरहेको र गर्नु पर्ने भूमिका समूहमा छलफल गर्ने र आवश्यक जानकारी दिने । | स्थानीय पेसा व्यवसाय प्रविधिको महत्व सम्मिलित सूची तालिका | • स्थानीय पेसा प्रवर्धनमा बित्थडचिर गाउँपालिकाको भूमिका बताउनुहोस्। |
| | | • स्थानीय उत्पादनमा जैविक मलको महत्व बताउन | स्थानीय उत्पादनमा जैविक मलको महत्व | • जैविक मलको परिचय दिई यसको उपयोगिताबारे छलफल गराउने।<br>• चार्टको माध्यमबाट जैविक मलको महत्वबारे स्पष्ट पार्ने। | | • जैविक मल भनेको के हो ?<br>• जैविक मलको महत्व बताउनु होस्। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • दैनिक जीवनमा प्रयोग हुने स्थानीय प्रविधिको महत्व र संरक्षणका उपाय बताउन । | दैनिक जीवनमा प्रयोग हुने स्थानीय प्रविधिको महत्व र संरक्षणका उपाय | • विद्यार्थीहरूलांई स्थानीय प्रविधि संरक्षणका उपायहरूबारे समूहमा छलफल गराउने ।<br>• स्थानीय प्रविधिको महत्व र प्रविधि संरक्षणका उपायहरूबारे जानकारी दिने साथै प्रविधि संरक्षणमा विद्यार्थी तथा समुदायको भूमिका बताई दिने ।<br>• परम्परागत रूपमा चलि लोप हुन लागेका स्थानीय प्रविधिको आधुनिकीकरण कसरी गर्न सकिन्छ ? छलफल गर्ने ।<br>• परम्परागत रूपमा चलेका स्थानीय प्रविधि भन्दा आधुनिकीकरण गरेका प्रविधिले बढी उत्पादन गरी फाइदा पुऱ्याउने भएकोले यस्ता प्रविधिको आधुनिकीकरण गर्नु पर्ने उपायहरू बताई दिने । | | • दैनिक जीवनमा प्रयोग हुने स्थानीय प्रविधिको संरक्षण उपायहरू बताउनुहोस् ।<br>• आधुनिकीकरण गरिएका र परम्परागत रूपमा चलेका प्रविधिहरू बिच तुलना गर्नुहोस्। |

# परिच्छेद : पाँच

## ५.१ सिकाइ सहजीकरण विधि तथा प्रक्रियाः

पाठ्यक्रमले तोकेका सक्षमता र सिकाइ उपलब्धि प्राप्तिका निम्ति उपयुक्त वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तुबिच सक्रिय अन्तर्क्रिया गर्ने विधि वा प्रक्रिया सिकाइ सहजीकरण हो । सिकाइ सहजीकरण प्रक्रिया उत्प्रेरित गर्ने, सहभागितामूलक र रूचिकर, सिकारू र सिकाइका विविधतालाई सम्मान गर्ने तथा समावेशी सिद्धान्तमा आधारित हुनुपर्छ । एउटै प्रकारको शिक्षण विधि कक्षा शिक्षणमा प्रभावकारी हुन नसक्ने भएकाले एउटै विषयवस्तुको शिक्षणसिकाइ गर्न विविध विधि अपनाउन सकिन्छ । स्थानीय पाठ्यक्रमको सिकाइ सहजीकरण प्रक्रिया स्थानीय परिवेशमा आधारित, विद्यार्थी केन्द्रित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ । आधारभूत शिक्षा (कक्षा १–८) को यो स्थानीय पाठ्यक्रम विभिन्न थिममा/विषयक्षेत्रमा आधारित भएकाले यसको सिकाइ सहजीकरण प्रक्रिया सिर्जनशीलता विकास गर्ने, सिकाइलाई व्यवहारमा प्रयोग गर्ने क्षमताको विकास गर्ने र स्थानीय परिवेशसँग अन्तर्क्रिया गरेर सिक्न प्रोत्साहन गर्ने क्रियाकलापलाई प्राथमिकता दिनुपर्दछ ।

प्रारम्भिक कक्षाहरूमा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्नेछ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्नेछ । यस पाठ्यक्रमको विषयवस्तु विस्तृतीकरण खण्डमा प्रत्येक विषयवस्तु शिक्षण गर्न अपनाउन सकिने सम्भावित विधि-क्रियाकलापहरू उल्लेख गरिएको छ । ती क्रियाकलापका अलावा शिक्षकले सहजीकरण गर्दा अन्य सान्दर्भिक विधि / क्रियाकलापहरू अपनाउन सक्नेछन् । 'हाम्रो बित्थचिर' शिक्षण गर्दा मूलतः देहायका सहजीकरण विधि अपनाउन उपयुक्त हुन्छः

(क) **कथाकथन एवम् गीतः**यस विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुत तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ ।

(ख) **स्रोत कक्षाः**यस विधिमा विभिन्न विषयवस्तु बारे जानकारी तथा अनुभव र विज्ञता भएका स्थानीय व्यक्तिलाई कक्षामा आमन्त्रण गरी विषयवस्तु सहजीकरण गर्ने कार्य गरिन्छ ।

(ग) **भूमिका निर्वाह/अभिनयः** यसमा विभिन्न विषयवस्तुसँग सम्बन्धित पात्र र चरित्रका बारे अभिनयका माध्यमबाट शिक्षण सिकाइ गरिन्छ ।

(घ) **समूह कार्य :** यसमा सामन्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।

(ङ) **छलफल र प्रश्नोत्तरः**यसमा शिक्षक-विद्यार्थी, विद्यार्थी-शिक्षक, विद्यार्थी-विद्यार्थी बिचमा प्रश्न र उत्तर गर्न सकिन्छ । प्रश्न गर्दा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै पनि विद्यार्थीलाई तोकेर उत्तरदिन लगाउने, उत्तर साम्रोसँग सुन्न र अन्तमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया प्रयोग गर्न सकिन्छ ।

(च) **प्रविधियुक्त कक्षा** : विभिन्न प्रविधिको प्रयोग जस्तै : मोबाइल, कम्प्युटर, प्रोजेक्टर मोबाइल आदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न सकिन्छ ।

(छ) **सिर्जनात्मक कार्यः** यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने, पटयाउने, सम्बन्ध स्थापना जस्ता कार्यहरूद्वारा सिकाइ गर्न सकिन्छ ।

(ज) **खेल विधि** : यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराईन्छ ।

(झ) **क्षेत्र भ्रमण** :यसमा विभिन्न स्थानीय क्षेत्रको भ्रमण गराई भूगोल, संस्कृति र अन्य पक्षबारे अनुभव लिईसिकेका कुरा छलफल तथा प्रत्यावर्तन गराईन्छ ।

(ञ) प्रदर्शन विधि : विषयवस्तुसँग सम्बन्धित तस्विर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गरिन्छ ।

### ५.२ विद्यार्थी मूल्याङ्कन प्रक्रिया (कक्षा १-३)

विद्यार्थी मूल्याङ्कनले विद्यार्थीका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्ग प्रस्तुत गर्नुपर्छ भन्ने दृष्टिकोणमा आधारित भई कक्षाकोठामा आधारित मूल्याङ्कन प्रक्रिया रणनीति तथा साधनहरू प्रयोग गर्नु आवश्यक छ । कक्षाकोठामा आधारित मूल्याङ्कनका लागि विभिन्न किसिमका साधनहरू प्रयोग गरेर विद्यार्थीको सिकाइको निरन्तर लेखाजोखा गरेर शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा अभ्यास गरी सिकाइ सुधारमा प्रयोग गरिन्छ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दुई चरणमा हुन सक्छः पहिलो चरणमा शिक्षण सिकाइको क्रममा निश्चित विषयवस्तु सिकाइ पश्चात गरिएको मूल्याङ्कनमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीको कठिनाइ क्षेत्र पत्ता लगाई सुधारात्मक क्रियाकलाप सञ्चालन गर्नु र दोस्रो चरणमा पटकपटकका सुधारात्मक क्रियाकलापबाट सिकाइ सुधार हुन नसकेका विद्यार्थीका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्छ ।

**आधारभूत तह कक्षा (१-३) को स्थानीय विषयवस्तु सम्बन्धी कार्यकलापको पहिचान नियमित मूल्याङ्कनका लागि देहायका मूल्याङ्कनका तरिका र साधन प्रयोग गर्न सकिन्छ ।**

| क्र.सं. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन |
|---|---|---|
| १ | अवलोकन | रूजु सूची, रूब्रिक्स, श्रेणी मापन, मौखिक प्रश्न |
| २ | मौखिक कार्य | प्रश्न, चित्र,पठन सामग्री, सन्दर्भ सामग्री |
| ३ | लिखित कार्य | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रब्य तथा दृश्य सामग्री |
| ४ | परियोजना तथा प्रयोगात्मक कार्य | रूजु सूची, रूब्रिक्स, श्रेणी मापन, मौखिक प्रश्न |
| ५ | कार्य सम्पादन तथा प्रदर्शन | रूजु सूची, श्रेणी मापन, फाराम |
| ६ | सहपाटी मूल्याङ्कन | रूजु सूची, श्रेणी मापन, फाराम |
| ७ | स्व-मूल्याङ्कन | रूजु सूची, श्रेणी मापन, फाराम |
| ८ | अभिभावकको प्रतिक्रिया | रूजु सूची, श्रेणी मापन, फाराम |
| ९ | कुराकानी छलफल | रूजु सूची, श्रेणी मापन, फाराम |

आधारभूत तह (कक्षा १-३) मा विद्यार्थी मूल्याङ्कनका साधन प्रयोग, अभिलेखीकरण तथा प्रयोग सम्बन्धी मार्गदर्शनः-

**मूल्याङ्कन गर्ने तरिकाः-**

- प्रत्येक विद्यार्थीले प्रत्येक विषयक्षेत्रको सिकाइ उपलब्धिमा के कति उपलब्धि हाँसिल गरे भनी मूल्याङ्कनका उपयुक्त साधन प्रयोग गरी परीक्षण गरेर यकिन गर्नुपर्छ ।
- विद्यार्थीको उपलब्धि स्तरलाई १ देखि ४ स्तरमा रेटिङ गरी विषयक्षेत्रअनुसारको सिकाइ उपलब्धिमा अभिलेखित गर्नुपर्छ ।

- उल्लेखित मूल्याङ्कनका साधन तथा तरिकामध्ये उपयुक्त साधन तथा तरिका प्रयोग गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरेर उपलब्धि स्तरलाई निम्नानुसार रेटिङ् गर्नुपर्छ ।

| उपलब्धि स्तर | मापन | उपलब्धि स्तरको सामान्य व्याख्या |
|---|---|---|
| **कमजोर** **(Below Basic)** | १ | मुख्य सिकाइ उपलब्धि हाँसिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यकता भएको |
| **सामान्य** **(Basic)** | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हाँसिल गरेको तर सिकाइ आवश्यकता भएको |
| **राम्रो** **(Proficient)** | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हाँसिल भएको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| **उच्च** **(Advanced)** | ४ | मुख्य सिकाइ उपलब्धि हाँसिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हाँसिल भएको |

सिकाइ स्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी कम्तीमा उपलब्धि स्तर ३ पुर्याउने प्रयास गर्नुपर्छ । यदि पटकपटकको प्रयास पछि कुनै विद्यार्थीको उपलब्धि स्तर सुधार हुन नसकेमा यसको कारण खोजी उपचारात्मक सिकाइको योजना बनाउनु पर्छ भने अन्यलाई अग्रीम सिकाइमा सरिक गराउनु पर्छ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धि स्तर निर्धारण गरेर पुनः अभिलेखीकरण गर्नुपर्छ ।

विषयक्षेत्र तथा थिम अन्तरगतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नानुसार निकाल्नु पर्दछ ।

**क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशतः** $= \dfrac{\text{उपलब्धि स्तरको अङ्कको जोड}}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरुको सङ्ख्या}} \times १००$

**उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नानुसार प्रस्तुत गर्नुपर्ने छ ।**

| उपलब्धि प्रतिशत | स्तरिकृत अङ्क | अक्षरमा उपलब्धि स्तर | उपलब्धि स्तरका व्याख्या |
|---|---|---|---|
| ९० र सो भन्दा माथि | ४.० | $A^+$ | सर्वोत्तम |
| ८० र सो भन्दा माथि ९० भन्दा कम | ३.६ | A | अतिउत्तम |
| ७० र सो भन्दा माथि ८० भन्दा कम | ३.२ | $B^+$ | उत्कृष्ट |
| ६० र सो भन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम |
| ५० र सो भन्दा माथि ६० भन्दा कम | २.४ | $C^+$ | सन्तोषजनक |
| ४० र सो भन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य |
| ३५ र सो भन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत |
| ३५ भन्दा कम | - | NG | अवर्गीकृत |

कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धि स्तरको अङ्कका आधारमा विद्यार्थीको विषयगत / क्षेत्रगत समग्र उपलब्धि स्तर निर्धारण गर्न सकिन्छ ।

$$\text{विषयगत / क्षेत्रगत समग्र उपलब्धि प्रतिशत} \frac{\text{उपलब्धि स्तरको अङ्कको जोड}}{\text{४} \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरुको सङ्ख्या}} \times \text{१००}$$

**विद्यार्थी मूल्याङ्कनका आधारः**

प्रत्येक सिकाइ उपलब्धिमा ४ ओटा सूचक निर्धारण गरिएको हुनाले पूरा गरेको सूचक अनुसारको अङ्क प्रदान गर्नुपर्छ । सिकाइ उपलब्धि मूल्याङ्कन गर्दा प्रयोग गरिएका साधन कैफियत महलमा उल्लेख गर्नुपर्छ । मूल्याङ्कनका लागि अवलोकन, मौखिक प्रश्नोत्तर, लिखित कार्य, कक्षा कार्य, गृहकार्य, छोटा कक्षा परीक्षा, परियोजना कार्य मध्ये कुनै एक वा अन्य कुनै साधन प्रयोग गर्न सकिन्छ ।

**विद्यार्थी मूल्याङ्कन प्रक्रियाः (कक्षा ४-८)**

विद्यार्थीले प्राप्त गरेका ज्ञान, सिप, क्षमता र अभिवृत्तिको लेखाजोखा गर्दै आवश्यकता अनुसार सुधारात्मक सहयोग उपलब्ध गराउने र अपेक्षित उपलब्धि प्राप्तिका लागि शिक्षण सिकाइमा निरन्तर सुधार गर्ने प्रक्रियालाई मूल्याङ्कन भनिन्छ । विद्यार्थीको मूल्याङ्कन निर्माणात्मक र निर्णयात्मक दुबै तरिकाले गरिने भएपनि कक्षाकोठामा शिक्षकले गर्ने मूल्याङ्कन सिकाइका लागि केन्द्रित हुने भएकाले निर्माणात्मक हुनु पर्दछ । परीक्षालाई मात्र मूल्याङ्कनको साधन नठानी निरन्तर मूल्याङ्कनलाई पनि समावेश गरी विद्यार्थीको लेखाजोखा गरिनु पर्दछ ।
कक्षा ४-८ मा ५०% निरन्तर मूल्याङ्कन र ५०% आवधिक परीक्षा गरिने छ । निरन्तर मूल्याङ्कन गर्दा निम्न मापदण्ड राखी मूल्याङ्कन गर्नुपर्ने छ ।

- सहभागिता
- लिखित परीक्षा
- सिर्जनात्मक कार्य
- हाजिरी
- प्रयोगात्मक तथा परियोजना कार्य
- व्यवहार परिवर्तन

मूल्याङ्कन निर्माणात्मक र निर्णयात्मक दुवै उद्देश्यले गरिने भए पनि प्रारम्भिक कक्षाहरूमा निर्माणात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गर्नुपर्नेछ । कक्षाकोठामा शिक्षकले गर्ने विद्यार्थी परीक्षण तथा मूल्याङ्कन मूलतः सिकाइका लागि केन्द्रित हुने भएकाले निर्माणात्मक प्रकृतिको हुनुपर्दछ ।

क) कक्षाकार्य, गृहकार्य, प्रश्नोत्तर, छलफल, प्रयोगात्मक कार्य, सामूहिक कार्य, परियोजनातथा प्रयोगात्मक कार्य, सिर्जनात्मक कार्य, उपलब्धि परीक्षा, हाजिरी, अनुशासन, सहपाठी मूल्याङ्कनर स्वमूल्याङ्कन अभिभावकको व्यवहार परिवर्तनको अवलोकन आदि मार्फत विषयको प्रकृति र स्वरूपअनुसार विद्यार्थीको नियमित रूपमा मूल्याङ्कन गर्न सकिन्छ ।

ख) विद्यार्थी मूल्याङ्कन गर्दा कक्षा १–३ मा पूर्ण रूपमा निरन्तर मूल्याङ्कन पद्धति अवलम्बन गरिने छ । सुधारात्मक मूल्याङ्कन पद्धतिको आधारमा सिकाइ उपलब्धि प्राप्त गर्न बालबालिकाहरूलाई सिकाइको अवसर प्रदान गरिने छ ।

ग) कक्षा १-३ का विद्यार्थीहरूको निरन्तर मूल्याङ्कनका लागि आधारभूत तह १-३ को पाठ्यक्रममा तोकिए बमोजिमका सम्भाव्य तरिका तथा साधनहरू प्रयोग गरीविद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या गरेर नतिजा अभिलेखीकरण गर्नुपर्ने छ ।

घ) आधारभूत तह पाठ्यक्रम अनुसार स्थानीय विषयको लागि पनि कक्षा ४-८ त्रैमासिक र वार्षिक परीक्षा गर्नु पर्ने छ । आन्तरिक मूल्याङ्न गर्दा निम्नानुसारको कार्य गर्नु पर्ने हुन्छः

- आन्तरिक मूल्याङ्कनमा सहभागिता वापत ४,प्रयोगात्मक तथा परियोजना कार्यवापत ३६, त्रैमासिक परीक्षा बाट प्राप्त १० अंक
- त्रैमासिक परीक्षाको लागि ५० अंकमा परीक्षा लगि १० मा रूपान्तरण गर्ने
- वर्गान्तर विद्यार्थीले पाएको जम्मा अंकभारलाई ग्रेडमा उल्लेख गर्ने

**शिक्षण सिकाइको लागि माध्यम भाषाको छनौट** :

यस बित्थडचिर गाउँपालिकामा विभिन्न जातजाति र सांस्कृतिक पृष्ठभूमि भएका मानिसहरूको बसोबास रहेको छ । समुदायमा भाषागत समस्या पर्ने भएकोले शिक्षण सिकाइमा स्थानीय समुदायमा बोलिने भाषा प्रयोग गरी सिकाइ क्रियाकलाप सञ्चालन गरिएमा सिकाइ प्रभावकारी हुनेछ ।

**पाठ्यक्रम मूल्याङ्कन, परिमार्जन र सुधारः**

पाठ्यक्रम एक गतिशील प्रक्रिया हो । विकास गरिएको कुनै पनि पाठ्यक्रमको कार्यान्वयन प्रारम्भ भएपछि प्राप्त हुने पृष्ठपोषणका आधारमा सुधार तथा परिमार्जन गर्ने कार्य निरन्तर हुने गर्दछ । कुनै पनि पाठ्यक्रमको विकास निश्चित मूल्य तथा मान्यतामा आधारित भई पाठ्यक्रमका वर्तमान सन्दर्भलाई विश्लेषण गरेर सोही अनुरूप गरिएको हुन्छ । यस्ता सन्दर्भमा आएका परिवर्तनले स्वाभाविक रूपमा पाठ्यक्रममा परिमार्जनको आधार सिर्जना गर्दछन् ।
पाठ्यक्रम मूल्याङ्कन, परिमार्जन र सुधार निरन्तर प्रक्रिया हो । परीक्षण पश्चात् लागु भएको पाठ्यक्रममा सामान्य सुधार तथा अध्यावधिक निरन्तर रूपमा हुने गर्दछ, कार्यान्वयन पश्चात आवश्यकता अनुसारपुनरावलोकन गरिने छ भने कार्यान्वयन भएको दश वर्षमा पाठ्यक्रम कार्यान्वयनको मूल्याङ्कन गरी त्यसका आधारमा आवश्यक परिमार्जन गर्न सकिने छ ।

# अनुसूची – १

## आधारभूत तह (कक्षा १–३) मा विद्यार्थी मूल्याङ्कनका साधनको प्रयोग, अभिलेखीकरण तथा प्रयोग सम्बन्धी मार्गदर्शन

विद्यार्थी मूल्याङ्कन गर्नुको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ सुधार गर्नु भएकाले मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा विकास तथा प्रयोग गर्नु पर्ने आवश्यकता रहेको स्पष्ट पारेको छ । त्यसमा मूल्याङ्कनका सम्भाव्य विधि, प्रक्रिया, तरिका तथा साधनहरू उल्लेख गरिएको छ । उल्लेखित उद्देश्य प्राप्तिका लागि मूल्याङ्कन विधि, प्रक्रिया, तरिका तथा नतिजाको अभिलेखीकरण सम्बन्धी  तरिका तथा साधन र तिनको प्रयोग गर्ने तरिका विषयक्षेत्रगत रूपमा समावेश गरिएको छ ।

**मूल्याङ्कन गर्ने तरिकाः**

१. प्रत्येक विद्यार्थीले प्रत्येक विषयक्षेत्रका सिकाइ उपलब्धिमा के कति उपलब्धि हाँसिल गरे भनी मूल्याङ्कनका उपयुक्त साधन प्रयोग गरी परीक्षण गरेर यकिन गर्नु पर्छ ।
२. विद्यार्थीको उपलब्धिस्तरलाई तलको तालिका अनुसार १ देखि ४ स्तरमा रेटिङ गरी विषय क्षेत्र अनुसारको सिकाइ उपलब्धिको अभिलिखित गर्नु पर्छ ।

**विद्यार्थीको उपलब्धि स्तर र त्यसको सामान्य व्याख्याः**

| उपलब्धि स्तर | मापन | उपलब्धि स्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर(Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हाँसिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको । |
| सामान्य(Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हाँसिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको । |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हाँसिल गरेको |
| उच्च (Advanced) | ४ | माथिल्लो स्तरको उपलब्धि हाँसिल गरेको । |

कुनैपनि विद्यार्थीको पटक पटकको सुधारात्मक सिकाइबाट पनि सिकाइ स्तर १ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुन सक्छ । उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि माथिल्लो उपलब्धि हाँसिल गर्ने अवसर प्रदान गरिनु पर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुऱ्याउनु अपेक्षित छ ।

# अनुसूची २

**विद्यार्थीको व्यक्तिगत विवरण**

१. विद्यार्थीको वैयक्तिक तथा पारिवारिक विवरणः

(क) विद्यालयको नाम ..................................

(ख) ठेगानाः ........................

(ग) विद्यार्थीको नामः .................

(घ) जन्म मिति ................................

(ङ) विद्यार्थीको घरको ठेगानाः ..........................

(च) पारिवारिक विवरण

(अ) आमाको नामः ........................पेसा.............सम्पर्क नं .......................

(आ) बाबुको नामः ........................पेसाः सम्पर्क नं ....................

(छ) बाबुआमाबाहेक अरू कसैले अभिभावकत्व लिएको भएमा स्थानीय अभिभावकको:

(अ) नाम ...........................पेसा .................. सम्पर्क नं .....................

(आ) विद्यार्थीको नाता ...................

(ज) विद्यालय भर्ना मिति र कक्षा ...................

(झ) मातृभाषा, घरपरिवारमा बोलिने भाषा र अन्य भाषिक क्षमताः .....................

(ञ) अघिल्लो अनुभव

(अ) कक्षा १ भर्ना भएको भए प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव भए नभएको

..............................................................................................................................................

(आ) अन्य कक्षामा भर्ना भएको भए अन्य विद्यालयको अनुभव ................................................

**स्वास्थ्य सम्बन्धी विवरण**

(क) तौल र उचाइः

| मिति | तौल (के.जी.मा) | उचाइ (से.मि.मा) | प्रतिक्रिया (यदि छ भने) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

(ख) कुनै विशेष रोग भएमा सोबारे टिपोटः ..........................................................................................

(ग) कुनै अपाङ्गता भए सोबारे विवरणः..................................................................................................

(घ) अन्य कुनै विवरण उल्लेख गर्न आवश्यक भए ..........................................................................